सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ साउन २०८०, मंगलबार (8 Aug 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ११७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

सामाखुसी खोलाको स्ल्याब हटाएर करिडोर बनाइँदै



वसुन्धरादेखि म्हैपीसम्म बग्ने करिब तीन किलोमिटर सामाखुसी खोलामाथि स्थानीयले अवैध रूपमा लगाएको स्ल्याब निकाल्न महानगरले दैनिक २२ जना नगर प्रहरी खटाउँदै आएको छ।

(विस्तृत पृष्ठ २)

२५ हजार रियाल तिर्न नसक्दा खजुराका चन्द साउदीमा अलपत्र

स्वदेश फिर्ताका लागि सहयोग गरिदिन पत्नी अजिताको अपिल



कुवेर चन्द

'तलब दुई हजार रियालबाट एक हजारमा झारेपछि उहाँ(श्रीमान्)ले सुरुको कम्पनी छाडेर अन्यत्र काम गर्न थाल्नुभएछ। त्यहाँबाट दुई महिनाको तलब लिन बाँकी छ भन्नुहुन्थ्यो। तर, उल्टै कम्पनीले २५ हजार रियाल तिर्न बाँकी रहेको भनेर त्यहाँको सरकारलाई उजुरी दिएको रहेछ। ऋण, सापट गरेर भए पनि तीन-चार लाख रुपैयाँ पठाउँछु भनेको थिएँ। उहाँले १४-१५ लाख रुपैयाँ हो भनेपछि स्तब्ध भएँ। यति ठूलो रकम तिर्न नसक्ने भएपछि उतै अलपत्र पर्नुभएको छ।'

(विस्तृत पृष्ठ ३)

प्रबुद्ध व्यक्ति समूहको फन्दा !



भीम रावल

अग्रलेख

(पृष्ठ ६)

नागढुंगा सुरुङमार्ग आपत्कालीन उद्धार सुरुङको ब्रेक थ्रु, डिसेम्बरभित्र मुख्य टनेल पनि छेडिने



२०२५ को जनवरीमा आयोजना सञ्चालनमा ल्याउने लक्ष्य, २६ सय ८८ मिटर लामो सुरुङ अब ५०२ मिटर मात्रै खन्न बाँकी

(विस्तृत पृष्ठ ९)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

ललितानिवास प्रकरणमा पूर्वप्रधानमन्त्री नेपाल र भट्टराईसँग बयान लिने सिआइबीको तयारी

अनुसन्धानमा सघाउने प्रतिबद्धता



माधव नेपाल, पूर्वप्रधानमन्त्री

सबै प्रकारका भ्रष्टाचार एवं अनियमितताको निष्पक्ष छानबिन गरी दोषीउपर कडा कारबाही हुनुपर्छ र मुलुकमा सुशासन कायम गर्नुपर्छ भन्ने कुरामा दृढ मान्यता रहेको छ।



बाबुराम भट्टराई, पूर्वप्रधानमन्त्री

ललितानिवास प्रकरणमा सम्मानित सर्वोच्च अदालतले दिएको निर्देशनअनुरूप छानबिन भएमा त्यसमा पूर्ण रूपले सहयोग गर्न मेरो प्रतिबद्धता रहेको छ।



चन्द्रदेव जोशी, पूर्वमन्त्री

देशमा नासुरको रूपमा रहेको भ्रष्टाचार मेटियोस् भन्ने मेरो चाहना र अपेक्षा हो। लगातार त्यसैतर्फ मेरो राजनीतिसमेत लक्षित हुँदै आएको छ। अनुसन्धान निकायलाई मेरो पूरा सहयोग रहनेछ।

नवराज मैनाली/नयाँ पत्रिका

सर्वोच्च अदालतको पछिल्लो आदेशसँगै ललितानिवास जग्गा हिनामिनाको अनुसन्धान उच्चपदस्थमाथि केन्द्रित भएको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईसँग पनि बयान लिने तयारी गरेको छ।

सर्वोच्चले आइतबार मन्त्रिपरिषद्का निर्णय तथा निर्णयकर्तामाथि पनि अनुसन्धान आदेश दिएको थियो। सोहीअनुसार पूर्वप्रधानमन्त्रीहरूको बयान लिने तयारी भएको हो। 'अदालतको आदेशमाथि परामर्श गरिरहेका छौं,' सिआइबीका एक उच्च अधिकारीले भने, 'बयान सबैको लिनुपर्छ भन्ने छ, मुद्दा दायरको हकमा संलग्नताअनुसार निर्णय हुन्छ।'

सर्वोच्चको आदेशपछि सोमबार महान्यायाधिवक्ता डा. दीनमणि पोखरेल र प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरलगायतका अधिकारीबीच उच्चपदस्थको बयान लिने र थप प्रमाण खोज्ने विषयमा छलफल भएको थियो। सिआइबीले हाल लिखत किर्तेमा संलग्नमाथि अनुसन्धान केन्द्रित गरेको छ। लिखत किर्ते गरी मन्त्रिपरिषद्लाई झुक्याएको अहिलेसम्मको सिआइबी अनुसन्धानको निष्कर्ष छ। त्यसमा तत्कालीन मन्त्रीसम्मका व्यक्तिको संलग्नता देखिएको

» पृष्ठ ११ मा क्रमशः

■ सय किलो सुन तस्करी प्रकरण

अनुसन्धानका लागि सिआइबीमै विशेष कार्यालय, एसपीको नेतृत्वमा विशेष टोली गठन



राजस्वले बरामद गरेको करिब एक क्विन्टल सुन। फाइल तस्बिर

टेकराज थामी/नयाँ पत्रिका

सय किलो सुन तस्करी प्रकरणमा पक्राउ अभियुक्तविरुद्ध हालसम्म राजस्व चुहावटअन्तर्गत अभियोगमा मात्रै अनुसन्धान भएकोमा अब अवैध सुन चोरी-पैठारी तथा संगठित अपराधअन्तर्गत अनुसन्धान हुने भएको छ। राजस्व अनुसन्धान विभागबाट कागजातसहित अभियुक्तको जिम्मा लिएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले 'विशेष कार्यालय' नै खोलेर एसपी सञ्जयसिंह थापाको नेतृत्वमा विशेष टोली गठन गरी अनुसन्धान गर्न लागेको हो।

सिआइबी परिसरमै खोलिने 'विशेष कार्यालय'मा अनुसन्धानका लागि आवश्यक सम्पूर्ण उपकरण जडान गरिँदै छ। दोस्रो तलामा रहने कार्यालयमा उक्त घटनाको अनुसन्धानसँग सम्बन्धितबाहेकका प्रहरी अधिकारीलाई प्रवेश निषेध गरिनेछ। पक्राउ अभियुक्तविरुद्ध सिआइबीले सोही कार्यालयस्थित 'विशेष कोठा'मा राखेर केरकार

» पृष्ठ ११ मा क्रमशः

■ यस्तो हुनेछ विशेष कार्यालय

सिआइबी परिसरमै खोलिने 'विशेष कार्यालय'मा अनुसन्धानका लागि आवश्यक सम्पूर्ण उपकरण जडान गरिँदै छ। दोस्रो तलामा रहने कार्यालयमा उक्त घटनाको अनुसन्धानसँग सम्बन्धितबाहेकका प्रहरी अधिकारीलाई प्रवेश निषेध गरिनेछ। पक्राउ अभियुक्तविरुद्ध सिआइबीले सोही कार्यालयस्थित 'विशेष कोठा'मा राखेर केरकार गर्नेछ र अनुसन्धान प्रतिवेदन तयार गर्नेछ। एसपी थापा नेतृत्वको विशेष टोलीले मंगलबारबाट अनुसन्धान थाल्ने तयारी छ।

घटनाको कोर एरियामा पुगेर तथ्य बाहिर ल्याउँछौं



● **एआइजी किरण बज्राचार्य**, प्रमुख, सिआइबी

अभियुक्तविरुद्ध अनुसन्धानका लागि जिल्ला अदालत काठमाडौंले सोमबार नै सात दिनको म्याद थपिदिएको छ। अनुसन्धानको फाइल मंगलबारबाट खोलिन्छ। अन्यमा भैं प्रहरीले यस घटनामा पनि व्यावसायिक ढंगले अनुसन्धान गर्नेछ। घटनाको 'कोर एरिया'सम्म पुगेर तथ्य बाहिर ल्याउन प्रहरीको कोसिस रहनेछ।

■ हालसम्म १८ आरोपी पक्राउ, विभिन्न गोदाममा छापा

यो प्रकरणमा हालसम्म १८ जना पक्राउ गरिएका छन्। पक्राउ पर्नेमा १४ नेपाली, एकजना चिनियाँ, एक भारतीय र एक तिब्बती मूलका बेल्जियमका नागरिक छन्। नेपालीहरूमा भन्सार एजेन्ट राजेन्द्र राई र ट्याक्सीचालक अशोक लामा, रेडी ट्रेडका सञ्चालक दिलीप भुजेल, रामकुमार भुजेल, हर्कराज राई, कार्गो सञ्चालकहरू कृष्णकुमार श्रेष्ठ, पुष्कर भट्ट, राजन श्रेष्ठ छन्। त्यस्तै, भन्सार कार्यालयका भन्सार अधिकृत सन्तोष चन्द, खरिदार कुमार ढकाल, एक्सरेमा खटिएका सरोज श्रेष्ठ, भन्सार एजेन्टहरू यादवशंकर पराजुली, सुदर्शन गौतम, सुरेन्द्र तामाङ र रुक्मिना सुब्बा पनि पक्राउ परेका छन्। त्यस्तै, तिब्बती मूलका भारतीय नागरिक थाप्तेन छिरिङ, चिनियाँ नागरिक जिक्वान लिन र तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङ छन्। उनीहरूलाई पनि विभागले प्रहरीको जिम्मा लगाएको छ। विभागले टोखा, लाजिम्पाट, सोह्रखुट्टे, बालुवाटारका विभिन्न गोदाममा छापा हानेर जफत गरेका सामग्री प्रहरीको जिम्मा लगाएको छ।

अनुदानको मल प्रतिकेजी १० देखि १५ रुपैयाँसम्म बढी मूल्यमा बिक्री

पोखराका दुई सहकारीलाई २० हजार जरिवाना, मल जफत गरी अनुमतिपत्र खारेज

कास्कीमा **रोहितराज पराजुली**

अनुदानको रासायनिक मल बढी मूल्यमा बिक्री गर्ने पोखराका दुई सहकारी कारबाहीमा परेका छन्। कारबाहीमा पर्नेमा पोखरा- १० मा रहेको अमरसिंह कृषि सहकारी र पोखरा- ८ स्थित शिवालय चोकमा रहेको उपभोक्ता सहकारी संघ छन्। अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ र उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार दुई सहकारीलाई कारबाही गरिएको हो।

बढी मूल्य लिएर अनुदानको मल बिक्री गरेको भन्ने गुनासो आएपछि पोखरा महानगरपालिकाकी उपप्रमुख मञ्जुदेवी गुरुङको नेतृत्वमा कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकाल, कृषि सामग्री कम्पनी लिमिटेड पोखराका प्रमुख ठाकुरप्रसाद बास्तोला र महानगर कृषि महाशाखा प्रमुख मनहर कडरियासहितको टोलीले आइतबार बजार अनुगमन गर्ने क्रममा बढी

» पृष्ठ ११ मा क्रमशः



उपभोक्ता सहकारी संघमा अनुगमन गर्दै पोखरा महानगरकी उपप्रमख मञ्जुदेवी गुरुङसहितको टोली

■ देशभर फैलिँदै आँखा पाक्ने रोग

दैनिक चार हजारभन्दा बढीमा संक्रमण

कैलालीको गेटा आँखा अस्पतालमा मात्रै पुग्छन् दैनिक चार सयभन्दा बढी बिरामी, काठमाडौंका तीन आँखा अस्पतालमा करिब दुई सय ५० संक्रमित

बाँकेमा **विश्वराज पछ्लडङ्गया**, पोखरामा **रोहितराज पराजुली**, भरतपुरमा **विवेक पोखेल**, तनहुँमा **उपेन्द्र खनाल**, धनकुटामा **सन्तोष रुचाल** र काठमाडौंमा **शिवहरि घिमिरे**

देशभरका आँखा अस्पतालहरूमा आँखा पाकेर आउने बिरामीको भिड बढ्न थालेको छ। पश्चिम तराईका जिल्ला कैलाली र कञ्चनपुरमा साउन लागेसँगै सुरु भएर अहिले भयावह बनिरहेको आँखा पाक्ने रोग संघीय राजधानी काठमाडौंसँगै देशभर फैलिरहेको छ। संक्रमण नियन्त्रणका लागि कतिपय जिल्लामा स्कुलहरू नै बन्द गरिएका छन्।

धनगढीको गेटा आँखा अस्पतालमा दैनिक ६ देखि सात सय आँखासम्बन्धी बिरामी आउने गरेकामा ७० प्रतिशत अर्थात् चार सयभन्दा धेरैमा आँखा पाक्ने समस्या देखिएको उक्त अस्पतालका बाह्य व्यवस्थापक रमेशचन्द्र भट्टले बताए। त्यस्तै, महेन्द्रनगर आँखा अस्पतालमा दैनिक सयदेखि डेढ सयसम्म आँखा पाक्ने समस्या भएका बिरामी आउने गरेको अस्पताल प्रमुख डा. खगेन्द्र उप्रेतीले बताए। सुदूरपश्चिमका अन्य जिल्लामा पनि

» पृष्ठ ११ मा क्रमशः



गेटा आँखा अस्पतालमा आँखा जचाउन लामबद्ध सर्वसाधारण

तिलगंगा आँखा प्रतिष्ठानकी आँखारोग विशेषज्ञ **अनु मानन्धरलाई प्रश्न**

के कारण फैलिँदै छ आँखा पाक्ने रोग, कसरी जोगिने ?



आँखा पाकेको व्यक्तिको चिप्रा वा थुकको माध्यमबाट एडिनो भाइरसले अन्य व्यक्तिमा संक्रमण फैलाउँछ। कुनै वस्तु छोइसकेपछि हात धुनुपर्छ। आँखालाई हातले छोइराख्नु हुँदैन। संक्रमित व्यक्तिले रुमालको प्रयोग गर्ने, सामाजिक दूरी कायम राख्ने गर्नुपर्छ। चिकित्सकको सुझावअनुसार औषधोपचार गर्नुपर्छ। तर, कतिपयले जथाभावी एन्टिबायोटिक प्रयोग गर्ने भेटिएको छ। यसो गर्दा झन् ठूलो क्षति निम्तिन सक्छ। बरु, आँखा शीतल पार्ने ड्रप (कृत्रिम आँसु) भने प्रयोग गर्न सकिन्छ।



सामाखुसी खोलाको स्ल्याब हटाएर करिडोर बनाइँदै

शान्ति तामाङ/नयाँ पत्रिका



काठमाडौं महानगरपालिकाले सामाखुसी खोलामा लगाएको स्ल्याब हटाएर करिडोरका रूपमा विस्तार गर्ने भएको छ। स्थानीयले खोला छोप्ने गरी अवैध रूपमा स्ल्याब हालेपछि महानगरले केही दिनदेखि स्ल्याब भत्काइरहेको छ। स्ल्याब हटाइसकेपछि यहाँ करिडोर बनाउने महानगरको योजना छ।

स्थानीयले अवैध रूपमा बनाएको स्ल्याबबाट खसेर ७ साउनमा सामाखुसीका साजन मगर बेपत्ता भएका थिए। उनलाई ११ दिनपछि कीर्तिपुरबाट मृत अवस्थामा स्थानीयले फेला पारी प्रहरीलाई खबर गरेका थिए। त्यसयता स्ल्याब हटाउने कार्यलाई झन् तीव्र बनाएको महानगरले जनाएको छ। महानगरका प्रवक्ता नवीन मानन्धरका अनुसार सामाखुसी खोलामा भएको स्ल्याब निकालेर करिडोरमा विस्तार गरिनेछ।

'हामीले साउन लागेसँगै स्ल्याब खोल्न थालेका हौं। यहीबीचमा स्थानीय बालक साजन मगर खोलामा खसेर बेपत्ता भए। उनलाई मृत्यु अवस्थामा फेला परेपछि यो कामलाई थप तीव्र पारेका छौं,' प्रवक्ता मानन्धरले भने, 'वसुन्धरा चौकी, रानीबारी हुँदै रेडन पुलसम्मको स्ल्याब हटाइसकिएको छ। पानी परिरहेका कारण काममा अलि डिस्टर्ब भइरहेको छ।' महानगरले १ साउनदेखि नै सामाखुसी खोलामाथि लगाइएको स्ल्याब हटाउन थालेको थियो।

● नवीन मानन्धर
प्रवक्ता, काठमाडौं महानगर



साउन पहिलो सातादेखि नै सामाखुसी खोलामाथि लगाइएको अवैध स्ल्याब खोल्न थालेका हौं। यहीबीचमा स्थानीय बालक साजन मगर खोलामा खसेर बेपत्ता भए। उनलाई मृत अवस्थामा फेला परेपछि यो कामलाई थप तीव्र पारेका छौं। वसुन्धरा चौकी, रानीबारी हुँदै रेडन पुलसम्मको स्ल्याब हटाइसकेका छौं। पानी परिरहेका कारण काममा अलि डिस्टर्ब भइरहेको छ। स्ल्याब हटाइसकेपछि करिडोर विस्तार सुरु हुन्छ।

■ खोलाको दायाँ-बायाँ हरियाली कायम गरिने

खोलामाथि लगाएको स्ल्याब निकाल्न महानगरले दैनिक २२ जना नगर प्रहरी खटाउँदै आएको छ। स्ल्याब हटाइसकेलगत्तै त्यस क्षेत्रलाई करिडोरका रूपमा विस्तार गरेर हरियाली कायम गरिनेछ। 'अहिले वर्षाको सिजन भएकाले स्ल्याब हटाउन गाह्रो भइरहेको छ। यसपछि करिडोर विस्तारको काम सुरु हुन्छ,' प्रवक्ता मानन्धरले भने। वसुन्धरादेखि म्हेपीसम्म बग्ने करिब तीन किलोमिटर सामाखुसी खोलामाथि निर्माण भएको स्ल्याब हटाउन थालिएको हो।

महानगरले स्ल्याब हटाउन थालेपछि यस क्षेत्रमा दैनिकजसो स्थानीयले विरोध गरिरहेका छन्। उनीहरूले महानगरले यस क्षेत्रमा घरटहरा बनाउन पहिला किन अनुमति दिएको भन्दै प्रश्न गर्ने गरेका छन्। खोलामाथि स्ल्याब हालेर स्थानीयले खोलासँगै जोडेर घरहरू बनाएका छन्। महानगरले स्ल्याब भत्काएपछि कतिपय स्थानीयको घरभित्र जान-आउनसमेत समस्या भएको छ। महानगरले भने अवैध रूपमा बनाएका संरचना हटाउने अडान लिएको छ।

यौनजन्य हिंसापीडितले ओसिएमसीबाटै सेवा लिन सक्ने

काठमाडौं/ यौनजन्य हिंसापीडितले एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी)बाट सेवा लिन सक्ने भएका छन्। हिंसाजन्य घटनामा परेकाहरूको उपचार, प्रशासनिक कारबाही प्रक्रिया, कानुनी सहायताजस्ता सबै सेवा एकै ठाउँमा उपलब्ध गराउने गरी काठमाडौंका पाँच अस्पतालमा ओसिएमसी सेवा उपलब्ध छन्।

कान्ति बाल अस्पताल, परोपकार स्त्री तथा प्रसूति रोग अस्पताल, टूमा सेन्टर, वीर अस्पताल र शुक्रराज टूपिकल तथा सरुवा रोग अस्पताल टेकुमा यस्ता केन्द्र सञ्चालनमा छन्। काठमाडौंका पाँचवटा ओसिएमसी र अस्पतालका प्रतिनिधिबीच सोमबार भएको संयुक्त बैठकमा काठमाडौं महानगरकी मेयर सुनीता डंगोलले ओसिएमसीबाट निःशुल्क रूपमा उपचार, कानुनी र प्रशासनिक सहयोग पाइने भन्दै यसबारे सबैलाई सूचित गर्नुपर्ने बताइन्। 'केन्द्रले व्यक्तिको गोपनीयतालाई ध्यान दिन्छ। पीडितको उपचार, कानुनी तथा प्रशासनिक विधि र प्रक्रियाका बारेमा सूचना दिन्छ, मनोसामाजिक परामर्श गराइन्छ भन्नेबारे सबैलाई जानकारी गराउनुपर्छ,' उनले भनिन्, 'हाम्रो चाहना घटना नै नहोस् भन्ने हो। त्यसका लागि सचेतना कार्यक्रमलाई व्यापक बनाउनुपर्छ। वडा महिला सञ्जाल र ओसिएमसीलाई अन्तरसम्बन्धित बनाएर एकीकृत कार्यक्रम थालनी गरौं।'

उनका अनुसार अहिले हिंसामा परेका व्यक्तिमध्ये थोरै संख्यामा मात्रै सीधै ओसिएमसीमा आउँछन्। धेरैजसो पहिला प्रहरीकोमा पुग्छन्। त्यसपछि मात्रै प्रहरीले ओसिएमसीमा पठाउँछन्। हुनुपर्नेचाहिँ प्रभावित व्यक्ति पहिला एकद्वार संकट व्यवस्थापन केन्द्रमा जानुपर्ने हो। बैठकमा महानगरका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले संघीय सरकारले जारी गरेको निर्देशिकाले यस्ता घटना व्यवस्थापनमा स्थानीय सरकारलाई भूमिका नदिएको बताए। तर, यो स्थानीय सरकारको दायित्वभित्रको काम हो।

■ के हो ओसिएमसी ?

हिंसाजन्य घटनामा परेर उपचार, प्रशासनिक कारबाही प्रक्रिया, कानुनी सहायताजस्ता सहयोग, अस्पतालको एकै ठाउँ उपलब्ध गराउने सेवा ओसिएमसी हो। अस्पतालमा आधारित लैंगिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्रको स्थापना र सञ्चालन निर्देशिका ०७७ बमोजिम काठमाडौंका पाँच अस्पतालमा भएको छ। केन्द्रहरूमा मानसिक, शारीरिक, यौनजन्य हिंसा, बलात्कारलगायत आर्थिक, सामाजिक कारणबाट सिर्जित समस्याबाट पीडित एवं प्रभावित महिला, बालबालिका र पुरुषहरू आउने गर्छन्।

सोमबार उपत्यकामा

गागलफेदी : नेपाल प्रहरीका सइ प्रभाकर खड्काको घरबाट पेस्तोल, म्याग्जिन र सोमा लाग्ने गोली सात राउन्ड चोरी गरेको अभियोगमा प्रहरीले दुई अभियुक्तलाई पक्राउ गरेको छ। पक्राउ पर्ने सिन्धुली गोलन्जार गापा-४ का २४ वर्षीय मेघबहादुर तामाङ र सिन्धुपाल्चोक त्रिपुरासुन्दरी गापा-४ का २४ वर्षीय वासुदेव थामी रहेका छन्। उनीहरूले गत १३ असारमा कागेश्वरी-मनोहरा नपा-१, गागलफेदीस्थित सइ खड्काको घरभित्र छिरेर हतियार चोरी गरेका थिए। प्रहरीवृत्त बौद्धबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

तारकेश्वर : तारकेश्वर नपा-३, तीनपिप्लेबाट अवैध लागुऔषध गाँजासहित गोलढुंगा बस्ने २५ वर्षीय जक्सन महर्जनसहित तीन अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोस्ट तीनपिप्लेबाट खटिएको प्रहरीले बा.रख ३०२२ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरूलाई गाँजासहित पक्राउ गरेको हो।

बुढानीलकण्ठ : क्यानडा पठाइदिने प्रलोभनमा ठगी गर्ने दोलखा जिरी नपा-६ घर भई बुढानीलकण्ठ नपा-३ बस्ने २७ वर्षीया फूलमाया जिरेललाई प्रहरीले पक्राउ गरेको छ। जिरेलले वैदेशिक रोजगारका लागि क्यानडा पठाई प्रतिष्ठित होटेलमा मासिक एक लाख रुपैयाँभन्दा बढी तलब हुने प्रलोभनमा पारी पटक-पटक गरी तीन लाख ७४ हजार रुपैयाँ लिएका थिए। त्यसयता उनी सम्पर्कविहीन भएका थिए।

बौद्ध : मलेसिया पठाइदिने प्रलोभनमा ठगी गर्ने उदयपुर ताप्लिङ गापा-२ का बौद्ध बस्ने ३८ वर्षीय रवीन्द्र राईलाई प्रहरीले पक्राउ गरेको छ। राई आकर्षक तलब हुने प्रलोभनमा पीडितसँग रकम लिई फरार भएका थिए। उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले सामाखुसीबाट पक्राउ गरेको हो।

नयाँबजार : काठमाडौं मनपा-१६, नयाँबजार बस्ने सिन्धुपाल्चोक इन्द्रावती गापा-२ का २८ वर्षीय दीपेशभक्त श्रेष्ठको दीपेश अटोलिंकमा जुवातास खेलिरहेका श्रेष्ठसहित चारजनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरीवृत्त लैनचौरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ४१ हजार रुपैयाँ र एक बुक ताससहित पक्राउ गरेको हो।

गोदावरी : ललितपुरको गोदावरी नपा-१३, झरुवाराशिस्थित विष्णुप्रसाद घिमिरेको कुखुरा फाममा जुवातास खेलिरहेको अवस्थामा घिमिरेसमेत ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीवृत्त चापागाउँबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ७१ हजार तीन सय ५५ रुपैयाँ र तीन बुक तासहित पक्राउ गरेको हो।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति २०८०/०४/२३ गतको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानावाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनावाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

राजबिराज शाखा, सप्तरी

ऋणीको विवरण

प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराजमा प्रा.फ.र.नं. ९३२७/२०७७/७८ अन्तर्गत मिति २०७७/०८/०९ मा दर्ता कायम भएको **लक्ष्मी सरस्वती मोटर साईकल वर्कसप**
फर्म दर्ता ठेगाना : कंचनरुप न.पा. - ०९, सप्तरी
स्थायी लेखा नं. ६०५६१४३८९, मिति २०७३/०९/२६
प्रोप्राईटर : शिव शंकर यादव
ना.प्र.नं. २३८२ जारी मिति २०४६/१२/१७ जि.प्र.का. सप्तरी
बाबुको नाम : लक्ष्मी प्रसाद यादव
बाजेको नाम : मधु लाल
स्थायी ठेगाना : मयनाकडेरी - ७, सप्तरी
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

ललिता देवी यादव ना.प्र.नं. १६२०१७/३३ जारी मिति २०६६/०६/१९ जि.प्र.का. सप्तरी बाबुको नाम : देव नारायण यादव पतिको नाम : शिव शंकर यादव ससुराको नाम : लक्ष्मी प्रसाद यादव स्थायी ठेगाना : मयनाकडेरी - ७, सप्तरी	**सरस्वती देवी** ना.प्र.नं. ९७९९०९३२ जारी मिति २०३६/०२/३० जि.प्र.का. सप्तरी पतिको नाम : लक्ष्मी प्रसाद यादव ससुराको नाम : मधु लाल स्थायी ठेगाना : त्रिकौल - ०८, सप्तरी

धितोको विवरण

जग्गाको विवरण

मधु लालको बुहारी, लक्ष्मी प्रसाद यादवको श्रीमती, सरस्वती देवीको नाममा मालपोत कार्यालय, कन्चनपुर, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला, रुपनगर न.पा./गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. २७२ को क्षेत्रफल ०-१-८-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

हेटौडा शाखा, मकवानपुर

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. १५४६४१/०७३/०७४ अन्तर्गत मिति २०७३/०५/१० मा दर्ता कायम भएको **बि.एण्ड डि. अटो सेल्स प्रा. लि.** कम्पनी दर्ता ठेगाना : हेटौडा उ.म.न.पा -४, मकवानपुर स्थायी लेखा नं. ६०४३१३०३० मिति २०७३/०५/१७ **सञ्चालक : सन्देश डि.सि. (दुङ्गेल)** ना.प्र.नं. १९/१४७९८, जारी मिति २०६१/०२/२८ जि.प्र.का. मकवानपुर बाबुको नाम : हरिकृष्ण दुङ्गेल बाजेको नाम : ज्ञानबहादुर दुङ्गेल स्थायी ठेगाना : मनहरी -३, मकवानपुर **कर्जा शिर्षक : ओभरड्राफ्ट, अल्पकालिन तथा फोर्स कर्जा**	**हरिकृष्ण दुङ्गेल** ना.प्र.नं. ८७४ जारी मिति २०३६/११/१० जि.प्र.का. मकवानपुर बाबुको नाम : ज्ञानबहादुर दुङ्गेल बाजेको नाम : पदम बहादुर दुङ्गेल स्थायी ठेगाना : मनहरी -३, मकवानपुर

धितोको विवरण

घर/जग्गाको विवरण

१. ज्ञानबहादुर दुङ्गेलको नाती, हरिकृष्ण दुङ्गेलको छोरा, सन्देश डि.सि. (दुङ्गेल)को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ११ स्थित कित्ता नं. २६०९ को क्षेत्रफल ०-१-६-० विगाहाको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. ज्ञानबहादुर दुङ्गेलको नाती, हरिकृष्ण दुङ्गेलको छोरा, सन्देश डि.सि. (दुङ्गेल)को नाममा मालपोत कार्यालय, हेटौडा, मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, ज्यामिरे गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. १४२४ को क्षेत्रफल ०-४-१०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

जोरपाटी शाखा, काठमाडौं

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १५६७७२/०७३/०७४ अन्तर्गत मिति २०७३/०६/१२ मा दर्ता कायम भएको **ब्राइट इलेक्ट्रिक्स प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : का.म.न.पा. वडा नं. ३५, काठमाडौं
स्थायी लेखा नं. ६०४३३४२८० मिति २०७३/०७/०३
संचालक : मनोज कु. मेहता र संजय कुमार मेहता
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

संचालक/व्यक्तिगत जमानत दिनेको विवरण

संजय कुमार मेहता ना.प्र.नं. ०६१०३८/११९२३५ जारी मिति २०६४/०१/१७ जि.प्र.का. सुनसरी बाबुको नाम : खगेश्वर महतो बाजेको नाम : चौधरी महतो स्थायी ठेगाना : बबिया - २, सुनसरी	**मनोज कु. मेहता** ना.प्र.नं. ०६१०३०/१२३१३१ जारी मिति २०६४/०७/२८ जि.प्र.का. सुनसरी बाबुको नाम : राम भजन महतो बाजेको नाम : हरि नारायण महतो स्थायी ठेगाना : मध्यहर्षाही - १, सुनसरी

धितोको विवरण

घर/जग्गाको विवरण

१. चौधरी महतोको नाती, खगेश्वर महतोको छोरा, संजय कुमार मेहताको नाममा मालपोत कार्यालय, ईनरुवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बबिया न.पा./गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. ९८२ को क्षेत्रफल क्रमशः ०-४-०-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. चौधरी महतोको नाती, खगेश्वर महतोको छोरा, संजय कुमार मेहताको नाममा मालपोत कार्यालय, ईनरुवा, सुनसरीमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बबिया न.पा./गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. १११ र ६२७ को क्षेत्रफल ०-४-१५-० र ०-४-१६-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेरलाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्ने छ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्तावाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणवाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अड्चनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/०५/०५ (कार्यालय समयभित्र)
बोलपत्र खोलिने मिति : २०८०/०५/०६
समय : दिउँसो ३:०० बजे
स्थान : सम्बन्धित शाखामा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

गजुरी गाउँपालिका

गजुरी गाउँकार्यपालिकाको कार्यालय
गजुरी-१, धादिङ

आ.व. २०८०/०८१ को लागि पुनः नदीजन्य पदार्थको उत्खनन तथा बिक्री करका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/०४/२३

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क. र यस गजुरी गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा ८ को व्यवस्था बमोजिम मलेखु, बेल्खु र त्रिशुली नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम उत्खनन हुने नदीजन्य पदार्थ गजुरी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न यसअघि मिति २०८०/०३/२० गते नयाँ पत्रिका दैनिकमा बोलपत्र आव्हान गरिएकोमा कुनै फर्म वा कम्पनी बोलपत्र प्रक्रियामा सहभागी नभएको हुँदा पुनः इच्छुक फर्म वा कम्पनीहरूलाई फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ताका प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपीहरू संलग्न गरी बोलपत्र प्रकृयामा सहभागी हुन यो १५ दिने सूचना प्रकाशन गरिएको छ।

सि. नं	बोलपत्र नं.	बोलपत्रको नाम	आ.व. २०८०/०८१ का लागि कायम वार्षिक न्यूनतम बोलपत्र रकम (मू. अ. कर बाहेक)	उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण	बोलपत्र दस्तुर	धरौटी रकम
१	राजश्व १/२०८०/०८१	ढुंगा, गिट्टी, बालुवा, रोडा, ग्राभेल, स्लेट, बिछ्याउने ढुंगा भट्टामा प्रयोग हुने माटो उत्खनन तथा बिक्री शुल्क उठाउने कार्य।	६,२९,८२,५४५।८७ छ करोड उनन्तीस लाख बयासी हजार पाँच सय पैंतालिस रुपैया सतासी पैसा मात्र)	खोला खानी क्रसर, बालुवा धुने उद्योगहरू समेत गरी जम्मा (१,४८,६४१ घन मिटर) ५२,४८,५४५ घन फिट	रू.५०००/- (अक्षेरेपी रू पाँच हजार मात्र)	कबोल अंकको ५ प्रतिशत

(नोट) विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाईट www.gajurimun.gov.np तथा खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np मा समेत हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

सदन गतिरोधको गाँठो अझै फुकेन

शीर्ष तहमा चार घन्टा संवाद, ससर्त समिति बनाउन सरकार तयार, एमालेको अस्वीकार



● **सुवासचन्द्र नेम्वाङ**
उपनेता, एमाले

छलफल सकारात्मक भए पनि कुरा टुंगिएको छैन । मंगलबार बिहान प्रधानमन्त्रीले बोलाउनुभएको छ । दुई पक्षबीच कुरा हुन्छ । त्यसबारेमा सकारात्मक छलफल भएर एउटा टुंगोमा पुग्छ भन्ने आशा छ ।



● **रमेश लेखक**
प्रमुख सचेतक, कांग्रेस

तत्कालै कुनै आयोग वा समिति गठन गर्नुपर्छ भन्ने उहाँहरूको भनाइ छ । राज्यका स्थायी ढंगले काम गरिराखेका संयन्त्र बलियो पार्दै जाऔं भन्ने हाम्रो भनाइ छ । यसमा सकारात्मक ढंगले छलफल अगाडि बढेको छ ।



● **हितराज पाण्डे**
प्रमुख सचेतक, माओवादी


संगठित र अन्तर्राष्ट्रिय अपराधको विषय जोडिएपछि राजस्व विभागले अनुसन्धान गर्न सिआइबीलाई जिम्मेवारी दिएर काम अगाडि बढाएकाले अहिले छानबिन प्रक्रिया अगाडि बढ्न दिऔं, एउटा टुंगोमा पुग्न दिऔं, त्यसपछि छानबिन समिति बनाउने वा के गर्नुपर्छ गरौंला भन्ने कुरा प्रधानमन्त्रीज्यूले राख्नुभयो ।

कमलराज भट्ट, अनिल यादव/नयाँ पत्रिका

सुन तस्करी प्रकरणलाई लिएर दुई सातादेखि सदनमा गतिरोध कायमै छ । सत्तापक्ष र प्रमुख प्रतिपक्षी दल एमाले आ-आफ्नै अडानमा रहेकाले सोमबार पनि प्रतिनिधिसभा र राष्ट्रिय सभाका बैठक प्रभावित भएका छन् । प्रतिनिधिसभा दुईपटक सूचना टाँस गरेर मंगलबार ३ बजेसम्मका लागि सरेको छ । एमाले सांसदको अवरोधले राष्ट्रिय सभा बुधबारसम्मका लागि स्थगित भएको छ ।

एक क्विन्टल सुन तस्करी प्रकरणमा गृह र अर्थ मन्त्रालयको सेटिङ रहेको भन्दै प्रमुख प्रतिपक्षी एमालेले उच्चस्तरीय छानबिन समितिको माग गरी अवरोध गर्दा १० साउनदेखि सदन अवरुद्ध छ । अवरोध हटाउन विभिन्न तहमा वार्ता भए पनि समाधानको बिन्दुमा पुग्न सकेको छैन । सोमबार पनि शीर्ष तहमा चरणबद्ध छलफल भयो । सभामुख देवराज घिमिरेको नेतृत्वमा भएको करिब चार घन्टा लामो छलफलमा जुटेका नेताहरू आ-आफ्नै अडानमा कायम रहेपछि कुनै निष्कर्ष निस्केन ।

बैठकमा सहभागी नेताहरूका अनुसार प्रमुख प्रतिपक्षी दल एमाले तत्कालै उच्चस्तरीय समिति गठनको अडानमा रह्यो भने सत्तापक्ष ससर्त समिति गठनको प्रस्तावसहित लचिलो रूपमा प्रस्तुत रह्यो । सत्तापक्षले अहिले राजस्व अनुसन्धानले सिआइबीलाई जिम्मा लगाएको अनुसन्धान



सकिएपछि छानबिन समिति बनाउन सक्ने ससर्त प्रस्ताव अघि सारेको थियो । तर, एमालेले उक्त अनुसन्धानले सबै पक्षलाई समेट्न नसक्ने भन्दै उच्चस्तरीय समिति गठन नभएसम्म आफ्नो अवरोध नहट्ने अडान राखेको थियो ।

यसमा थप छलफल गरेर निष्कर्षमा पुग्न सोमबार १ बजेबाट ४ बजेलाई सारिएको बैठक सूचना टाँस गरेर स्थगित गरिएको माओवादी प्रमुख सचेतक हितराज पाण्डेले जानकारी दिए । 'संगठित र अन्तर्राष्ट्रिय अपराधको विषय जोडिएपछि राजस्व विभागले अनुसन्धान गर्न सिआइबीलाई जिम्मेवारी दिएर काम अगाडि बढाएकाले अहिले छानबिन प्रक्रिया अगाडि बढ्न दिऔं, एउटा टुंगोमा पुग्न दिऔं, त्यसपछि छानबिन समिति बनाउने वा के गर्नुपर्छ गरौंला भन्ने कुरा प्रधानमन्त्रीज्यूले राख्नुभयो,' उनले भने, 'प्रमुख प्रतिपक्षीले नमानेपछि त्यहीं कुरा मिलेन । त्यसो भए भोलि एकपटक छलफल गरौं भनेरै आजको बैठक स्थगित भयो ।' पाण्डेका अनुसार निकास खोज्न प्रधानमन्त्रीनिवास बालुवाटारमा मंगलबार बिहान साढे १० बजे बैठक बस्ने तय भएको छ । प्रतिपक्षीको पनि सदन चल्नुपर्छ भन्ने धारणा रहेकाले मंगलबार सहमति जुट्ने पाण्डेको विश्वास छ ।

कांग्रेस प्रमुख सचेतक रमेश लेखकले सौहार्द्रपूर्ण छलफल र सकारात्मक ढंगले विषयवस्तु प्रवेश भइरहेकाले सहमतिनजिक पुगेको बताए । 'तत्कालै कुनै आयोग वा समिति गठन गर्नुपर्छ भन्ने उहाँहरूको भनाइ छ । राज्यका स्थायी ढंगले काम गरिराखेका संयन्त्र बलियो पार्दै जाऔं भन्ने हाम्रो भनाइ छ,' उनले भने, 'यसमा सकारात्मक ढंगले छलफल अगाडि बढेको छ ।' लेखकका अनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले केही समयभित्रमै सुनको घटनालाई विश्वसनीय, पारदर्शी र परिणाममुखी ढंगले तार्किक निष्कर्षमा पुऱ्याउने प्रतिबद्धता जनाएका थिए । 'प्रधानमन्त्रीजीले राज्यकै अंगहरूले काम गरिराखेका

■ गृहमन्त्री श्रेष्ठको कार्यशैलीप्रति ओली र देउवाको आपत्ति

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले कुनै 'कोट र टार'लाई छोडिन्न भनेर दिएको अभिव्यक्तिमा विपक्षी दलका नेता केपी ओलीले प्रधानमन्त्री प्रचण्डसमक्ष आपत्ति जनाएका थिए । त्यसमा देउवाले पनि ठीक भएन भनेपछि प्रधानमन्त्री प्रचण्डले 'उहाँले अलि बढी बोल्नुभयो । म कुरा गर्छु' भनेका थिए । गृहमन्त्री श्रेष्ठले गोरखामा कांग्रेसलक्षित गरेर बोलेको कुरा पनि विपक्षी दलका नेताले उप्काएपछि देउवा जंगिएका थिए । उनले प्रमुख सचेतक लेखकलाई त्यसबारे खोजेर जानकारी गराउन बैठकमै निर्देशन दिएका थिए । विपक्षी दलका नेता ओलीले गृहमन्त्री श्रेष्ठ कामभन्दा बढी बोलेर स्टन्टमा उत्रेको भन्दै गुनासो गरेका थिए । त्यसपछि प्रधानमन्त्री प्रचण्डले आफूले मन्त्री श्रेष्ठसँग यस विषयमा कुरा गरिसकेको जानकारी गराएका थिए । बैठकमा ओलीले लम्पी स्किन महामारीको विषयमा सरकार संवेदनशील हुनुपर्ने धारणा राखेका थिए । किसानलाई राहत र खोप नपुगेको र यसमा कृषिमन्त्रीको ध्यान नपुगेको भन्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए । प्रधानमन्त्रीले यसमा आफूहरू लागिरहेको जवाफ दिएका थिए ।

छन्, विश्वास गरौं, यदि केही गरी एकदमै विश्वासै नहुने स्थिति बन्यो, ती अंगहरूले सक्दैसकेनन् भने त्यसपछि थप आयोग वा समिति बनाउने त्यसपछिका कुरा होलान् । अहिले स्थायी अंगलाई काम गर्न दिऔं भन्नुभयो,' लेखकले भने, 'अब यसको बीचमा कहाँनेर एउटा सहमतिको बिन्दु भेटिन्छ त्यही खोजिरहेका छौं ।' सुनको विषयमा निष्पक्ष, पारदर्शी, परिणामुखी छानबिन हुनुपर्छ भन्नेमा सबैका बीचमा सहमति रहेको र यसैका आधारमा

■ सदनलाई 'बार्गेनिङ टुल्स' बनाएको रास्वपाको आरोप



लगातारको सदन अवरोधलाई लिएर रास्वपाले आपत्ति जनाएको छ । ठूला दलहरूले सदनलाई 'बार्गेनिङ टुल्स' बनाएको रास्वपाको आरोप छ । सोमबार पनि सदन चल्न नसकेपछि रास्वपाका आधा दर्जन सांसदले सामाजिक सञ्जालमार्फत ठूला दलहरूको भूमिकामाथि प्रश्न गरेका छन् । रास्वपा सभापति रवि लामिछानेले ठूला दलहरूले संसद् चल्न नदिएको, तर बार्गेनिङ चलाइरहेको आरोप लगाएका छन् । 'वर्षौंदेखि देशलाई कसरी प्यारालाइज्ड गरिएको रहेछ भन्ने राम्ररी बुझ्दै छौं,' लामिछानेले सामाजिक सञ्जालमार्फत आक्रोश पोखेका छन्, 'कैयौं कानुन बनाउनुपर्नेछ, कैयौं कानुनमा संशोधन छन् । जनसरोकारका कैयौं मुद्दामा छलफल र निर्णय गर्नुछ । तर, संसद् चल्दैन, बार्गेनिङ चल्छ, मात्र बार्गेनिङ । दुःखद ।'

रास्वपा उपसभापति एवं सांसद डिपी अर्यालले स्वघोषित शीर्ष नेताहरूकै कारण सदन चल्न नसकेको आरोप लगाएका छन् । 'स्वघोषित शीर्ष नेताहरूकै कारण आज (सोमबार) पनि सदन चल्न सकेन । जनताका मुद्दामा होइन आफ्नै भागबन्डामा रमाउने दल र तिनका नेताबाट जनताले के अपेक्षा गर्ने ?,' उनको प्रश्न छ । रास्वपाका सांसद डा.तोसिमा कार्की, सोविता गौतम, विराजभक्त श्रेष्ठ, शिशिर खनालले संसद् बन्धक भएकोप्रति सामाजिक सञ्जालमार्फत आक्रोश व्यक्त गरेका छन् ।

यस्तै, राप्रपाले कांग्रेस, एमाले र मोओवादीले सदन बन्धक बनाएको आरोप लगाएको छ । अध्यक्ष राजेन्द्र लिङ्देनले राप्रपा सुन प्रकरणमा उच्चस्तरीय छानबिन समिति गठन हुनुपर्ने पक्षमा रहे पनि संसद् अवरुद्धको पक्षमा नरहेको बताए । 'सदन अवरुद्ध गर्नुपर्छ भन्ने पक्षमा हामी छैनौं,' लिङ्देनले नयाँ पत्रिकासँग भने, 'अहिले त यहाँ संसद् किन अवरुद्ध भएको भन्ने नै थाहा नपाउने स्थिति भयो । संसद् तीन दलको बन्धक भइरहेको छ ।' उनले निर्वाचनमार्फत जनताले कुनै पनि एक दललाई बहुमत नदिई सबै मिलेर जानुपर्ने जनादेश दिए पनि तीन दलले निषेधको राजनीतिक गरिरहेको बताए ।

■ तीन महिनापछि संसदीय समितिको भागबन्डा टुंगियो

गठन भएको तीन महिनापछि संसदीय समितिको भागबन्डा टुंगिएको छ । १५ वैशाखमा प्रतिनिधिसभाका १० वटा विषयगत समिति गठन भएका थिए । यीसहित प्रतिनिधिसभा र राष्ट्रिय सभाको संयुक्त दुई समितिको सोमबार भागबन्डा टुंगिएको हो । कांग्रेस प्रमुख सचेतक रमेश लेखकले समिति बाँडफाँट टुंगिएको बताए । उनका अनुसार कांग्रेस चार, एमाले तीन, माओवादी दुई, जसपा, एकीकृत समाजवादी र जनमतले एक-एक समिति पाउने सहमति भएको छ । 'समितिको कुरा टुंगिसक्यो । अब यसलाई औपचारिक दिन बाँकी छ । सदन खुल्नेबित्तिकै टुंगिन्छ,' उनले भने । लेखकका अनुसार कांग्रेसले राज्यव्यवस्था, अर्थ, कृषि समिति र संसदीय सुनुवाइ समितिको नेतृत्व पाएको छ । एमालेले सार्वजनिक लेखा, महिला तथा सामाजिक र राज्यका नीति-निर्देशक सिद्धान्त समिति पाएको छ । माओवादीले कानुन तथा मानवअधिकार र भौतिक पूर्वाधार समिति, जसपाले अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समिति, एकीकृत समाजवादीले शिक्षा तथा स्वास्थ्य समिति र जनमतले उद्योग समिति लिने सहमति भएको लेखकले बताए । समिति नेतृत्वको भागबन्डामा प्रमुख प्रतिपक्षी एमालेलाई तीनवटा समिति दिँदा विपक्षी रास्वपा र राप्रपालाई भने समेटिएन ।

निष्कर्षमा पुगिने आफूहरूको विश्वास रहेको उनको भनाइ छ । एमाले संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले छलफल सकारात्मक भएको बताए । 'कुरा टुंगिएको छैन । मंगलबार बिहान प्रधानमन्त्रीले बोलाउनुभएको छ । दुई पक्षबीच कुरा हुन्छ । त्यसबारेमा सकारात्मक छलफल भएर एउटा टुंगोमा पुग्छ भन्ने आशा छ,' उनले भने । विभिन्न साझेदारसँग सल्लाह गर्न प्रधानमन्त्रीले समय मागेपछि सोमबार निष्कर्षमा पुग्न नसकिएको नेम्वाङले बताए । एमाले सचेतक महेश बर्तौलाले उच्चस्तरीय समिति बनाउने विषयमा सरकारले समाधान निकाल्न समय मागेकाले निष्कर्षमा नपुगेको बताए । सहमतिनजिक पुगेको र मंगलबार सकारात्मक निष्कर्षमा पुगिने उनले बताए ।

सभामुख देवराज घिमिरेले सदन खुलाउन प्रधानमन्त्रीसहित शीर्ष नेताहरूले गम्भीरतापूर्वक छलफल गरेको र मंगलबार दलहरूबीच सहमति भएर संसद् सुचारु हुने विश्वास व्यक्त गरे । 'संसद् अवरोध हुँदा जनताका आवाज रोकिएका छन् । प्राकृतिक विपत्लगायतका धेरै जनसरोकारका विषय सदनलाई जानकारी दिन सक्नुभएको छैन । मैले अधिकतम रूपमा लचिलो भएर दलहरूलाई सहमतिका लागि सकारात्मक दबाब दिइरहेको छु । दलहरूबीच आपसी विश्वास, एकता र सहकार्यको पक्षमा उभिँदै आएको छु । यही अनुरूप मैले सूचना टाँसेर पटकपटक बैठक स्थगित गरेको हो । तर, सूचना टाँसेर बैठक रोक्ने नजिर स्थापित गर्ने पक्षमा छैन । आशा छ, मंगलबारदेखि हामी सदनको नियमित कारबाहीमा जानेछौं,' उनले भने ।

शीर्ष तहको बैठकमा ललितानिवास जग्गा घोटाला प्रकरणमा सर्वोच्च अदालतको पछिल्लो आदेश, सुन तस्करी प्रकरणमा गृहमन्त्रीको अभिव्यक्तिबारे पनि छलफल भएको थियो । एक सदस्यका अनुसार प्रमुख सत्तारूढ कांग्रेस सभापति शेरबहादुर देउवाले चासो राखेपछि सर्वोच्च अदालतको आदेशका आधारमा ललितानिवास प्रकरणमा पूर्वप्रधानमन्त्री माधव नेपालमाथि पनि अनुसन्धान हुने जानकारी प्रमुख सचेतक लेखकले जानकारी गराएका थिए ।

वातावरण समूहबाटै सहसचिवसम्म पुग्ने बाटो खुल्यो

काठमाडौं/ वातावरण विज्ञान, वातावरण व्यवस्थापन र वातावरण इन्जिनियरिङ अध्ययन गरेकाले वातावरण समूहअन्तर्गत नै रहेर निजामती सेवामा सहसचिवसम्म बन्ने बाटो खुलेको छ । वन तथा वातावरण मन्त्रालयले सोमबार वन सेवाअन्तर्गत वातावरण समूह सिर्जना गरेर वातावरण निरीक्षक अलावा सहायक वातावरण निरीक्षक (नायब सुब्बासरह), वरिष्ठ वातावरण निरीक्षक (उपसचिवसरह) र उपमहानिर्देशक/महाशाखा प्रमुख/केन्द्र प्रमुख (सहसचिवसरह)सम्मको पद सिर्जना गरेको हो ।

'पहिले वातावरण निरीक्षकको छुट्टै पहिचान थिएन, विविधअन्तर्गत हुनुहुन्थ्यो, अब वन सेवाअन्तर्गत वातावरण समूह नै सिर्जना गरेपछि उहाँहरूलाई वातावरण समूहबाटै उपल्लो पदमा पुग्ने बाटो खुलेको छ,' वनसचिव डा. रेवतीरमण पौडेलले भने ।

सरकारले वन सेवामा यसअघि कायम जनरल फरेस्ट्री, स्वायल एन्ड वाटर कन्जभेसन, नेसनल पार्कस् एन्ड वाइल्ड लाइफ, बोटनी, फरेस्ट रिसर्च, हात्तीसार समूहमा वातावरण थप गरेको हो । सरकारले नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोस्रो संशोधन) नियम ०८० अन्तर्गत हाल नेपाल विविध सेवा, राजपत्रांकित तृतीय श्रेणीको वातावरण निरीक्षक पदमा नियुक्ति पाई बहाल कर्मचारी वातावरण समूहको सम्बन्धित पदमा समुहीकृत भएको भनेको छ ।

■ नौ वर्षअघि वातावरण निरीक्षक बनेकाहरूलाई बढुवा हुन सहज

वातावरण संरक्षण ऐन, ०५३ मा वातावरण निरीक्षकको व्यवस्था रहे पनि सरकारले नौ वर्षअघि ०७१ मा मात्र वातावरण निरीक्षकको पदपूर्ति सुरु गरेको थियो । त्यो पनि ०६१ मा सर्वोच्च अदालतले ऐन कार्यान्वयन गर्न आदेश दिएको १० वर्षपछि । तर, ०७१ मा ६ जना वातावरण निरीक्षक बनेका थिए । समूह नछुट्टिँदा त्यसभन्दा माथिल्लो पदमा बढुवा वा वातावरण क्षेत्रमै माथिल्लो पदमा पदपूर्तिको व्यवस्था थिएन । जसकारण नौ वर्षअघि वातावरण निरीक्षक बनेकाहरूको बढुवा हुन सकेको थिएन भने माथिल्लो पदमा प्रतिस्पर्धा गर्नका लागि पनि सेवा समूह परिवर्तन गर्नुपर्ने बाध्यता थियो । विविध सेवामै पद थियो, वरिष्ठ वातावरण अधिकृत पद रहे पनि नियुक्ति वा बढुवा गरिएको थिएन ।

हाल संघमा वातावरण निरीक्षकको दरबन्दी २८ रहे पनि २३-२४ जना मात्र कार्यरत छन् । जसमध्ये १६ जना वातावरण विभागमा छन् । त्यसबाहेक सातै प्रदेशमा एक-एक दरबन्दी रहे पनि लुम्बिनीबाहेकमा पदपूर्ति छैन । त्यस्तै, महानगर र उपमहानगरमा एक-एक वातावरण निरीक्षकको पद रहे पनि धेरैजसो रिक्त छ ।

■ युरोप भ्रमणमा निस्किए माधव नेपाल

काठमाडौं/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल युरोप भ्रमणमा निस्केका छन् । पार्टी सम्बद्ध प्रवासी नेपाली एकता मञ्चले स्वीट्जरल्यान्ड, स्पेन, क्रोसिया र बेलायतमा आयोजना गर्ने कार्यक्रममा सहभागी हुन नेपाल सोमबार इस्तानबुल हुँदै जेनेभा प्रस्थान गरेका हुन् । विभिन्न कार्यक्रममा सहभागी भई १ भदौमा स्वदेश फर्किने छन् । सर्वोच्च अदालतले बालुवाटारस्थित ललितानिवासको सरकारी जग्गा हिनामिनामा सहयोग पुग्ने गरी मन्त्रिपरिषद्बाट भएका निर्णयमा संलग्न पदाधिकारीमाथि पनि छानबिन गर्ने आदेश दिएको भोलिपल्ट नेपाल विदेश भ्रमणमा निस्किएका हुन् । उनको सचिवालयले भने सर्वोच्च अदालतबाट आइतबार आएको फैसलाबारे जानकार रहे पनि पूर्वनिर्धारित कार्यक्रम भएकाले युरोप भ्रमणमा गएको जनाएको छ ।

'आइतबार सर्वोच्च अदालतबाट भएको फैसलाका सन्दर्भमा उहाँ जानकार हुनुहुन्छ । सबै प्रकारका भ्रष्टाचार एवम् अनियमितताको निष्पक्ष छानविन गरी दोषीउपर कडा कारबाही हुनुपर्छ र मुलुकमा सुशासन कायम गर्नुपर्छ भन्ने कुरामा उहाँको दृढ मान्यता रहेको छ,' नेपालको सचिवालयले भनेको छ । नेपालले आफ्नो अनुपस्थितिमा पार्टी कामको संयोजन गर्ने जिम्मवारी उपाध्यक्ष डा. बेदुराम भुसाललाई दिएका छन् ।

तीन महिनादेखि महानगरअगाडि एक्लै धर्नामा

विराटनगर महानगर प्रमुख कोइरालालाई अभद्र व्यवहार गरेको इन्दिरामाथि आरोप

विराटनगरमा **गणेश लम्साल**

शिक्षाको बेथिति सुधारको माग गर्दै तीन महिनादेखि विराटनगर महानगरपालिकाअगाडि धर्नामा बस्दै आएकी इन्दिरा चापागाईंलाई हिरासतमा राख्न प्रहरीले आठ दिन म्याद थप गरेको छ ।

विराटनगर महानगर प्रमुख नागेश कोइरालालाई अभद्र व्यवहार गरेको र कामकाजमा बाधा पुऱ्याएको आरोपमा प्रहरीले इन्दिरालाई १५ साउनमा धर्नास्थलबाटै पक्राउ गरेर सात दिन म्याद थप गरी हिरासतमा राखेको थियो ।

मोरङ प्रहरीको हिरासतमा रहेकी इन्दिराले प्रमुख कोइरालालाई धाकधम्की दिँदै निरन्तर एसएमएस पठाएको, अपशब्द बोल्दै गालीगलौज गरेको र देख्नासाथ थुक्ने गरेकाले महानगर प्रमुखको आग्रहमा उनलाई पक्राउ गरेर अभद्र व्यवहारमा मुद्दा दर्ता गरेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



इन्दिरा चापागाईं

महानगर प्रमुख कोइरालाले इन्दिराकै कारण आफूले तीन महिनादेखि मानसिक यातना सहनुपरेको र मुख्य गेटबाट कार्यालयसमेत छिर्न नपाएको, उनको अराजक गतिविधिकै कारण शिक्षकहरू राजीनामासमेत दिन बाध्य भएकाले आजित भएर कानुनी कारबाही गर्न प्रहरी प्रशासनलाई आग्रह गर्न बाध्य भएको जानकारी दिए । 'धेरैपटक सम्झाउने प्रयत्न गर्‍यौं । उपचार आवश्यक भए निःशुल्क गर्ने अनुमति दिन परिवारसँग अनुरोध पनि गर्‍यौं । तर, पनि उनको अराजक गतिविधि रोकिएन । त्यसैले प्रहरी गुहार्न बाध्य भएका हौं,' उनले भने ।

विराटनगर महानगरपालिका- ५ मा श्रीमान् र एक छोरीसहित बस्दै आएकी इन्दिरा बरगाछीस्थित गोग्राहा माध्यमिक विद्यालय सञ्चालक समितिकी पूर्वअध्यक्ष हुन् । उनी वडा कार्यालयमा आवश्यक लेखापढीको काम पनि गर्छिन् । आफूलाई सुशासनको अभियन्ता दाबी गर्दै उनी प्रदेश सभा र मन्त्रालयअगाडि हातमा नेपालको झन्डा र टाउकोमा फेटा बाँधेर कागजको ब्यानर बोकेर धर्ना बस्दै आएकी थिइन् । गत जेठदेखि विराटनगरको बरगाछीमा रहेको गोग्राहा कलेजलाई महानगरले बजेट उपलब्ध गराएकोमा विरोध गर्दै उनी धर्नामा बसेकी थिइन् । प्रहरी हिरासतमा रहेकी इन्दिराले भने सुशासनका लागि शान्तिपूर्ण धर्ना बस्ने र उजुरी गर्ने सबैलाई मौलिक अधिकार भए पनि आफूलाई महानगरपालिकाले झुटो आरोपमा पक्राउ गराएको आरोप लगाएकी छिन् । विराटनगरवासीले इन्दिरा मनोरोगी हुन सक्ने भन्दै हिरासतमा राख्नुको साटो अस्पताल भर्ना गराएर उपचार गराउनुपर्ने सुझाव दिइरहेका छन् ।

२५ हजार रियाल तिर्न नसक्दा खजुराका चन्द साउदीमा अलपत्र

स्वदेश फिर्ताका लागि सहयोग गरिदिन पत्नीको अपिल

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

खजुरा गाउँपालिका- २ गौरीनगरका ४२ वर्षीय कुवेर चन्द १८ कात्तिक ०७५ को बिहानै साउदी जान घरबाट बिदा भए । उनी नेपालगन्जबाट काठमाडौंको बस चढे । एक रात काठमाडौंमा बसेर उनी २० कात्तिकमा साउदीका लागि प्रस्थान भए । उनी साउदीको एक कम्पनीमा काम गर्दै थिए । करिब डेढ वर्षसम्म काम राम्रैसँग चलिरहेको थियो । पारिश्रमिक पनि ठिकै थियो । तर, दुई वर्ष नपुग्दै दुई हजार पारिश्रमिकबाट कम्पनीले एक हजार रियालमा झ्याऱ्यो । उनी छाँगाबाट खसेझैं भए । उनले कम्पनी छाड्ने निर्णय गरे । र, साथीहरूसँग मिलेर कम्पनीबाट फरार भए । त्यतिबेला उनले कम्पनीबाट दुई महिनाको तलब लिन बाँकी थियो ।

कुवेर अर्को कम्पनीमा काम गरिरहेका थिए । उनको भिसाको समय सकिनै लागेको थियो । उनले घर फर्किने योजना बनाए, तर फर्कन पाएनन् । 'पहिलेको कम्पनीले २५ हजार रियाल तिर्न बाँकी रहेको भन्ने उजुरी त्यहाँको सरकारलाई दिएको रहेछ,' उनकी पत्नी अजिताले भनिन्, 'कम्पनीले दिएको उजुरीका कारण स्वदेश फर्किने



कुवेर चन्द

उहाँ (पति)को योजना बीचमै तुहियो ।' पतिले आफू स्वदेश फर्किन नसक्ने कारण फोनमार्फत सुनाएको अजिताले बताइन् । अजिताले रकम जोहो गरेर पतिलाई स्वदेश ल्याउने कोसिस गरिन्, तर ठूलो रकमका कारण उनको प्रयास असफल भयो । अजिता भन्छिन्, 'ऋण, सापट गरेर भए पनि तीन-चार लाख रुपैयाँ पठाउँछु भनेको थिएँ । उहाँले १४-१५ लाख रुपैयाँ हो भनेपछि स्तब्ध भएँ । यति ठूलो रकम तिर्न नसक्ने भएपछि उतै अलपत्र पर्नुभएको छ ।'

उजुरी परेपछि उनी तीन महिनादेखि बेरोजगार छन् । साथीभाइको कोठामा बस्दै आएका उनले कम्पनीले दिएको उजुरीलाई लिएर दूतावास गुहारे । कम्पनीसँग सोधपुछ गरे । रकम मिनाहा गर्न हारगुहार गरे । बिन्तीभाउ बिसाए, तर उनको हारगुहार न दूतावासले सुन्यो, न त कम्पनीले नै । 'नेपाल आउने व्यवस्था मिलाइदेऊ भन्दै हरेक दिन फोन गर्नुहुन्छ । निराश र हतास देखिनुहुन्छ । मानसिक तनावमा हुनुहुन्छ,' उनले भनिन् ।

कुवेर र अजिताका एक छोरा र एक छोरी छन् । १७ वर्षीय छोरा नेपालगन्जस्थित ब्राइटल्यान्ड कलेजमा होटेल म्यानेजमेन्ट पढ्छन् । ६ वर्षीया छोरी गाउँकै ध्रुवतारा बोर्डिङ स्कुलमा युकेजीमा पढ्छिन् । अजिताले भनिन्, 'छोरीले बाबालाई एकदमै पछ्याउँछिन् । भिडियो कल गरेर बाबा कहिले फर्किनुहुन्छ ? छिटो घर आउनुस् भन्छिन्,' अजिताले भनिन्, 'तिमी ठूलो भएपछि आउँछु छोरी भन्ने जवाफ फर्काउनुहुन्छ । छोरीले तपाईं सधैं तिमी ठूलो भएपछि आउँछु भन्नुहुन्छ, म ठूलो भइसके बाबा छिट्टै आउनुस् भन्छिन् ।'

पतिले रकम नपठाएपछि छोराछोरी पढाउन र घर खर्च धान्न अजिताले हम्मे-हम्मे परेको छ । छोरीको विद्यालय शुल्क थोरै भए पनि छोराको मासिक शुल्क धेरै छ । 'छोरीको विद्यालय शुल्क जसोतसो तिरे पनि छोराको कलेज शुल्क तिर्न मुस्किल छ,' उनले भनिन् ।

उनीसँग भएको एउटा घर पनि बैंकमा छ । उनले पतिलाई साउदी पठाउन र घर बनाउन बैंकबाट कर्जा लिएकी हुन् । उनले तीन महिनामा ब्याज र साँवा गरी २८ हजार बुझाउनुपर्छ । तीन महिनाको साँवा र ब्याज नबुझाएको उनले बताइन् । 'बैंकले किस्ता हाल्नुपऱ्यो भनेर फोन गऱ्या-गऱ्यै गर्छ । मैले पैसा छैन । भएपछि एकमुस्ट बुझाउँछु भनेर टार्दै आएकी छु,' उनले भनिन् ।

उनले साउदीको दमाममा अलपत्र रहेका पतिलाई नेपाल फिर्ता ल्याइदिन अपिल गरेकी छिन् । आफ्नोतर्फबाट रकम तिरेर ल्याउन सक्ने अवस्था नरहेको बताउँदै उनले सरकार, दूतावास, राजनीतिक दलका नेता, सांसद, गाउँपालिकाका जनप्रतिनिधिको सहयोगको अपेक्षा गरेकी छिन् । 'मेरो, मेरो पति र परिवारका अन्य सदस्यले रकम जम्मा गरेर नेपाल फिकाउन सक्ने अवस्था छैन । सरकार, दूतावास, सांसद र गाउँपालिकाका जनप्रतिनिधिको सहयोगविना उहाँ (पति) नेपाल आउने सम्भावना छैन,' उनले भनिन् ।

चन्द्रागिरि हिल्स लि.
थानकोट काठमाडौं, फोन नं ०१-४३१२५१५,४३११७१९
इमेल : sunil.shakya@chandragirihills.com

सवारीसाधन बिक्रीसम्बन्धी सूचना

तेस्रोपटक प्रकाशित मिति : २०८०/०४/२३

यस कम्पनीको नाममा रहेका सवारीसाधनहरू बोलपत्रका माध्यमबाट बिक्री गर्ने गरी १५ दिने म्याद राखी दोस्रोपटक मिति २०८०/०४/०१ गतेका दिनमा नयाँ पत्रिकामा सूचना प्रकाशित गरिएकोमा उक्त तोकिएको म्यादभित्रमा कुनै पनि व्यक्ति वा फर्म/कम्पनीबाट बोलपत्र फाराम भरी कम्पनीमा सम्पर्क गर्न नआएकाले पुनः तेस्रोपटकका लागि यो सूचना प्रकाशित गरिएको छ । कम्पनीको कार्यालय थानकोटमा रहेका सवारीसाधनहरू जेजस्तो अवस्थामा छन्, सोही अवस्थामा खरिद गर्न इच्छुक व्यक्ति/संघ-संस्था वा फर्मले प्रतिबोलपत्र फाराम दस्तुर रु. १०००। (रुपैयाँ एक हजार फिर्ता नहुने गरी) नगद जम्मा गरी सोको रसिदसमेत संलग्न गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

दोस्रोपटक सूचना प्रकाशित गरेको मितिले ७ दिनभित्र बोलपत्र फाराम भरी पेस गरिसक्नुपर्नेछ । आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशत धरौटीबापतको रकम यसै कम्पनीको नाममा रहेको खाता नं ०९००१०१०००००६२ ग्लोबल आइएमई बैक थानकोट शाखामा, बैंक दाखिला गरेको भौचर अनिवार्य रूपमा बुझाउनुपर्नेछ ।

सर्तहरू :

१. बोलपत्र फाराम व्यक्तिको हकमा नेपाली नारिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म तथा संस्थाको हकमा त्यस्तो फर्म वा संस्थाको दर्ता प्रमाणपत्र र गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी फाराम दस्तुरबापतको रकम नगदै (फिर्ता नहुने) राखी यस कम्पनीको कार्यालय थानकोटमा बुझाएको रसिद अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ ।
२. यस कम्पनीबाट खरिद गरिएको बोलपत्र फारामसमा सकार गर्न चाहेको सवारीसाधनको विवरण, आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी खाममा सिलबन्दी गरी खामबाहिर अवतरण चिह्न (" ") भित्र **"सवारीको बोलपत्र"** लेखी दाखिला गर्नुपर्नेछ । फोटोकपी गरी पेस गरेको बोलपत्र फाराम मान्य हुनेछैन । एकभन्दा बढी सवारीसाधन सकार गर्न चाहनेले प्रत्येक सवारीसाधनका लागि छुट्टाछुट्टै बोलपत्र फाराम भरी पेस गर्नुपर्नेछ ।
३. बोलपत्रमा आफूले कबोल गरेको रकम अंक-अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । सच्याइएको वा केरमेट गरेको हकमा/ठाउँमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । अंक-अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिइनेछ ।
४. सवारीसाधनको न्यूनतम मूल्यभन्दा घटी कबोल गरी बोलपत्र पेस गर्न पाइनेछैन ।
५. यससम्बन्धी थप जानकारीका लागि यस कम्पनीको थानकोटस्थित कार्यालयमा आफैं उपस्थित भई सम्पर्क गर्न सकिनेछ । विस्तृत जानकारीका लागि मोबाइल नं ९८०२०६९९०१ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।
६. बोलपत्र स्वीकृत तथा अस्वीकृत गर्ने सर्वाधिकार यस कम्पनीमा सुरक्षित रहनेछ ।

■ केन्द्रीय समिति बैठकलगत्तै कांग्रेसमा विवाद छताछुल्ल

महिला संघको विवादमा देउवा-कोइरालाे आमनेसामने

● देउवानिकट अध्यक्ष उषा राउत मिश्रले १२ जिल्ला अध्यक्ष बर्खास्त गरेपछि मिश्रलाई नै बर्खास्त गर्न इतर समूहको अल्टिमेटम, कोइरालाकै निर्देशनमा समानान्तर समितिको तयारी

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

केन्द्रीय समिति बैठकपछि पार्टी एकढिक्का भएर अघि बढ्ने विश्वास गरिएकोमा नेपाल महिला संघका कारण कांग्रेसमा विवाद छताछुल्ल भएको छ। केन्द्रीय समिति बैठक सकिएको दुई साता नबित्दै भ्रातृसंस्था महिला संघको विवादमा सभापति शेरबहादुर देउवा र शेखर-गगन आमनेसामने भएका छन्।

सोमबार महिला संघका इतर निकट २० केन्द्रीय सदस्यले अध्यक्ष उषा राउत मिश्रलाई बर्खास्त गर्न माग गरे। असन्तुष्ट केन्द्रीय सदस्यहरूले गौशालामा पत्रकार सम्मेलन गरी मिश्रले विधानविपरीत अधिवेशनबाट निर्वाचित १२ जिल्लाका अध्यक्षलाई बर्खास्त गरेर मनोमानी ढंगले नयाँ नेतृत्व चयन गरेको भन्दै विरोध जनाए। संस्थापन इतर समूहले सभापति देउवानिकट अध्यक्ष मिश्रलाई तीन दिनभित्र विधानविपरीतका काम सच्याउन अल्टिमेटमसमेत दिएको छ। तीन दिनभित्र बर्खास्त गरिएका जिल्ला अध्यक्षलाई पुनर्बहाली नगरिए समानान्तर कमिटी गठन गरेर गतिविधि अघि बढाउने तयारी रहेको जानकारी गराइयो।

'कांग्रेसको संगठन सुदृढीकरण अभियान चलिरहेका वेला पार्टी संगठनलाई चुस्त बनाउनुको साटो महिला संघमा विग्रह ल्याएर पार्टीको अभियानलाई कमजोर पार्ने षड्यन्त्र थालिनु दुःखद विषय हो। कांग्रेसको यो अभियानलाई असफल पार्ने नियतका साथ नेपाल महिला संघकी अध्यक्ष उषा राउत मिश्रले गरेका यस्ता हर्कत तत्काल बन्द गर्न माग गर्दछौं। साथै, पार्टीलाई एकढिक्का बनाएर संगठन सुदृढीकरण अभियान सञ्चालन भइरहेका वेला पार्टीभित्र विग्रह निम्त्याउने महिला संघ अध्यक्ष उषा राउत मिश्रलाई तत्काल बर्खास्त गर्न माग गर्दछौं,' इतर समूहको विज्ञप्तिमा भनिएको छ।

संघमा इतर समूहका केन्द्रीय सदस्यहरूका अनुसार नेता डा. शेखर कोइरालाले नै महिला संघमा आफ्नो समूहलाई बेवास्ता गरेर जाने अवस्था आए समानान्तर गतिविधिको विकल्पमा जान तयार हुन निर्देशन दिएका छन्। कोइरालाको यस्तो निर्देशनसँगै नेतृहरू 'मुभ' भएको संघकी एक केन्द्रीय सदस्यले बताइन्। नेतृहरूसँगको भेटमा कोइरालाले पार्टीभित्र अराजकता बढेको र त्यसको छायाँ संघमा पनि देखिएकाले आफ्नो समूहलाई न्याय दिलाउन समानान्तर गतिविधिसम्मको तयारी गर्न भनेका थिए। 'संगठनमा विधि र विधान पालना गर्नुपर्छ। तर, त्यस्तो हुन सकेन। अराजकता बढ्यो, विधानविपरीत जाने छुट कसैलाई छैन। यस्तै अवस्था रहे केन्द्रदेखि जिल्ला तहसम्म महिला संघको समानान्तर समिति बनाउने गरी तयारीमा जुट्नु,' कोइरालाको भनाइ उद्धृत गर्दै एक केन्द्रीय सदस्यले नयाँ पत्रिकासँग भनिन्।

पत्रकार सम्मेलनमा केन्द्रीय सदस्य रीता शाहीले महाधिवेशन गर्ने जिम्मा पाएको नेतृत्वले धमाधम जिल्ला नेतृत्वलाई हटाउनु दुःखद भएको बताइन्। 'पार्टीलाई एकढिक्का बनाएर संगठन सुदृढीकरण अभियान सञ्चालन भइरहेका वेला विग्रह निम्याउन खोज्ने अध्यक्षलाई तत्काल बर्खास्त गर्नुपर्छ,' उनले भनिन्। केन्द्रीय सदस्य डा. अमिता प्रधान शाक्यले हटाइएका जिल्ला अध्यक्षलाई पुनर्बहाली नगरे देशभर समानान्तर समिति गठन गर्ने चेतावनी दिइन्। 'अध्यक्षज्यूलाई सच्चिने मौका दिएका छौं, नसच्चिए सबै जिल्लामा समानान्तर समिति गठन गरेर जान्छौं,' उनले भनिन्। केन्द्रीय सदस्य छाया सुनारले केन्द्रीय समितिको बैठक नै नबसी अध्यक्षले एकलौटी गतिविधि गरेको आरोप लगाइन्।

उनीहरूले सोलुखुम्बु अध्यक्ष छिल्हामु शेर्पा, बारा अध्यक्ष सीता मैनाली, पर्सा अध्यक्ष विद्या श्रेष्ठ, सिराहा अध्यक्ष विमला निरौला, ताप्लेजुङ अध्यक्ष मीना गुरुङ, इलाम अध्यक्ष निर्मला सञ्जेल, महोत्तरी अध्यक्ष विना तिवारी, रौतहट अध्यक्ष भुवनी गिरी, कास्की अध्यक्ष कोपिला रानाभाट, झापा अध्यक्ष सुशीला ढकाल र हुम्ला अध्यक्ष विजया बुढालाई मनोमानी ढंगले बर्खास्त गरिएको भन्दै पुनर्बहाली गर्न माग गरेका छन्। विधानअनुसार संस्था चलाउन, केन्द्रीय समितिको बैठक तत्काल बोलाउन, विधानसम्मत गठन नभएका समिति र उपसमिति खारेज गर्न र विधानअनुसार सदस्यता वितरण गर्नुपर्ने असन्तुष्टहरूको माग छ।



महिला संघ अध्यक्षलाई बर्खास्त गर्न माग गर्दै महिला संघको इतर समूहले सोमबार गरेको पत्रकार सम्मेलन

मेरो काम देखेर उहाँहरू अत्तालिनुभयो

पार्टी पदाधिकारीदेखि जिल्लामा सबैको सहमति गराएर नयाँ नेतृत्व चयन गरेको हो। म आफैं महिला संघको विधान बनाउन लागेको मान्छे हुँ। त्यसैले विधानविपरीत जाने भन्ने कुरै छैन। उहाँहरू मैले गरेको काम देखेर अत्तालिनुभयो। हामी काममा विश्वास गर्छौं। उहाँहरू फोटोमा विश्वास गर्नुहुन्छ। गलत गरेको भए तीन दिन धेरै ढिला हुन्छ, तीन मिनेट पनि मलाई नराखे हुन्छ।



● उषा राउत मिश्र
अध्यक्ष, महिला संघ

सात वर्षदेखि हुन सकेन महाधिवेशन

०७३ पछि महिला संघको महाधिवेशन हुनसकेको छैन। महाधिवेशन नहुँदा उमा रेग्मी अध्यक्ष बनेकी थिइन्। पार्टी जिम्मेवारीमा पुगेपछि पनि उनले लामो समयसम्म संघमै जिम्मेवारी सम्हालेकी थिइन्। गत वर्ष २६ साउनमा उषा राउत मिश्रलाई तदर्थ समितिको संयोजक तोकिएको थियो। गत ३० जेठमा मात्रै ५२ जना केन्द्रीय सदस्य मनोनीत गरिएका थिए। मनोनयनका विषयमा इतर समूहको कुनै आपत्ति थिएन। तर, सोमबार महिला संघको विवाद सतहमा आयो।

विरोध गर्नेहरूमा केन्द्रीय सदस्यहरू चन्दा जोशी, रीता शाही, नवोदिता चौधरी, उमा सिवाकोटी, सुष्मा घिमिरे तिवारी, रमा अर्याल, तारा थपलिया, डा. अमिता प्रधान, गीताकुमारी गुरुङ, छाया सुनार, पार्वती आचार्य, भगवती केसी, पार्वती चन्द, मीरा चन्द, राधा कुँवर, रञ्जिता गिरी, लक्ष्मी बाराकोटी प्रसाईं, लीलाकुमारी नेपाल, मनीषा भेटवाल र डा. सीता घिमिरे छन्। उनीहरूले यस विषयमा सभापति देउवा, उपसभापतिद्वय पूर्णबहादुर खड्का र धनराज गुरुङ, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, सहमहामन्त्रीसहितका पार्टी पदाधिकारीको ध्यानाकर्षण गराइएको जनाएका छन्।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: ९६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको ले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ओप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु ओप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	**गुरु प्रसाद थारु** स्थायी ठेगाना : बाँके जिल्ला, टिटिहिरिया गा.वि.स. वडा नं. ५ हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ बाबु : हरिश चन्द्र चौधरी बाजे : पतिलाल चौधरी	शिवनारायण चौधरीको नाती, पतिलाल चौधरीको छोरा, बाँके जिल्ला, हसनापुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ बस्ने हरिश चन्द्र चौधरीको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, टिटिहिरिया गा.वि.स. वडा नं. ६ (हाल बैजनाथ गा.पा. वडा नं. ८) स्थित किता नं. ६६३ र ६६६ को क्षेत्रफल क्रमशः ४२७.५० र १२०२.५० (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) रिता कुमारी थारु स्थायी ठेगाना : बाँके जिल्ला, टिटिहिरिया गा.वि.स. वडा नं. ५ हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ बाबु : कृष्ण प्रसाद थारु ससुरा : हरिश चन्द्र चौधरी पति : गुरु प्रसाद थारु	**२) हरिश चन्द्र चौधरी** स्थायी ठेगाना : बाँके जिल्ला, हसनापुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ बाबु : पतिलाल चौधरी बाजे : शिवनारायण चौधरी	**३) कृष्ण कुमारी चौधरी** स्थायी ठेगाना : बाँके जिल्ला, टिटिहिरिया गा.पं. वडा नं. ५ हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ बाबु : झरफारी चौधरी ससुरा : पतिलाल चौधरी पति : हरिश चन्द्र चौधरी
	ऋणीको विवरण	**धितोको विवरण**
२)	**१) शिव प्रसाद तेली** स्थायी ठेगाना : पर्सा जिल्ला, महुवन गा.वि.स. वडा नं.४ हालको ठेगाना : पर्सा जिल्ला, सखुवा प्रसौनी गा.पा. वडा नं.५ बाबु : सिंहासन सा तेली बाजे : झगडु सा तेली	धर्मराज साको नाति, झगडु सा तेलीको छोरा, पर्सा जिल्ला, महुवन गा.वि.स. वडा नं.४ स्थायी ठेगाना भई ,हाल पर्सा जिल्ला, सखुवा प्रसौनी गा.पा. वडा नं.५ बस्ने सिंहासन सा तेलीको नाममा मालपोत कार्यालय पर्साको, लगतमा दर्ता कायम रहेका पर्सा जिल्ला, महुवन गा.वि.स. वडा नं. १ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ५) स्थित किता नं.६ को क्षेत्रफल ०-४-१-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) मिना देवी तेली स्थायी ठेगाना : पर्सा जिल्ला, महुवन गा.वि.स. वडा नं.४ हालको ठेगाना : पर्सा जिल्ला, सखुवा प्रसौनी गा.पा. वडा नं.५ बाबु : नथुनी साह तेली ससुरा : सिंहासन सा तेली पति: शिव प्रसाद तेली	**२) सिंहासन सा तेली** स्थायी ठेगाना : पर्सा जिल्ला, महुवन गा.वि.स. वडा नं.४ हालको ठेगाना : पर्सा जिल्ला, सखुवा प्रसौनी गा.पा. वडा नं.५ बाबु : झगडु सा तेली बाजे : धर्मराज सा
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
३)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २१८३५०/७५/०७६ अन्तर्गत मिति २०७६/०३/१७ मा कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको काठमाण्डौं जिल्ला, काठेश्वरी मनोहरा न.पा. वडा नं. ७ स्थित सत्य शिवम ह्वानि सेवा प्रा.लि. श्रीराम भण्डारी: संचालक तथा जमानीकर्ता ठेगाना: गुल्मी जिल्ला, वस्तु गा.वि.स. वडा नं. ५ बाबु: शिवलाल भण्डारी बाजे: प्रेम नारायण भण्डारी	लोक बहादुर राना स्थायी ठेगाना: महोत्तरी जिल्ला, बर्दिबास गा.वि.स. वडा नं. ११ हालको ठेगाना: ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. २, इमाडोल बाबु: नैन बहादुर राना बाजे: खड्का सिंह राना
	धितोको विवरण	
	१) सवारी मोडल: TATA HCV TIPPER | च्यासिस नं.: MAT479148K3R20045 | ईन्जिन नं.: 91G63803694 | सवारी दर्ता नं.: प्र २-०३ ००१-क-०२२३ २) सवारी मोडल : TATA HCV TIPPER | च्यासिस नं.: MAT479148K3R02926 | ईन्जिन नं.: 71C63587362 | सवारी दर्ता नं.: प्र २ -०३ ००१ -क-०२२२	

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफै ले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

संक्षेप

पाल्पामा डेंगुबाट एकको मृत्यु

पाल्पा/ डेंगु संक्रमणबाट पाल्पामा एक महिलाको मृत्यु भएको स्वास्थ्य कार्यालय पाल्पाले जनाएको छ। तानसेन नगरपालिका- ६ बर्तुडकी ६९ वर्षीया महिलाको तानसेनस्थित युनाइटेड मिसन अस्पतालमा उपचारका क्रममा आइतबार मृत्यु भएको हो। अस्पतालमा भर्ना भएकै दिन उनको मृत्यु भएको अस्पतालले जनाएको छ। जिल्लामा हालसम्म ४५ जनामा डेंगु पोजेटिभ देखिएको स्वास्थ्य कार्यालयका प्रमुख डा. राजेन्द्र गिरीले जानकारी दिए।

खुकुरी प्रहारबाट महिला गम्भीर

धादिङ/ उत्तरी धादिङको खनियाबास गाउँपालिका-४ दार्खामा धारिलो हतियार प्रहारबाट एक महिला गम्भीर घाइते भएकी छिन्। कानमा आएर कराएको निहुँमा दार्खाका ३० वर्षीय सागर पौडेलले ३५ वर्षीया अञ्जु सिंखडामाथि धारिलो हतियार प्रहार गरेका थिए। त्यसबाट अञ्जु गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रमुख एसपी गौतम मिश्रले जानकारी दिए। अञ्जुमाथि टाउको, खुट्टा, हातलगायत शरीरका विभिन्न भागमा खुकुरी प्रहार भएको उनले बताए। 'गाउँकै स्वास्थ्य संस्थामा उपचारपश्चात् महिलालाई थप उपचारका लागि काठमाडौं पठाइएको छ। खुकुरी प्रहार गर्ने पौडेललाई नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाइएको छ, एसपी मिश्रले भने।

हरवाचरवाको तथ्यांक संकलन गर्न माग

जनकपुरधाम/ राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले विभिन्न जिल्लामा रहेका हरवाचरवाको तथ्यांक संकलन गर्न माग गरेको छ। मञ्चले आइतबार जनकपुरधाममा पत्रकार सम्मेलन गरी तथ्यांक संकलन गरी उनीहरूको लगत प्रमाणीकरण र परिचयपत्र वितरण प्रक्रिया तत्काल सुरु गर्न माग गरेको हो। मञ्चका महासचिव नागेन्द्र सदाले हरवाचरवाको यकिन तथ्यांकका आधारमा सरकारले भूमि, आवास, शिक्षा, सीप विकास र स्वास्थ्यमा पहुँच सुनिश्चित गर्नुपर्ने बताए। प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने विभिन्न योजना तथा गरिबलक्षित कार्यक्रममा हरवाचरवालाई प्राथमिकतामा राख्नुपर्ने पनि माग राखे।

■ हुलाकी सडक अलपत्र

ठेकेदारविरुद्ध स्थानीयको अनिश्चितकालीन धर्ना

विराटनगरमा **गणेश लम्साल**

थप गरेको समयमा पनि निर्माण सम्पन्न नगरी हुलाकी सडक अलपत्र छाडेपछि मोरङमा स्थानीयवासीले अनिश्चितकालीन धर्ना थालेका छन्। मोरङको कटहरी र धनपालथान गाउँपालिकाका स्थानीयले जिल्ला प्रशासन कार्यालयअगाडि आइतबारदेखि हुलाकी सडक अलपत्र छाड्ने ठेकेदार कम्पनीलाई कारबाही माग गर्दै अनिश्चितकालीन धर्ना थालेका हुन्।

अनिश्चितकालीन धर्नाका लागि स्थानीयले विराटनगरमा रहेको जिल्ला प्रशासन कार्यालयअगाडि पाल टाँगेर धर्नास्थल निर्माण गरेका छन्। उनीहरू बिहान १० देखिसाँझ ५ बजेसम्म धर्ना बस्न थालेका छन्। आन्दोलित भएका स्थानीयले हुलाकी सडकमा लापरबाही गर्ने कम्पनीलाई धरौटी जफत गरी कालोसूचीमा राख्नुपर्ने, समयमै सडक निर्माणलाई तीव्रता दिनुपर्ने, सडकमा पानी निकास हुने गरी नाला र कल्भर्ट निर्माण गर्नुपर्ने माग राखेका छन्।

यस्तै, विराटनगर र कटहरी जोडने सिंघिया-कटहरी-धनपालथान जोड्ने लोहन्द्रा खोलाको जीर्ण पुल चाँडो निर्माण गर्नुपर्ने उनीहरूको माग छ। 'पटक-पटक ज्ञापन बुझाउने, डेलिगेसन जाने, सर्वदलीय सर्वपक्षीय छलफल गर्नेगर्दा पनि हुलाकी सडक निर्माणले गति लिएन, यसैले हामी वाक्कदिक्क भएर अनिश्चितकालसम्म धर्ना बस्न थालेका हौं। माग पूरा नभएसम्म हामी कुनै हालतमा ब्याक हुनेछैनौं,' स्थानीयका भनाइ छ। अलपत्र हुलाकी सडक निर्माणका लागि दबाब दिन उनीहरूले संयुक्त नागरिक संघर्ष समिति बनाएका छन्। स्थानीयको आन्दोलनलाई यस क्षेत्रबाट प्रतिनिधित्व गर्ने संघ र प्रदेशका सबै दलका सांसदले पनि समर्थन जनाएका छन्।

म्याद थप गर्दा पनि उस्तै अवस्था

नेपाललाई दक्षिणतर्फबाट पूर्व-पश्चिम जोड्ने लाइफलाइन राजमार्गका रूपमा चर्चित हुलाकी राजमार्ग मोरङको विराटनगरको केशलिया खोलादेखि पूर्व रतुवा खोलासम्मको लम्बाइ कुल ९६ किलोमिटर छ। यसभित्र मोरङका ६ वटा पालिका र तीनवटा ४, ५ र ६ नम्बर निर्वाचन क्षेत्र पर्छन्। मोरङमा हुलाकी क्षेत्रमा पर्ने हुलाकी सडक निर्माण गर्न २४ कात्तिक ०७६ मा चार खण्डमा ठेक्का लागेको थियो। ३६ महिनामा सम्पन्न हुनुपर्ने निर्माण कार्य पूरा नभएपछि पुनः ६ महिना म्याद थप गरिएको थियो। तर, थपिएको समयमा पनि प्रगति सन्तोषजनक भने छैन।

पालिका प्रमुख र सांसद पनि आन्दोलित

हुलाकी सडक निर्माण चाँडो सम्पन्न गर्न दबाब दिनका लागि मोरङका विभिन्न पालिकाका प्रमुख, संघ र प्रदेशका सांसदले समेत पटक-पटक ज्ञापनपत्र बुझाएका छन्। तैपनि अझैसम्म मोरङमा हुलाकी सडकको निर्माणले तीव्रता पाउन सकेको छैन। २१ वैशाख ०८० मा हुलाकी सडक निर्माण गर्न आयोजना र ठेकेदार कम्पनीलाई आग्रह गर्दा पनि बेवास्ता गरेको भन्दै मोरङको २, ४ र ५ नम्बर क्षेत्रबाट निर्वाचित संघीय र प्रदेश सांसद अनि प्रभावित पालिकाहरू कटहरी र धनपालथान अनि रंगेली, सुनबर्सी र रतुवामाई नपाका अध्यक्षहरूले पनि ठेकेदारविरुद्ध सडकसंघर्ष घोषणा गरेका थिए।

रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने ७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति: २०८०/०४/२३)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल वमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण
१. **नाम: विर बहादुर बम** ठेगाना: भिमदत्त-१०, कञ्चनपुर बुवा: धनबहादुर बम बाजे: दलबहादुर बम कर्जा शिर्षक: हायर पर्चेज कर्जा	१. यस संस्थाको नाममा धनी कायम भई ऋणी विर बहादुर बमको नाममा भएको सु. प. प्र. ०१-००१क१७०५ को १ वटा आइसर मिनी ट्रक २. विसना देवीबमको नाममादर्ता रहेको कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं.१० स्थित किता नं. ६७२१ र ६७१९ को क्षेत्रफल क्रमशः ४८८.५० र ८६७.८० वर्ग मिटरको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत	**विसना देवी बम** ठेगाना: भिमदत्त-१०, कञ्चनपुर श्रीमान्: धनबहादुर बम बुवा: अकबर बहादुर पाल **सोनु चन्द** ठेगाना: भिमदत्त-१०, कञ्चनपुर श्रीमान्: विर बहादुर बम बुवा: दलबहादुर चन्द
२. **नाम: पशुपतिनाथ काष्ठ फर्निचर उद्योग** ठेगाना: मेचीनगर-१५, झापा दर्ता नं.: ९६०/१६३३/१६०५८	चञ्चल राजबंशी र दुलाली रजबंशीको नाममा दर्ता रहेको झापा जिल्ला ज्यामिरगढी गा.वि.स. वडा नं. २ स्थित किता नं. १०७१ र १३१९ को क्षेत्रफल क्रमशः ०-३-० र ०-१-० (बि.कि.धु.) जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।	**सहनलाल राजबंशी** ठेगाना: मेचीनगर-१५,झापा बुवा: चञ्चल राजबंशी बाजे: चाबुक राजबंशी **पुजा राजबंशी** ठेगाना: ज्यामिरगढी-२, झापा बुवा: पुष्पलाल राजबंशी बाजे: मोहन प्रसाद राजबंशी **चञ्चल राजबंशी** ठेगाना: ज्यामिरगढी-२, झापा बुवा: चाबुक राजबंशी बाजे: सुर्ज मान राजबंशी **मोहनलाल राजबंशी** ठेगाना: ज्यामिरगढी-२,झापा बुवा: चञ्चल राजबंशी बाजे: चाबुक राजबंशी **दुलाली राजबंशी** ठेगाना: ज्यामिरगढी-२, झापा श्रीमान्: चञ्चल राजबंशी **अनुषा राजबंशी** ठेगाना: मेचीनगर-१५, झापा बुवा: बेनु राजबंशी बाजे: आखा राजबंशी **अजित राई** ठेगाना: ज्यामिरगढी-२, झापा बुवा: नुहाँन राई बाजे: अविदल राई
३. **नाम: श्री लटिनाथ हार्डवयर पसल प्रोपाइटर**: शेर बहादुर पाल ठेगाना: भिमदत्त-१०, कञ्चनपुर कर्जा शिर्षक: साना तथा मझौला व्यवसाय कर्जा	बमबहादुर पालको नाममा दर्ता रहेको कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वड

'गोरेटो'मा गौतम



गायक प्रमोद खरेलको आवाजमा नयाँ गीत 'गोरेटो' सार्वजनिक भएको छ। त्रिकोणात्मक प्रेमकथामा आधारित गीतको भिडियोमा विश्वकीर्तिमानी नेपाली एड्भेन्चर खेलाडी गौतम खाती, मोडल रिचा थापा र मनोज लोहनको अभिनय छ। गीतमा हिमांशु रायमाझीको शब्द तथा नवीन रहपालको संगीत छ। प्रदीपकुमार रसाइलीले निर्देशन गरेको गीतको भिडियोलाई अमृत चापागाईंले सम्पादन गरेका हुन्।

गाईजात्रामा विशेष प्रस्तुति



गाईजात्रा- २०८० का अवसरमा भदौ १३ गतेदेखि १८ गतेसम्म प्रज्ञा भवन कमलादीमा कलाकारहरूले विशेष हास्यव्यंग्य प्रस्तुति दिने भएका छन्। कार्यक्रममा मनोज गजुरेल, शैलेन्द्र सिंखडा, टीका भण्डारी, सुबोध गौतम, मेक्सम गौडेल, सुन्दर खनाल, सीता न्यौपाने, राधिका कँडेल, रुबिना अधिकारीलगायत कलाकारले दर्शकलाई हँसाउनेछन्।

बिरामीमा ऊर्जा भर्न 'म्युजिक थेरापी'

पवन बराइली/नयाँ पत्रिका

संगीतको धुन कसलाई मन नपर्ला ? यसले मनलाई शान्त र आनन्दित बनाउँछ। तर, संगीत केवल मनोरञ्जन मात्र होइन, विज्ञानले संगीतलाई थेरापीको रूपमा प्रयोग गर्न सकिने पुष्टि गरिसकेको छ।

आधुनिक जीवनशैलीले गर्दा मानिसहरू दिनभर व्यस्त हुन्छन्। जसकारण उनीहरूमा तनाव बढ्छ। त्यसलाई मेटाउन साँझ घर फर्किएपछि गीत, गजल वा भजन सुन्नेहरू धेरै छन्। प्राकृतिक चिकित्सक डा. डिबी सुनुवार म्युजिक थेरापीको महत्त्व बढ्दै गएको बताउँछन्। 'स्वास्थ्य उपचारका विधिमध्ये संगीत थेरापी एक राम्रो उपचार पद्धति हो। संगीतले जीवनशैलीलाई आनन्दमय र सुखमय बनाउँछ,' उनले भने।

सङ्गीतशास्त्रअनुसार संगीतमा 'सा, रे, ग, म, प, ध, नि' गरी सात स्वर हुन्छन्। तीनै सात स्वरहरूको सम्मिश्रणबाट सबै प्रकारका रागको निर्माण हुन्छ। सामान्यतः हारमोनियम, गितार, सारंगी, बाँसुरीजस्ता वाद्यवादनमार्फत यिनै स्वरलाई आधार बनाएर संगीत सिर्जना गरिन्छ र यसले मनलाई शान्त गराउँछ। उनी भन्छन्, 'म्युजिक थेरापी शारीरिकभन्दा पनि मानसिक बिरामीलाई बढी लाभदायी हुन्छ। संगीतमा मनको हरेक भागलाई स्पन्दित गर्ने शक्ति हुन्छ। यसले उत्साह र आनन्द जगाउँछ।'

मेलोडी, हर्मोनी र रिदमका सशक्त गतिविधिले मानिसको मस्तिष्कका धेरै पक्षलाई जागरुक गराउँछन्। 'हामीले म्युजिक र नृत्यलाई पार्किन्सन रोगका बिरामीहरूको उपचार गर्न पनि प्रयोग गर्ने गरेका छौं। यसले शारीरिक गतिविधि, सामाजिक अन्तरक्रिया र मानसिक प्रेरणा उपलब्ध गराउँछ। यही कारण अमेरिकाको स्ट्यानफोर्ड न्युरोसाइन्स हेल्थ सेन्टरले पार्किन्सन रोगका बिरामीको उपचारका लागि व्यावसायिक डान्सरहरूको प्रशिक्षणमा कक्षा सञ्चालन गर्ने गरेको छ,' स्ट्यानफोर्ड स्कुल अफ मेडिसिनको बुलेटिनमा डा. लोयड मिनरले लेखेका छन्।

मनोपरामर्शविद् आदर्श प्रधान मानिसले आफूलाई आवश्यक पर्ने ऊर्जाअनुसारको संगीत सुन्नुपर्ने बताउँछन्। 'हामीलाई कस्तो ऊर्जा चाहिन्छ, त्यहीअनुसार म्युजिक सुन्नुपर्ने हुन्छ। जसका लागि ट्राई ओरिजिन सिद्धान्त जान्नुपर्दछ,' उनले भने।

ट्राई ओरिजिन सिद्धान्तअनुसार चार किसिमको ऊर्जा स्रोतबाट ब्रह्माण्डका हरेक पदार्थ बनेको हुन्छ। जुन हेट्रो, हेमो, न्युटो र न्युट्रो हुन्। म्युजिकले हामीभित्रका यी ऊर्जालाई सक्रिय गरिदिन्छ। हेट्रोले एक्टिभ बनाउँछ, हेमोले प्यासिभ बनाउँछ, न्युटोले सन्तुलित बनाउँछ, न्युट्रोले स्थिर वा शान्त बनाउँछ।

'जब हामी संगीत सुन्छौं, हामीलाई एकाग्र बनाउँछ, काममा फोकस गर्न सहयोग गर्छ। नकारात्मक स्टिमुलीबाट सकारात्मक स्टिमुली तुरुन्त बनाई मस्तिष्कलाई ताजा बनाउँछ,' प्रधानले भने।



तनावले निम्त्याउने रोग

- निद्रा नलाग्ने, डिप्रेसन तथा चिन्ता बढ्ने। टाउको दुख्ने, कम्मर दुख्ने, छालाका रोग लाग्नेजस्ता शारीरिक समस्या देखिन्छ। मुटुको धड्कन बढ्ने, ब्लप्रेसर हाई हुने, छाती दुख्ने र हृदयाघात हुनेसमेत जोखिम हुन्छ।
- तनावले पेटमा एसिड बढाउँछ र कालान्तरमा अल्सर हुने जोखिम पनि रहन्छ।

थेरापीको आनन्द लिने विधि

- म्युजिक थेरापीले पिट्युटरी ग्रन्थिलाई उत्प्रेरित गर्ने र शरीरका कोषिकाहरूमा हुने कम्पनले बिरामीको समस्यामा सुधार ल्याउने डा. सुनुवारले बताए। संगीत थेरापी गर्नुपूर्व बिरामीलाई मन पर्ने संगीत छनोट गर्नुपर्ने उनले बताए। 'मन परेको संगीतको छनोट गरेर आनन्दले संगीत सुन्नुपर्छ। तनावरहित अवस्थामा ध्यान एकत्रित गरेर संगीतको धुनमा रिल्याक्स लिन सक्नुपर्छ। बिहान पोजेटिभ एफर्मेसन र बेलुकी रिल्याक्सेसन म्युजिक सुन्नु राम्रो हुने उनले बताए।

कसरी गर्ने म्युजिक थेरापी ?

- संगीतको भाव बुझेर आफूले आफैंलाई प्रश्न गर्नुपर्छ। के म हरेक काम गर्न सक्छु ?' आफैं उत्तर दिनुपर्छ, सक्छु। यसले व्यक्तिको आत्मबल बढाउन सहयोग गर्छ।
- संगीतको धुनमा बिस्तारै शरीरका अंग चलाउँदै सुर-तालमा शरीरलाई चलायमान बनाउँदै लानुपर्छ। यसले व्यक्तिका नसा-नसामा कम्पन उत्पन्न गर्छ। जसकारण पिट्युटरी ग्रन्थि उत्प्रेरित हुन्छ। शरीर लचिलो बन्छ र विकार तत्त्वसमेत बाहिर जान सहयोग मिल्छ।
- खुसीका हार्मोन सक्रिय हुँदा मस्तिष्क तीक्ष्ण हुन्छ र स्मरणशक्ति बढ्छ। टाउको दुख्ने, रुघाखोकी लाग्ने, मानसिक रोग लाग्नेजस्ता समस्याका लागि यो थेरापी उपयोगी छ।
- शारीरिक अंग सहज रूपमा चलायमान हुँदा रक्तप्रवाहमा सहजता हुन्छ। गहिरो निद्रा लाग्नुका साथै तनावबाट मुक्ति पाउन सकिन्छ। रिस कम गर्न मद्दत गर्छ। तनावमुक्त भएको अवस्थामा स्ट्रेस, एन्जाइटीजस्ता मानसिक समस्याबाट बच्न सकिन्छ।



जब हामी संगीत सुन्छौं, हामीलाई एकाग्र बनाउँछ, काममा फोकस गर्न सहयोग गर्छ। नकारात्मक स्टिमुलीबाट सकारात्मक स्टिमुली तुरुन्त बनाई मस्तिष्कलाई ताजा बनाउँछ।

● **आदर्श प्रधान**, मनोविद्



म्युजिक थेरापी शारीरिकभन्दा पनि मानसिक बिरामीलाई बढी लाभदायी हुन्छ। संगीतमा मनको हरेक भागलाई स्पन्दित गर्ने शक्ति हुन्छ। यसले उत्साह र आनन्द जगाउँछ।

● **डा. डिबी सुनुवार**, प्राकृतिक चिकित्सक



मैले केही वर्षयता शास्त्रीय संगीतमार्फत म्युजिक थेरापी गराउँदै आइरहेको छु। शास्त्रीय संगीतले दिमागलाई एकाग्र बनाउँछ। विकसित मुलुकहरूमा मानसिक रोगमा म्युजिक थेरापी उपचार विधि व्यापक चलेको पाइन्छ। साइकोथेरापी, काउन्सिलिङ, डान्सिङ थेरापी, म्युजिक थेरापीलगायत विधिबाट रोगीलाई मानसिक रूपमा स्फूर्त पारिन्छ। नेपालमा पनि पछिल्लो समय मानिसहरूले यसको महत्त्वबारे बुझ्न थालेका छन्, जो सकारात्मक छ।

● **सुदर्शन राजोपाध्याय**, शास्त्रीय संगीत साधक

डेंगुबाट बच्न





डा. प्रभात अधिकारी
संक्रामक रोग तथा आइसियू विशेषज्ञ, सेन्टर फर अमेरिकन मेडिकल स्पेसलिस्ट

एडिस प्रजातिको पोथी लामखुट्टेको टोकाइले डेंगु सर्छ। जुनसुकै उमेरका मानिसमा यो समस्या देखिन सक्छ। डेंगु आफैंमा प्राणघातक रोग होइन। तर, यसको संक्रमणका कारण शरीरका विभिन्न अंगमा क्षति पुगेर ज्यान जान सक्छ। त्यसैले यो रोग लाग्न नदिन सतर्कताका उपाय अवलम्बन गर्नु नै बुद्धिमानी हुन्छ।

डेंगु संक्रमणले गर्भवती र पेटभित्रको शिशुको स्वास्थ्यमा प्रत्यक्ष असर गर्दैन। तर, एन्टिबायोटिक औषधि सेवन गर्न नमिल्ने भएकाले संक्रमण हुँदा गर्भवतीलाई निकै गाह्रो हुन्छ। त्यसैले गर्भावस्थाका महिला यस रोगबाट बच्नका लागि विशेष सतर्क रहनुपर्छ। तुलनात्मक रूपमा रोगप्रतिरोधी क्षमता कमजोर भएका मानिसलाई डेंगुले धेरै गलाउने भएकाले वृद्धवृद्धा, बालबालिका र दीर्घरोगी सचेत हुन जरुरी छ।

लक्षण

- डेंगु भएका अधिकांशमा उच्च ज्वरो आउने, टाउको दुख्ने, आँखाको गेडी दुख्ने, शरीर अत्यधिक दुख्ने हुन्छ। जोर्नी दुख्ने, पेट दुख्ने, जिउमा डाबर आउने, छाती दुख्ने, वाकवाकी लाग्नेलगायत लक्षण देखिन्छ। केही मानिसमा अचानक ब्लडप्रेसर बढ्ने वा घट्ने हुन्छ। केहीमा झाडापखाला हुने हुन्छ। कसै-कसैको शरीरका विभिन्न अंगमा रक्तश्राव पनि हुन सक्छ। कसैकसैमा नाक, गिजा वा शरीरका अरू अंगबाट रगत बग्ने, दिसा, पिसाब वा बान्तामा रगत देखिने, श्वास फेर्न गाह्रो हुनेलगायत लक्षण देखिन्छ।
- अरू वेलाभन्दा डेंगु लागेका वेला शरीरमा पानी कम हुने गर्छ। त्यसैले डेंगुका लक्षण देखिएको समयमा प्रशस्त पानी र झोलिलो खानेकुरा खानुपर्छ। धेरै मसला, चिल्लो भएका खानेकुरा खानुहुँदैन। स्वास्थ्य संस्थामा गएर परामर्श र परीक्षण गर्नुपर्छ। त्यहाँ डेंगु संक्रमण भए/नभएको निर्क्योल गरेर त्यहीअनुसार उपचार थालिन्छ। जथाभावी औषधि प्रयोग गर्नुहुँदैन।

के गर्ने ?

- लामखुट्टेको टोकाइबाट बच्ने। घरवरिपरि पानी जम्न नदिने, सरसफाइमा ध्यान दिने। किनकि, जमेको पुरानो तथा सफा पानी, एसी, गमलाको पानी, गाडीको टायर, खुला भाँडालगायत ठाउँमा लामखुट्टे फैलिने गर्छ।
- राति सुत्दा झुल लगाएर सुत्ने, झ्यालमा जाली लगाउने, झाडी तथा प्रदूषित ठाउँमा नजाने। जानैपरे लामो बाहुला भएका कपडा लगाएर जाने। लामखुट्टे भगाउने खालका मलम छालामा लगाउने। गर्भवती, बालबालिका, वृद्धवृद्धा र दीर्घरोगीलाई त्यस्ता ठाउँमा जान नदिने।
- डेंगु भइहालेमा नआत्तिने, चिकित्सकसँग परामर्श गर्ने। जथाभावी औषधिको प्रयोग नगर्ने। पानी धेरै खाने, अरू वेलाभन्दा यो वेला शरीरमा पानी कम हुने हुँदा पानी बढी खाने। धेरै मसला, चिल्लो भएका खानेकुरा नखाने। झोलिलो खानेकुरा प्रशस्त खाने।

मोबाइल स्लो भएमा के गर्ने ?



- मोबाइल हाम्रा लागि अत्यावश्यक भइसक्यो। त्यसैले यसलाई चुस्त राख्न जरुरी छ। तर कहिलेकाँही स्मार्टफोन ह्याङ भएर मानिसहरू चिन्तित भइरहेका हुन्छन्। केही उपाय लगाएर यसलाई तेज बनाउन सकिन्छ।
- फोनमा स्टोरेजलाई ध्यानमा राखेर एप्स इन्स्टल गर्नुपर्ने हुन्छ। धेरै एप्स डाउनलोड गर्दा स्लो भएको हुन सक्छ। त्यसैले पहिले तपाईंले कुन-कुन एप्स प्रयोग गरिरहनुभएको छ भनेर हेर्नुस्। आवश्यक एप्सलाई राखेर अनावश्यक एप्स अनइन्स्टल गर्न सकिन्छ। तर, केही त्यस्ता एप्स पनि हुन्छन्, जो तपाईंले स्मार्टफोन किन्नुअघि नै त्यहाँ लोड हुन्छन्। त्यस्ता एप्स तपाईंले चाहेर पनि हट्दैनन्। ती एप्सलाई डिसेबल भने गर्न सकिन्छ।
- जुन एप्लिकेसनलाई बारम्बार प्रयोगमा ल्याइन्छ, त्यसका क्याचीहरू एकत्रित हुन थाल्छ। स्मार्टफोन स्लो हुनुको एउटा मुख्य कारण यो पनि हुन सक्छ। जुन एप तपाईंले सबैभन्दा धेरै प्रयोग गरिरहनुभएको छ, त्यसको 'क्याची' नियमित रूपमा डिलिट गर्न पनि जरुरी छ। क्याची हटाउनका लागि सबैभन्दा पहिले सेटिङभित्र एप्समा जानुहोस्। त्यहाँ ती एपहरूमा क्लिक गर्नुस्, जसको क्याची क्लियर गर्नुछ। यसपछि 'क्लियर क्याची' विकल्पमा क्लिक गर्नुस्।
- तपाईंको स्मार्टफोन चुस्त हुनका लागि कुल इनबिल्ट स्टोरेजको १० देखि २० प्रतिशत उपलब्ध हुनुपर्छ। जब तपाईंको फोनको स्टोरेज समाप्त हुन थाल्छ, तब फोन सुस्त हुन्छ। त्यसैले इन्टरनल स्टोरेजमा रहेका तस्बिर, गीत तथा भिडियो फाइललाई मेमोरी कार्डमा ट्रान्सफर गर्नुपर्छ।

कटन ड्रेसले राख्छ शीतल



वर्षायाममा धेरै पर्ने भएकाले हल्का कपडा लगाउनु राम्रो हुन्छ। पानीले भिजिहाले पनि यस्ता कपडा चाँडै सुक्छ। पानी नपरेका वेला गर्मी अत्यधिक हुने भएकाले पनि यस्ता कपडा यो मौसममा राम्रो हुन्छ। कटनको कपडा निकै हल्का हुन्छ र यसमा हावा मज्जाले छिर्छ। त्यस्तै, चाँडै सुक्छ। कटन सर्टलाई डेनिमको हाफ पाइन्टसँग मिलाएर लगाउन सकिन्छ। चम्किलो कुर्था र लेगिंग्स पनि लगाउन सकिन्छ। यस मौसममा पसिना धेरै बग्ने भएकाले धेरै टाइट कपडा लगाउँदा असहज महसुस हुन सक्छ। त्यसैले हल्का ओभरसाइज कपडा लगाउनु राम्रो हुन्छ। खादीको कपडा पनि यस मौसममा निकै राम्रो हुन्छ। यो कपडा चाँडै खुम्चँदैन, हल्का र हावा छिर्ने खालको हुन्छ। त्यस्तै, चाँडै सुक्छ। कार्यस्थल वा घुमघाममा जाँदा पनि यसबाट बनेका कपडा लगाउन सकिन्छ।

रायनको मिडी ड्रेस लगाएर बाहिरबाट स्टाइलिस डेनिम ज्याकेट पनि लगाउन सकिन्छ। मनसुनमा लगाउन मिल्ने विभिन्न स्टाइलिस कुर्था बजारमा पाइन्छन्।

कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८०/४/२३ गते

यस महालक्ष्मी विकास बैंक लि.का तपसिलमा उल्लेखित विभिन्न शाखाहरुबाट तपाईं ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाईंहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाईं ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असुली एवं धितो गैह्र बैंकिंग सम्पत्ति बिक्री कार्यविधि लगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना लि.को कालोसूचीमा राखी अन्य कानूनी कारवाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला।

तपसिल

अमरपथ बुटवल शाखा :

१. ऋणी : एन्जल बाखा फार्म (प्रो. श्री जित बहादुर घर्ति मगर)
उ.द.नं. : १५७२८/०७४/७५ (घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर, रुपन्देही)
दर्ता मिति : २०७५/२/३१
पान नं. : ६०७९७४१४४
ठेगाना : सुद्धोधन गा.पा. वडा नं. ४, रुपन्देही

२. ऋणी : श्री जित बहादुर घर्ति मगर (ना.प्र.नं. १२९० जारी मिति २०४५/९/७, जि.प्र.का. रुपन्देही)
बाबु : श्री रबिलाल घर्ति मगर, बाजे : श्री बुदे घर्ति मगर
ठेगाना : सौ. फर्सांटिकर गा.वि.स. वडा नं. ४, रुपन्देही
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री जित बहादुर घर्ति मगर (ना.प्र.नं. १२९० जारी मिति २०४५/९/७, जि.प्र.का. रुपन्देही)
बाबु : श्री रबिलाल घर्ति मगर, बाजे : श्री बुदे घर्ति मगर
(ख) श्री पवि घर्ति मगर (ना.प्र.नं. ३७२०३०।४९७९५ जारी मिति २०६५/७/८ जि.प्र.का. रुपन्देही)
बाबु : श्री दुर्गे थापा मगर, ससुरा : श्री रबिलाल घर्ति मगर, पति : श्री जित बहादुर घर्ति मगर
ठेगाना : सौ. फर्सांटिकर गा.वि.स. वडा नं. ४, रुपन्देही
(ग) श्री यज्ञ बहादुर घर्ति मगर (ना.प्र.नं. ३७२०३०।४९७९४ जारी मिति २०६५/७/८, जि.प्र.का. रुपन्देही)
बाबु : श्री जित बहादुर घर्ती मगर, बाजे : श्री रबि लाल घर्ति मगर
ठेगाना : सुद्धोधन गा.पा. वडा नं. ४, रुपन्देही
कर्जा : कृषि कर्जा (अधिविकर्ष र आवधिक) र व्यक्तिगत अधिविकर्ष कर्जा
धितो सुरक्षणको विवरण : श्री बुदे घर्ति मगरको नाति, श्री रबिलाल घर्ति मगरको छोरा, सौ. फर्सांटिकर गा.वि.स. वडा नं. ४, रुपन्देही बस्ने श्री जित बहादुर घर्ति मगरको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता रहेको रुपन्देही जिल्ला, सौ. फर्सांटिकर गा.वि.स. वडा नं. ४ (नक्सा सि.नं. ४/क) स्थित कि.नं. ५७५ को क्षे.फ. ०-०-१७.५-० (बि-क-धु) भएको जग्गा/घर तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

दमक शाखा :

ऋणी : श्री अनिश खाती (ना.प्र.नं. ०६/१९० जारी मिति २०७०/२/२९, जि.प्र.का. सुनसरी)
बाबु : श्री अशोक कुमार खाती, बाजे : श्री कर्ण बहादुर खाती
ठेगाना : धरान उ.म.न.पा. वडा नं. १५, सुनसरी
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री अनिश खाती (ना.प्र.नं. ०६/१९० जारी मिति २०७०/२/२९, जि.प्र.का. सुनसरी)
बाबु : श्री अशोक कुमार खाती, बाजे : श्री कर्ण बहादुर खाती
(ख) श्री अभिशेक खाती (ना.प्र.नं. ०६/४८१५० जारी मिति २०६७/१२/३०, जि.प्र.का. सुनसरी)
बाबु : श्री अशोक कुमार खाती, बाजे : श्री कर्ण बहादुर खाती
(ग) श्री आशीष खाती (ना.प्र.नं. ३७४१०/०६४।६५ जारी मिति २०६५/३/८, जि.प्र.का. सुनसरी)
बाबु : श्री अशोक कुमार खाती, बाजे : श्री कर्ण बहादुर खाती
ठेगाना : धरान उ.म.न.पा. वडा नं. १५, सुनसरी
(घ) श्री अशोक कुमार खाती (ना.प्र.नं. ६९७१६३५ जारी मिति २०४४/१२/२९, जि.प्र.का. झापा)
बाबु : श्री कर्ण बहादुर खाती, बाजे : श्री धन बहादुर खाती
ठेगाना : अर्जुनधारा गा.वि.स. वडा नं. २ झापा हाल धरान उ.म.न.पा. वडा नं. १५, सुनसरी
कर्जा : हायर पर्चेज कर्जा
धितो सुरक्षणको विवरण : श्री अनिश खातीलाई ऋणी कायम गरी कोशी प्रदेश यातायात व्यवस्था कार्यालय सुनसरीमा यस बैंकको नाममा दर्ता कायम रहेको सवारी मोडेल JAWA 42 Dual ABS सवारी दर्ता नं. प्र. १ ०२ ०४४ प ८७९८ च्यासिस नं. MZDKW1C16M1A49465 ईन्जिन नं. NAE-MA000404 भएको मोटरसाईकल थान १।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९ | कर्जा असूली विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य www.mahalaxmibank.com

लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/४/२३ गते

यस महालक्ष्मी विकास बैंक लि. को तपसिलमा उल्लेखित शाखाबाट तपाईं ऋणीले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०८०/३/१ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको सांवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पर्खाल आदि र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुनः लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

कलैया शाखा :

ऋणी : विश्वकर्मा टाली उद्योग (प्रो. श्री राम विनेश सहनी मलाह)
प्रा.फ.नं.घ.उ.वि. : ६६८३/३०६/०७४/७५ (घरेलु तथा साना उद्योग कार्यालय, कलैया बारा)
दर्ता मिति : २०७५/२/१४
लेखा नं : ६०७८८३०३५
ठेगाना : बारा जिल्ला, महागढिमाई न.पा. वडा नं. ६
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री विनायक कुमार सहनी, बाबु : श्री रामविनेश सहनी मलाह, बाजे : श्री राम सहाय सहनी मलाह
(ख) श्री रामविनेश सहनी मलाह, बाबु : श्री राम सहाय सहनी मलाह, बाजे : श्री भंगी सहनी मलाह
ठेगाना : बारा जिल्ला, महागढिमाई न.पा. वडा नं. ६
(ग) श्री चुमन बाबु केवट, बाबु : श्री सिताराम महतो केवट, बाजे : श्री बुझाबन महतो
ठेगाना : बारा जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. २
(घ) श्री संगीता देवी, बाबु : श्री नागेन्द्र सहनी मलाह, ससुरा : श्री राम सहाय सहनी मलाह, पति : श्री रामविनेश सहनी मलाह
ठेगाना : बारा जिल्ला, पत्रहट्टी गा.वि.स. वडा नं. ४
कर्जा : व्यापार कर्जा (आवधिक)
धितो सुरक्षणको विवरण : श्री भंगी सहनी मलाहको नाति, श्री राम सहाय सहनी मलाहको छोरा, बारा जिल्ला महागढिमाई न.पा. वडा नं. ६ बस्ने श्री रामविनेश सहनी मलाहको नाममा मालपोत कार्यालय कलैयामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला, मैनी गा.वि.स. वडा नं ५ स्थित कित्ता नं. ७१० र ७१२ को क्षेत्रफल ०-०-१७$^{१/२}$ र ०-०-१७$^{१/२}$ भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ।
२. बोलपत्र साथ आफुले बोलकबोल गरेको अंकको १० प्रतिशत नगद/ बैंक ग्यारेण्टी/गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ।
३. बोलपत्र स्विकृत भएपछि बैंकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ। अन्यथा धरौटी जफत हुनेछ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ।
५. बोलपत्र बुझाउने तथा खोल्ने दिन कारणबस सार्वजनिक बिदा पर्न गएमा त्यस पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्य हुनेछन्।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।
७. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्विकृत/अस्विकृत वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरिने छैन।
९. धरौटी स्वरुप जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन र बोलपत्रको अन्तिम निर्णय भए पश्चात फिर्ता हुनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/५/५ गते मंगलबार (कार्यालय समय भित्र)
खोलिने मिति : २०८०/५/६ गते बुधबार दिनको २:०० बजे
स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्बन्धित शाखा कार्यालयमा

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९ | कर्जा असूली विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य www.mahalaxmibank.com

प्रबुद्ध व्यक्ति समूहको फन्दा !

प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन भारतको चाहनाअनुरूप तयार नभएपछि त्यसलाई पहिले भारतीय प्रधानमन्त्रीको समय लिएर बुझाउने भन्ने फन्दामा जानीबुझी पारिएको त होइन ?



● भीम रावल

अग्रलेख

चैत ०५१ मा तत्कालीन एमाले अध्यक्ष तथा प्रधानमन्त्री मनमोहन अधिकारीले भारत भ्रमणका वेला भारतीय प्रधानमन्त्री पिभी नरसिंह रावसँग हैदराबाद हाउस र राष्ट्रपति भवनमा गरेको वार्तामा सन् १९५० को नेपाल-भारत मैत्री र शान्ति सन्धिका कतिपय प्रावधान असामयिक तथा असमान भएकाले पुनरावलोकन गरी परिवर्तन गर्नुपर्ने प्रस्ताव गर्नुभएको थियो । वार्तामा राज्यमन्त्री र भ्रमण दलको सदस्यको हैसियतले म पनि थिएँ । सो प्रस्तावप्रति सहमति जनाउँदै भारतीय प्रधानमन्त्री राव तत्सम्बन्धमा कूटनीतिक माध्यमबाट संवाद अगाडि बढाउन राजी हुनुभयो । तर, अधिकारीको भ्रमणप्रति विरोध जनाउँदै प्रस्थानका वेला शिष्टाचार कार्यक्रम बहिष्कार गर्ने कांग्रेसले एमालेको अल्पमतको सरकार ढालेपछि ०५२ भदौमा प्रधानमन्त्री बन्नुभएका शेरबहादुर देउवाबाट भारतसँग भएको सो सहमतिप्रति चासो राखिएन । माओवादी सशस्त्र विद्रोहको घोषणापछिका १० वर्षमा यस विषयमा कसैले ध्यान दिने कुरै भएन ।

अधिकारीको भारत भ्रमणको १७ वर्षपछि गणतान्त्रिक नेपालका प्रधानमन्त्री डा. बाबुराम भट्टराईले ०६८ मा भारत भ्रमणका वेला समकक्षी डा. मनमोहन सिंहसँग नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह गठन गर्ने सहमति गर्नुभयो । भट्टराईको यस्तो सहमति अधिकारीको पालामा भएको सन् १९५० को सन्धि पुनरावलोकन गर्ने सहमति कार्यान्वयन हुन नदिई नयाँ भ्रमजालमा लटपट्याउने उद्देश्यबाट प्रेरित थियो भन्ने तथ्य घटनाक्रमले पुष्टि गरिसकेको छ । सो सहमति गरेलगत्तै मैले अधिकारी प्रधानमन्त्री छँदा नेपालको माग र हितअनुकूल भारतसँग भएको सहमतिलाई पन्छ्याउने षड्यन्त्र भएको भन्दै प्रबुद्ध व्यक्ति समूह गठनको विरोध गरेको थिएँ । यसलाई मैले पार्टीका बैठक र नेतृत्वसँग पनि उठाएको थिएँ । एमालेको विरोधका कारण त्यसवेलाको राजनीतिक परिस्थितिमा प्रधानमन्त्री भट्टराई प्रबुद्ध व्यक्ति समूह गठन गर्न असफल हुनुभयो । त्यसपछि लामो समयसम्म त्यो विषय थन्किंयो ।

एमाले र माओवादी केन्द्रबीच पार्टी एकीकरण गर्ने सहमतिसाथ ०७४ को आमनिर्वाचनमा संयुक्त रूपमा भन्डै दुईतिहाइ बहुमत प्राप्त भएपछि नेपालको बाह्य सम्बन्धमा भए, गरिएका असमान सन्धि-सम्झौता पुनरावलोकन हुने धेरैको अपेक्षा थियो ।

यस्तो माग कम्युनिस्ट पार्टीको इतिहासमा लामो समयदेखि उठ्दै आएको मात्र होइन, एमाले र माओवादी केन्द्र दुवैले भारतसँगको १९५० को सन्धिलगायत सबै असमान सन्धि-सम्झौताको पुनरावलोकन एवं खारेजीप्रति पार्टी दस्ताबेज र चुनावी घोषणापत्रमा प्रतिबद्धता जनाएका थिए । ०७५ जेठमा दुवै दल एक भई नेपाल कम्युनिस्ट पार्टीको घोषणा पनि भयो । तर, पहिलोपटक प्राप्त त्यति ठूलो सफलता, शक्ति र अवसर हुँदा पनि बाह्य सम्बन्धका क्षेत्रमा निरंकुश जहानियाँ राणाशासन र बेलायती साम्राज्यवादले थोपरेका असमान सन्धि-सम्झौता पुनरावलोकन र परिवर्तन गर्नेतर्फ कुनै काम भएन ।

नेपालको संविधानको धारा ५१ (ङ) मा संविधानसभामा निकै ठूलो प्रयत्नबाट विगतका सबै सन्धि-सम्झौताको पुनरावलोकन गर्ने र असमान सन्धि-सम्झौता नगर्ने भनी उल्लिखित प्रावधानप्रति समेत कुनै चासो राखिएन ।

०५१ मा तत्कालीन प्रधानमन्त्री अधिकारीको भारत भ्रमणका समयमा भएको सहमतिलाई अगाडि बढ्न नदिन भारतको चाहनाअनुरूप डा. भट्टराईद्वारा ०६८ मा भारत भ्रमणको समयमा गरिएको नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह गठन प्रस्तावलाई नै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अगाडि बढाउनुभयो । यसबारे पार्टीमा कुनै औपचारिक छलफल र निर्णय गरिएन । यद्यपि सो समूहमा नेपालको हित संरक्षणप्रति संवेदनशील व्यक्तिहरू राखिएकाले उहाँहरू सन् १९५० को सन्धिलगायत सीमा समस्यासम्मका विषय प्रतिवेदनमा समावेश गराउन सफल हुनुभएजस्तो अनुभूति प्रतिवेदन तयार गर्दाका समयमा भएका आन्तरिक छलफलमा बुझिएको हो । तर, सो प्रतिवेदन दुवै देशका तर्फबाट रहेका संयोजकले एकैपटक आ-आफ्ना प्रधानमन्त्रीलाई बुझाउने सहमति नगरी पहिले भारतीय प्रधानमन्त्रीलाई बुझाउने निर्णय किन र कसरी गरियो भन्ने गम्भीर प्रश्न गम्भीर छ ।

सामान्यतया यस्तो प्रतिवेदन तयार भइसकेपछि दुई देशका जिम्मेवार व्यक्तिले आ-आफ्नो सरकारलाई बुझाउने सहमति हुनुपर्ने हो । प्रतिवेदन बुझाउने समय आएपछि पहिले भारतीय प्रधानमन्त्रीको समय लिएर बुझाउने भनी प्रस्ताव गर्ने व्यक्ति को थिए ? किन त्यसो गरियो ? यसबाट जसरी ०५१ मा अधिकारीको पालामा भएको सन्धि पुनरावलोकनको सहमतिलाई भट्टराईको पालामा आएर प्रबुद्ध व्यक्ति समूह गठन गर्ने प्रस्तावको फन्दामा पार्दै कार्यान्वयन नहुने स्थिति बनाइयो, त्यसरी नै प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन भारतको चाहनाअनुरूप तयार नभएपछि त्यसलाई पहिले भारतीय प्रधानमन्त्रीको समय लिएर बुझाउने भन्ने फन्दामा जानीबुझी पारिएको त होइन भन्ने प्रश्न उठ्छ । होइन भने नेपाल र भारतका प्रधानमन्त्री र परराष्ट्रमन्त्रीहरूले पटक-पटक एक-अर्काको देशमा भ्रमण गर्दासमेत प्रतिवेदन दुवै देशका प्रधानमन्त्रीले बुझेर तदनुकूल दुई देशको सम्बन्ध अगाडि बढाउने काम किन गरिएन ? किन यो विषय दुई देशका अन्य वार्ता र कूटनीतिक छलफलमा उठाइँदैन ? स्मरणीय छ, नेपालका



तर्फबाट प्रबुद्ध व्यक्ति समूहको सदस्य रहनुभएका नीलाम्बर आचार्य स्वयं नेकपाको भन्डै दुईतिहाइको शक्तिशाली सरकार भएको वेला भारतका लागि नयाँदिल्लीमा नेपालको राजदूत हुनुहुन्थ्यो । अहिले आएर नेपालका तर्फका संयोजक ८६ वर्षीय डा. भेषबहादुर थापाले परराष्ट्र मन्त्रालयमा प्रतिवेदन राखिएको दराजको साँचो आफ्नो साथमा रहेको र लामो समयसम्म प्रतिवेदन थन्क्याउन नसकिने बताउनुभएको छ भने भारततर्फका एक सदस्य बिसी उप्रेतीको मृत्यु भइसकेको छ । यस्तो स्थितिमा प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन बुझ्नसमेत नमान्दा के दुई छिमेकीबीच पारस्परिक समानता, सम्मान र हितको आधारमा सुमधुर सम्बन्ध कायम गर्न सहयोग पुग्छ त ? प्रतिवेदन लेखनको समयमा भारतीय पक्षका एक सदस्य जयन्त प्रसादले नेपालको हितअनुकूल विषय प्रवेश गर्न नदिन तत्कालीन भारतीय विदेशमन्त्री सुष्मा स्वराजलगायत प्रभावशाली व्यक्तिलाई गुहारेको सुनिएको थियो । त्यही प्रवृत्तिले भारतमा अहिले प्रश्रय पाएको त होइन ?

> दुवै देशको सहमतिमा गठित प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन बुझ्नसमेत नमान्दा के दुई छिमेकीबीच पारस्परिक समानता, सम्मान र हितका आधारमा सुमधुर सम्बन्ध कायम गर्न सहयोग पुग्छ त ?

नेपालका प्रधानमन्त्रीहरूले भारतको र भारतीय प्रधानमन्त्रीले नेपालको पटक-पटक भ्रमण गर्ने, नेपालका नदीनाला नेपालका प्रधामन्त्रीले विनाप्रतिस्पर्धा भारतलाई सुम्पने तर नेपाल-भारत सम्बन्धलाई समानताका आधारमा समयसापेक्ष बनाउन प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन बुझ्ने समय वा फुर्सद नभएको तर्क हास्यास्पद छ । यसो भन्नुको कूटनीतिक तात्पर्य प्रतिवेदन कार्यान्वयन हुन नदिने मात्र होइन, छलफलमा समेत आउन नदिने नियत हो । यस आशयको अभिव्यक्ति भारतीय उच्च कूटनीतिक ओहोदाका व्यक्तिबाट सार्वजनिक भई पनि सकेका छन् । यति बुझ्दाबुझ्दै औपचारिक वार्ता र भ्रमणमा नेपालका प्रधानमन्त्री, परराष्ट्रमन्त्री र जिम्मेवार अधिकारीले कुरा नगर्ने अनि भारतले प्रतिवदेन किन बुझेन भनेर बाहिर बोल्लुको के अर्थ हुन्छ ?

भारत भ्रमणमा जाने नेपालका विभिन्न प्रधानमन्त्रीले नेपालका प्रमुख नदीनाला मात्र भारतलाई सुम्पेका छैनन्, नेपालको भूमि र सीमा सुरक्षा, निर्यात व्यापारजस्ता विषयमा राष्ट्रिय हितको सुरक्षा गर्नेभन्दा सत्तास्वार्थ पूरा गर्नेतर्फ तल्लीन भएको देखिन्छ । हालै प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणमा पनि पुरानै प्रवृत्ति पुनरावृत्त भएको देखियो । नेपालका लिम्पियाधुरा, लिपुलेक, कालापानी तथा सुस्ता क्षेत्रलगायत भूभागमा भारतीय अतिक्रमण, भारतीय संसद् मा नेपालका लुम्बिनीलगायत भूभाग समेटिएको भारतको नक्सा र सन् १९४७ मा गरिएको त्रिपक्षीय गोर्खा भर्ती सन्धि, १९५० को असमान सन्धि, ठूलो व्यापार घाटा र नेपालका कृषिजन्य उत्पादनको भारत निकासीमा व्यवधान, प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदनजस्ता गम्भीर विषयमा उहाँले कुरै गर्नुभएन । उल्टै फुकोट कर्णाली र अरुण चौथो जलविद्युत् आयोजना विनाप्रतिस्पर्धा भारतलाई सुम्पेर आउनुभयो । भारतले नेपालबाट दश वर्षमा दश हजार मेगावाट बिजुली किन्ने हल्ला चलाइयो । तर, सो बिजुली भारतले नेपालका नदीमा आधिपत्य जमाएर आफैं उत्पादन गरेर लैजाने हो वा नेपालले उत्पादन गरेको विद्युत् किन्ने हो, स्पष्ट गरिएको छैन । भारतले नेपालका जलविद्युत् लगायत विकास आयोजनामा लगानी गर्नेको तीनपुस्ते खोजेको र चीनको संलग्नता भएका आयोजनाका लागि विस्फोटक पदार्थमा बन्देज लगाएबाट नेपालले उत्पादन गरेको विद्युत् भारतले किन्ने भन्ने अर्थ लाग्दैन । यस्ता बन्देज र अवरोध प्रधानमन्त्रीको भारत भ्रमणका वेला किन देखिएन ? भारतसँग भएका भनिएका सात सहमति वा सम्झौता संसद्मा किन जानकारी गराइएन ? जनताबाट किन लुकाइँदै छ ? नेपालीले भारत भ्रमण गर्दा परिचयपत्र देखाउनुपर्ने समाचार आएका छन् । तर, अन्तर्राष्ट्रिय कानुन र मान्यताअनुरूप नेपालको सीमा नियमन गर्ने, भारतीयले नेपाल आउँदा परिचयपत्र देखाउनुपर्ने र काम गर्नुपर्दा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था गर्न 'जनयुद्ध'मा 'राष्ट्रिय मुक्ति'को नारा दिनेतर्फ माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री 'प्रचण्ड'ले रुचि नराख्नुको रहस्य के हो ?

आफैंले गरेको सहमति पालना नगरी भारतले प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन नबुझ्ने र नेपालका प्रधानमन्त्री, परराष्ट्रमन्त्री र कूटनीतिज्ञले त्यसबारे केही भन्न नसक्ने स्थिति रहिरहनु नेपालको हितमा हुँदैन । भारतले प्रतिवेदन बुझ्न मान्दैन भन्ने अरण्य रोदनले पनि कुनै सकारात्मक परिणाम निस्कँदैन । अतः नेपालको संविधानले निर्देशित गरेअनुरूप नेपालको स्वतन्त्र परराष्ट्र नीतिलाई राष्ट्रिय हितअनुकूल सञ्चालन गर्ने हो भने अब नेपालका तर्फबाट रहनुभएका प्रबुद्ध व्यक्ति समूहले प्रतिवेदन नेपाल सरकारलाई तुरुन्त बुझाई सार्वजनिक गर्नुपर्छ ।

भारत सरकारले प्रतिवेदनप्रति चासो नराखेपछि ०५१ मा मनमोहन अधिकारी र पिभी नरसिंह रावबीचको समतिअनुसार सन् १९५० को सन्धि पुनरावलोकन गर्नेतर्फ कूटनीतिक र राजनीतिक पाइला चाल्नुपर्छ । सहमतिअनुरूप काम गर्न नसक्ने हो भने पनि नेपाल सरकारले स्वयं सन् १९५० को नेपाल-भारत सन्धिलगायत असमान र अपमानजनक सन्धि-सम्झौता पुनरावलोकनको काम नेपालको संविधानको मार्गनिर्देशनअनुरूप अगाडि बढाउन किन नसक्ने ? वार्तामा नेपालको अखण्डता, हित र स्वार्थसँग सम्बन्धित विषय किन नउठाउने ? आफ्नो देशहितका कुरा गर्नु भनेको अरूको विरोध गर्नु ठहरिन्छ र ? त्यस्तो ठहरिने हो भने शक्तिशाली र ठूला देशले अर्को पक्षको सहमति भए पनि नभए पनि आफ्नो हितका कुरा वार्तामा किन उठाउँछन् त ? अर्काको कूटनीतिक जाल र फन्दामा किन अलमलिने ? के आफ्नो देशको हित र स्वार्थविपरीत कुनै स्वाधीन देशका जिम्मेवार नेता वा शासक अर्कासामु लम्पसार पर्छन् र ? राष्ट्रिय स्वाधीनता, हित र स्वाभिमानको यथार्थपरक मार्गमा केही नगर्ने उल्टै थप असमान र अपमानजनक सन्धि-सम्झौता र सहमति गर्दै जाने कार्य जनता र देशको अस्मिता, अस्तित्व र हितमाथिको गम्भीर आघात हो । यस्तै गलत प्रवृत्ति, चरित्र र कामबाट नेपाल र नेपाली जनता आज आक्रान्त र पीडित छन् । नेपाल र नेपालीको हितमा काम गर्ने भनी शपथ खाएर राज्यका ठुल्ठूला महत्त्वपूर्ण पदमा पुग्नेहरूले आत्मसमीक्षा र चिन्तन गर्नु उपयुक्त हुनेछ ।

---

३ प्रश्न

पूर्वस्वास्थ्यसचिव
डा. सुशीलनाथ प्याकुरेललाई



भिभिआइपी र भिआइपीको स्वदेशमै उपचार गरिने भनी सरकारले गरेको व्यवस्था कस्तो लाग्यो ?

यो नयाँ व्यवस्था होइन । जनस्वास्थ्य ऐन र नियमावलीमा यसबारे प्रस्ट व्यवस्था छ । यसरी नयाँ नयाँ हल्ला पिटाउनुभन्दा पनि ऐन र नियमावलीमा भएको व्यवस्था पूर्णतः कार्यान्वयन गरिनेछ भनिएको भए पुग्थ्यो । यसअघि यहाँ उपचार हुन नसक्ने अवस्थामा मेडिकल बोर्डको सिफारिसमा विदेशमा उपचार गरिने व्यवस्था थियो । अहिले छुट्टै कमिटी बनाइएको छ । यसले बोर्डलाई बाइपास गर्न खोजिएको जस्तो देखिन्छ ।

यो व्यवस्थाले देशको स्वास्थ्य क्षेत्रको सुधारमा सकारात्मक प्रभाव पार्ने सम्भावना कति छ ?

देशका भिभिआइपी र भिआइपीको पनि यहींका अस्पताल उपचार हुन थाल्यो भने त्यो सबैका लागि 'रोलमोडेल' बन्न सक्छ । तर, धनीमानी र उच्च पदस्थ भिभिआइपी र भिआइपीको उपचारका लागि सम्भव भएसम्मका उपाय र विशेषज्ञ चिकित्सक प्रयोग गर्ने र उपचार सम्भव नभएमा विदेश लान सिफारिस गर्ने कमिटी हुन्छ भने गरिब जनताले चाहिं के गर्ने ? यसका लागि राज्यले सबै अस्पतालको गुणस्तर सुधार, आवश्यक उपकरणको व्यवस्थापन, चिकित्सकको थप दरबन्दी र स्वास्थ्यकर्मीको तालिमलगायत पक्षमा ध्यान दिने हो भने कोही पनि उपचारका लागि विदेश जानुपर्ने अवस्था हत्तपत्त आउँदैन ।

यो व्यवस्था कार्यान्वयन हुन सक्ने सम्भावना कति छ ?

चिकित्सकहरू कुनै न कुनै दलमा आबद्ध भएकै हुन्छन् । उनीहरूबाट यहाँ उपचार हुन सक्दैन, विदेश लानुपर्छ भन्ने सिफारिस बनाउन कठिन छैन । त्यसैले, यो व्यवस्था पूर्णतः कार्यान्वयन हुनेमा शंकै छ ।

प्रेरक प्रसंग

पवित्र र इमानदार पेसा

एकपटक बाल गंगाधर तिलक आफ्ना केही निकट मित्रसित वार्तालाप गरिरहेका थिए । उनले भर्खरै वकालत पास गरेका थिए । एक मित्रले उनीसित सोधे- तिलक, तिमीले वकालत पास गऱ्यौ । अब अगाडि के गर्ने विचार छ ? कुनै सरकारी नोकरी गर्छौं कि न्यायालयमा वकालत ?

मित्रको प्रश्न सुनेपछि एकैछिन घोरिएर तिलकले भने- मलाई सरकारको दास बनाउने पैसा चाहिँदैन । हरेक दिन कैयौंपटक झुट बोल्नुपर्ने वकालत पनि मलाई गर्नु छैन । उनको जवाफपछि यस विषयमा खासै चर्चा भएन । उनीहरू अरू नै विषयमा कुराकानी गर्न थाले ।



यस घटनाको केही दिनपछि तिलकका साथीहरूले तिलकले कुनै एक स्कुलमा पढाउन सुरु गरेको खबर सुने । उनको तलब थियो, महिनाको ३० रुपैयाँ । तिलकका तिनै मित्र, जसले उनीसित भविष्यको योजनाबारे सोधेका थिए, सीधै तिलककहाँ पुगे । उनले आश्चर्यपूर्वक सोधे– यो तिमीले के गऱ्यौ तिलक ? वकालतको डिग्री लिएर पनि तिमी अध्यापक किन बन्यौ ? के तिमीलाई शिक्षकहरूको आर्थिक दुरवस्थाबारे केही पनि थाहा छैन ? मित्र तिलक, जब तिमीले यो संसार छाड्नेछौ, त्यतिखेर तिम्रो घरमा अन्तिम संस्कारका लागि समेत केही पनि बाँकी हुनेछैन ।

आफ्ना मित्रको भनाइ सुनेपछि मुस्कुराउँदै तिलकले भने- मेरा प्रिय मित्र, मैले जुन पेसा चुनेको छु, त्यो निकै पवित्र छ, इमानदार छ । रह्यो मेरो अन्तिम संस्कारको चिन्ता, त्यसको व्यवस्था पक्कै पनि नगरपालिकाले गरिदिनेछ । बेकारमा म त्यसको किन चिन्ता गरिरहूँ ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सरकार कडा बनोस्

हाम्रो जस्तो सानो र सुन्दर देशभित्र लामो समयदेखि सरकार बन्ने र भत्किने खेल चलिरहेको छ । जुनसुकै पार्टीको सरकार बने पनि देश र जनताको हितमा कसरी मुखरित हुने भन्नेतर्फ कसैको पनि ध्यान गएको छैन । त्यसमा पनि सरकार चलाउने दल र नेतालाई देशको कर्मचारीतन्त्र कस्तो हुनुपर्छ भन्ने ज्ञान छैन ।

हाम्रो देशका सरकारी दरबन्दीमा नियुक्त हुने कुनै पनि कर्मचारीले कुनै पनि निजी निकाय वा संस्थामा सेयर कारोबार गर्न र त्यसमा संलग्न हुन बन्देज गर्नुपर्ने देखिन्छ । यस विषयमा सरकार कडा बन्नैपर्छ । कुनै पनि सरकारी कर्मचारी निजी क्षेत्रको लगानीकर्ता बन्नु हुँदैन । त्यसैले, यस विषयमा सरकारको अविलम्ब ध्यान जाओस् ।

● **हेमकुमार थापा**, भक्तपुर
hemkth@yahoo.com

सरकारको राम्रो निर्णय

'भिभिआइपी र भिआइपीले अब स्वदेशमै उपचार गर्नुपर्ने' शीर्षकको समाचार निकै सकारात्मक छ । सरकारले १७ जना विशेषज्ञ चिकित्सकको उपचार टोली गठन गरेर सो टोलीले नेपालमा उपचार गर्न सम्भव छैन भनेर विदेश लान सिफारिस गरेको अवस्थामा बाहेक कुनै पनि भिभिआइपी या भिआइपीले स्वदेशमै उपचार गराउनुपर्ने व्यवस्था एकदम राम्रो छ । अब यसलाई कडाइसाथ कार्यान्वयन गरिनुपर्छ । उपचार खर्च पनि भिआइपी स्वयंले नै तिर्ने व्यवस्था हुनुपर्छ ।

● **करिश्मा नेपाली**
न्युरोड, काठमाडौं

यो कस्तो पुल हो ?

'कञ्चनपुरमा सडकविनाको पुल' शीर्षकको तस्बिर देख्दा र त्यसमुनि दिइएको क्याप्सन पढ्दा अनौठो लाग्यो । कुनै ठाउँमा सडक नै छैन भने त्यस ठाउँमा मोटर चल्ने पुल किन चाहियो ? फेरि यो पुल सर्वसाधारणका लागि पैदलै आवतजावत गर्नका लागि हो कि भनूँ भने खोलाजति पुलको दायाँबायाँबाटै जानेजस्तो देखिन्छ । यस्तो अवस्थामा खोलामा बाढी आयो भने सर्वसाधारण पुलसम्म पुग्ने सक्दैनन् । अनि त्यहाँ किन चाहियो पुल ?

● **सौजन्य बर्देवा**
घट्टेकुलो, काठमाडौं

किन घाँडो भयो बक्स अफिस प्रणाली ?

विगतमा बक्स अफिस प्रणाली लागू नहुँदा हल सञ्चालकले हिसाब पूरा देखाएनन्, हामी ठगीमा पर्‍यौं, हिसाब पारदर्शी गर्न बक्स अफिस प्रणाली अत्यन्तै जरुरी छ भन्दै चलचित्र निर्माता तथा निर्देशकले सरकारलाई दबाब दिएका थिए । अहिले आएर सरकारले विभिन्न मल्टीप्लेक्समा बक्स अफिस प्रणाली लागू गरेपछि त्यही प्रणाली तिनै निर्माता-निर्देशकका लागि घाँडो भएको छ । जब 'छक्कापञ्जा-४ ले १७ करोड कमाएको तथ्य चलचित्र विकास बोर्डले सार्वजनिक गऱ्यो, तब सो चलचित्रका निर्माता दीपकराज गिरीले असन्तुष्टि जनाए । दीपकले असन्तुष्टि जनाउनु स्वाभाविकै थियो । नेपालमा वार्षिक १० लाखभन्दा बढी आम्दानी गर्नेले भ्याटसरह कर तिर्नुपर्छ । यसरी कर तिर्दा १७ करोडको भन्डै तीन करोडभन्दा बढी कर तिर्नुपर्छ ।

हिजो बक्स अफिस प्रणाली लागू नहुँदा आफ्ना 'छ एकान छ' र 'वडा नं ६' हलमा चल्दै गर्दा करोडौं कलेक्सन गरेको कुरा स्वयं निर्माताले नै मिडियासामु नै दाबी गर्थे । फेरि छक्कापञ्जा-४ ले १७ करोड कमायो भन्दा दीपकलाई केको आपत्ति ? अचम्म त के छ भने हालै प्रदर्शित नेपाली चलचित्र बगानले १८ लाख कमाएको कुरा चलचित्र विकास बोर्डले सार्वजनिक गर्दा त्यहाँ पनि सो चलचित्रका निर्माता-निर्देशकले असन्तुष्टि जनाए । उनीहरूलाई करको भन्दा पनि आफ्नो चलचित्रलाई 'सुपरडुपर' फ्लप भनेकामा चिन्ता रहेछ । के अब यो बक्स अफिस प्रणाली खारेज गर्ने हो त ?

● **मानबहादुर तामाङ**, काठमाडौं
maanlama75@gmail.com

जी-२० सदस्यताका लागि अफ्रिकी युनियनको तयारी

अफ्रिकी युनियनको जी-२० मा पूर्ण सदस्यतापछि अफ्रिकी नेताले थप न्यायपूर्ण र समावेशी वैश्विक वित्तीय प्रणाली निर्माणमा सहयोग पुऱ्याउन सक्छन्



देश/विदेश

● इब्राहिम अस्साने मायाकी ● दाउदा सेम्बेन

जी-२० समूहमा अफ्रिकी युनियन (एयू) समावेश हुनुपर्छ भन्ने मत बढ्दै गर्दा समावेशिताको सम्भावना बढेको छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँदिल्लीमा हुन गइरहेको जी-२० शिखर सम्मेलनमा एयूलाई पूर्ण-सदस्यता दिने प्रस्तावलाई अमेरिका, चीन, जापान, जर्मनी र फ्रान्सजस्ता प्रमुख सदस्यले समर्थन जनाएका छन् । सेनेगलका राष्ट्रपति म्याकी सलले एयूको अध्यक्षता गरेयता एयूलाई जी-२० मा समाविष्ट गर्नुपर्छ भनेर पैरवी गर्दै आएका थिए । अफ्रिकी महादेशको आर्थिक एवं जनसांख्यिक महत्त्वलाई हेर्दा सदस्यताको प्रस्ताव पहिल्यै आइसक्नुपर्ने सल बताउँछन् । पूर्ण सदस्यतापछि सबैको हितका लागि अफ्रिकी नेताले थप न्यायपूर्ण र समावेशी वैश्विक वित्तीय प्रणाली निर्माण गर्न तथा जलवायु परिवर्तन, सम्भावित महामारीका पेचिला चुनौतीका बहुपक्षीय समाधानमा सहयोग पुऱ्याउन सक्छन् ।

सुरुमा एयूले जी-२० का लागि आफ्नो प्रतिनिधित्वको छनोटमा ध्यान दिन आवश्यक छ । जी-२० नेताको शिखर सम्मेलन वर्तमान अध्यक्ष उपस्थित हुनु तार्किक विकल्पजस्तो लागे पनि उपयुक्त देखिँदैन । एयूको नेतृत्वमा बारम्बार हुने परिवर्तन (अध्यक्षता हरेक वर्ष फेरिन्छ) र त्यसमाथि सीमित संस्थागत समर्थनले एयूको अर्थपूर्ण योगदानलाई बाधा पुऱ्याउन सक्छ ।

जी-२० नेताको शिखर सम्मेलनमा एयूको लामो समयसम्म प्रतिनिधित्व गर्न एयूको दैनन्दिनको काम हेर्ने एयू आयोगका अध्यक्ष वा एयू सम्बद्ध राज्यका भूतपूर्व प्रमुख छान्नु उपयुक्त विकल्प हुन सक्छ ।

तर, यति भन्दै गर्दा जी-२० शिखर सम्मेलनमा एयूको बलियो नेताको प्रतिनिधित्व गराउनु नै सबैथोक होइन । जी- २०को 'फाइनेन्स ट्र्याक' र 'सेर्पा ट्र्याक'अन्तर्गत हुने मन्त्रीस्तरीय, केन्द्रीय बैंकस्तरीय र प्राविधिक कार्य समूहस्तरीय बैठकमा पनि पर्याप्त प्रतिनिधित्वको आवश्यकता छ । यसमा पनि वित्तीय क्षेत्र हेर्ने फाइनेन्स ट्र्याकमा ध्यान दिन आवश्यक छ । यस ट्र्याकले अफ्रिकी अर्थतन्त्रका लागि केन्द्रीय भूमिका निर्वाह गर्ने ऋण सेवा निलम्बन पहल (डिएसएसआई) भन्दा बाहिरको ऋण समाधान गर्ने साझा खाका र दिगो वित्तीय रोडम्यापमा ध्यान दिन्छ ।

दोस्रो एयू प्रतिनिधित्व प्रभावकारी हुनका लागि अफ्रिकी नीति-निर्माताले विश्वव्यापी आर्थिक मामिलामा साझा दृष्टिकोण स्थापित गर्न आवश्यक छ । कूटनीतिक सरोकारमा अफ्रिकी दृष्टिकोणलाई आकार दिन एयू प्रभावकारी रहे पनि आर्थिक नीतिका मामिलामा एकरूपताको कमी छ । यद्यपि केही अफ्रिकी नेताले यी सरोकारलाई खुला रूपमा सम्बोधन गरे पनि अपूरो छ । सम्पूर्ण अफ्रिका महादेशले जी-२० को निर्णयमा प्रभावकारी रूपमा आफ्नो मत पुऱ्याउन महादेशभित्रको आवाजलाई एकताबद्ध गर्नुपर्छ । पूर्ण सदस्यताको सम्भावनाले एयूलाई सबै आवश्यक स्थानीय सरोकारवालालाई समावेश गरी एकीकृत आर्थिक अवस्था सिर्जनाका लागि व्यवस्थित दृष्टिकोण स्थापना गर्न उत्प्रेरित गर्नुपर्छ ।

तेस्रो, एयूले विश्वव्यापी वित्तीय संरचनालाई पुनः आकार दिन स्पष्ट योजना बनाउनुपर्छ । जलवायु परिवर्तन, खाद्य र ऊर्जा असुरक्षा, स्वास्थ्य संकट र द्वन्द्वजस्ता जटिल चुनौती सामना गर्दै अफ्रिकाले ठूलो वित्तीय घाटामा काम गरिरहेको छ । हालको अन्तर्राष्ट्रिय वित्तीय प्रणालीले अफ्रिकाको दिगो विकास आवश्यकताको एक अंश मात्रै सम्बोधन गर्छ, जुन सन् २०३० सम्म वार्षिक रूपमा १३ खर्ब डलर अनुमान गरिएको छ । सन् २०१६ देखि २०१९ सम्म अफ्रिकाले विश्वव्यापी जलवायु वित्तको केवल तीन प्रतिशत मात्र पाएको छ अर्थात् ३० अर्ब डलर



तस्बिर : एड्वार्डो सोतेरस/एएफपी

मात्रै पाएको छ । र, यो पेरिस जलवायु सम्झौतामा उल्लिखित प्रतिबद्धता पूरा गर्न सन् २०३० सम्म आवश्यक पर्ने २७ खर्ब डलरभन्दा निकै कम छ । प्रणाली परिमार्जनका लागि ठूलो समर्थन मौजुद भए पनि सुधारमा पर्याप्त समर्थन भने देखिँदैन । एयूलाई आफ्ना साझेदारलाई एकजुट गर्न र वास्तविक परिवर्तनलाई चालू राख्न विस्तृत रणनीति आवश्यक पर्छ । यो प्रयासलाई ध्यानमा राख्दै अफ्रिकी नेताले योजना विकास गर्न र यसको कार्यान्वयनमा समन्वय गर्न सम्बन्धित संस्था र विशेषज्ञसँग थप जोडिनुपर्छ ।

अन्त्यमा जी-२० समूहको निर्णय प्रक्रियामा एयूलाई सामेल गर्ने छलफलमा एयूले आफ्नो प्रभाव बढाउन जी-२० सदस्य राष्ट्रसँग सहकार्य गर्नुपर्छ । यी सहकार्यले सरकार र युरोपियन युनियन (इयू) देखि थिंक ट्यांक, विद्वान्, नागरिक समाज, व्यवसाय, ट्रेड युनियन र युवा एवं महिलाको प्रतिनिधित्व गर्ने संस्थालाई समावेश गर्नुपर्छ । यसबाहेक एयूले आफ्नो जी-२० योजनामा सक्रिय रूपमा अफ्रिकाका स्थानीय समूह र विकास साझेदारको राय-सल्लाहलाई समावेश गर्नुपर्छ । अखिल-अफ्रिकी संस्था, अन्तर्राष्ट्रिय संस्था, र अन्य गैरसरकारी निकायले बहुमूल्य सहयोग गर्न सक्छन् र यसलाई लिनु आवश्यक छ ।

जी-२० को सदस्यता हासिल गर्नाले एयूलाई आफ्नो एजेन्डा २०६३ लाई विश्वव्यापी विकास एजेन्डा बनाउन र जलवायु अनुकूलन, ऊर्जा संक्रमण र पूर्वाधार परियोजनाका लागि सुरक्षित कोष हासिल गर्ने बाटो खोल्छ । यति भन्दै गर्दा मौजुदा शक्तिशाली राष्ट्रबीचको प्रतिद्वन्द्विता भएको विश्व एयूले बहुपक्षीय सहयोगमा मात्र निर्भर हुनुहुँदैन । यसले विद्यमान सहयोगीसँगको सम्बन्धलाई सुदृढ गर्नुपर्छ, आर्थिक सहयोगका लागि अमेरिका र चीनबीचको नाजुक सन्तुलनको व्यवस्थापन गर्नुपर्छ, र ब्रिक्स राष्ट्र (ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका) सँगको बढ्दो आर्थिक सम्बन्धको लाभ उठाउनुपर्छ ।

सम्भावित स्थायी जी-२० सदस्यताको तयारी एयू र यसका सदस्य राष्ट्रका लागि प्राथमिकताको विषय हुनुपर्छ । अपेक्षित राजनीतिक र विकासका नतिजा हासिल गर्न अहिले नै आधार तयार गर्नु महत्त्वपूर्ण छ ।

*(मायाकी नाइजर

रुसविरुद्ध युक्रेनको प्रत्याक्रमण असफल भएकै हो ?

युक्रेनले रुसविरुद्ध सुरु गरेको भीषण प्रत्याक्रमणको पहिलो दुई हप्तामा युद्धक्षेत्रमा पठाएको २० प्रतिशत हतियार गुमाएको अमेरिकी र युरोपेली अधिकारीले बताए। तिनका अनुसार युक्रेनले गुमाएका हतियारमा पश्चिमले दिएको शक्तिशाली तोप र बख्तरबन्द गाडीसमेत समावेश छन्। तिनको प्रयोगबाट युक्रेन रुसमाथि हाबी हुने आशा गरिएको थियो। ठूलो क्षति भएपछि युक्रेन उसको रणनीति बदल्न बाध्य भयो। रणनीति बदलेपछि युक्रेनले रुसी सेनाको बारुदी सुरुङ ओछ्याइको क्षेत्रमा सीधै जाइलाग्नुभन्दा क्षेप्यास्त्र र तोपगोलामार्फत शत्रुलाई गलाउने नीति लिएको छ। यसले प्रारम्भिक दिनको युक्रेनी क्षतिलाई १० प्रतिशतमा झारेको अधिकारीले बताएका छन्।

> रुसविरुद्धको प्रत्याक्रमण अभियानको सुरुवातमा युक्रेनले झन्डै २० प्रतिशत हतियार र कवच गुमायो। त्यसैले, युक्रेनी कमान्डरहरू यस अभियानलाई केही समय रोकेर रणनीति परिवर्तन गर्न बाध्य भएका छन्।

क्षति घटेको भए पनि यसले युक्रेनी फौजको एक निराशाजनक वास्तविकतालाई उजागर गरिदिएको छ। पश्चिमको समेत साथ-सहयोगमा लामो तयारीपछि फेब्रुअरीबाट सुरु भएको युक्रेनी प्रत्याक्रमण रुसको बलियो प्रतिरक्षासँग संघर्ष गरिरहेको छ। युक्रेनले यस प्रत्याक्रमणबाट दक्षिणतर्फ रुसी कब्जामा रहेको अजोभ समुद्रसम्म पुग्ने र रुसी सेनालाई दुई भागमा विभाजित गर्ने लक्ष्य लिएको थियो। तर, प्रारम्भिक लक्ष्यअनुसार युक्रेनी फौजले नियन्त्रण लिनुपर्ने ६० माइलमध्ये जम्मा पाँच माइल मात्र कब्जामा लिन सफल भएको छ।

एक युक्रेनी सिपाहीको युनिटले खिचेको भिडियो फुटेजमा भेल्यिका नोभोसिल्का सहरको दक्षिणमा आधा दर्जन पश्चिमी बख्तरबन्द गाडी रुसी आक्रमणमा नष्ट भएको देखिएको छ। 'ती सबै जलेका थिए,' आफूलाई सार्जेन्ट भनी चिनाउने ती सिपाहीले भने। युक्रेनले प्रत्याक्रमणको तयारीमा धेरै समय लगाएकाले यस अवधिलाई रुसले त्यसको प्रतिरक्षाको तयारी गर्ने पर्याप्त समय पायो। अहिले युद्धको अग्रभाग रुसी बारुदी सुरुङ, तोपका पासो र सैन्य ट्रेन्च (लुक्ने खाडल)ले भरिएको छ। र, यस भेगमा रुसी निगरानी ड्रोन र आक्रमणकारी हेलिकोप्टरले नियमित गस्ती गरिरहेका हुन्छन्। यस्तो स्थितिमा युक्रेनले अपेक्षाकृत ठूलो नोक्सानी व्यहोर्नु स्वाभाविक भएको सैन्यविज्ञहरू बताउँछन्। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की स्वयंले केहीअघि प्रत्याक्रमण अभियानमा अवरोध आएको स्वीकार गरे, तर त्यसका लागि हतियारको अभावलाई दोष दिए। उनले यस स्थिति सुधारका लागि पश्चिमी सहयोगी मुलुकले हतियार आपूर्तिको गति तीव्र बनाउनुपर्ने बताए।

युक्रेनको प्रमुख सहयोगी राष्ट्र अमेरिकाका अधिकारीले प्रत्याक्रमण बीचमा रोकिएर पुनः सुरु भएको बताए। पछिल्लो समय युक्रेनी सेनाले हताहतीको जोखिमलाई ध्यानमा राख्दै बारुदी सुरुङ पहिचानमा जोड दिएको पनि तिनले बताए। अमेरिकाले दिएको क्लस्टर बमले युक्रेनी फौजलाई गति दिएको तिनले बताए। 'अहिलेको गति त्यति छिटो छैन, तर पनि यो समयतालिकाभन्दा धेरै पछाडि पनि छैन,' युक्रेनको अर्को सहयोगी मुलुक बेलायतका रक्षामन्त्री बेन वालेसले भने।

समस्या मुख्यतः दक्षिणी युक्रेनको खेत र मैदानमा देखिएको छ, जहाँ प्रत्याक्रमणको मुख्य लडाइँ लडिँदै छ। त्यहाँ युक्रेन फौजले पहिलेदेखि चाहेको अमेरिकी बख्तरबन्द गाडी 'ब्राडली फाइटिङ भेहिकल' दैनिक रूपमा एन्टी-ट्यांक माइनको पासोमा पर्ने गरेका छन्। करिब ३४ टन तौल भएको यस सवारीसाधन गोलीबारी भइरहने क्षेत्रमा सिपाहीको ओसारपसार गर्ने हिसाबले डिजाइन गरिएको छ। यसको पछाडिको भागबाट सैनिकहरू निस्कन सक्छन्। प्रत्याक्रमणको योजना बनाउँदा यस वाहनले सिपाहीलाई खुला मैदानबाट बचाउँदै रुसी सैनिक लुकेर बसेको खाडल र बंकरमा पुऱ्याउने र युद्धमा महत्त्वपूर्ण सहयोग गर्ने लक्ष्य थियो। ब्राडलीले कैयौँ अवस्थामा यो लक्ष्य राम्ररी पूरा गऱ्यो पनि। तिनको बाक्लो बनावटले धेरै सिपाहीलाई बारुदी सुरुङको विस्फोटबाट सुरक्षा प्रदान गरी बचाएको छ।

'यो वाहनले बारुदी सुरुङ टेकेपछि हुने विस्फोटले तपाईंको कान नै टिन्न पार्छ र भित्रका सामान उडेर यत्रतत्र छरिन्छन्,' आफ्नो पहिलो नाम र पद मात्र उल्लेख गर्न आग्रह गरेका प्राइभेट सेरहिय नामका सिपाहीले भने। उनी गत महिना जापोरिझिया क्षेत्रको ओरिखिभ सहरको दक्षिणी भागमा भएको लडाइँमा यस्तै विस्फोटमा परेका थिए। तर, पहिले अपेक्षा गरिएभन्दा धेरै अवस्थामा विस्फोटले सवारीसाधनलाई नराम्ररी क्षति पुऱ्याएको छ, जसले ती वाहन रुसी अग्रमोर्चामा पुनुसाधि नै प्रयोगहीन हुने गरेका छन्। सैन्यविज्ञले पहिलेदेखि नै प्रत्याक्रमणको पहिलो १६ माइल सबैभन्दा कठिन हुने बताएका थिए। आक्रमणकारी सेनालाई यस क्षेत्रमा रक्षात्मक फौजलाई भन्दा सामान्यतया तीन गुणा बढी शक्ति चाहिन्छ, चाहे त्यो हतियारमा होस् या सैन्यफौज वा दुवैमा।

युक्रेनका शीर्ष सैन्य अधिकृत जनरल भ्यालेरी जालुज्नीले युक्रेनले अमेरिकाको एफ-१६ जस्तो लडाकु विमानविनै लडिरहेको कुरामा निराशा व्यक्त गरे। अमेरिकाले केहीअघिबाट युक्रेनी पाइलटलाई एफ-१६ लडाकु विमानको तालिम दिन अनुमति दिएको छ। तथापि यो वाहन युक्रेनले हात पार्न अझै धेरै महिना लाग्नेछ। लडाकु विमान नहुँदा युक्रेनी सेनाहरू रुसी हेलिकोप्टर र तोपखानाको निसानामा पर्ने गरेका छन्। यी सबका बाबजुद अहिले नै प्रत्याक्रमणबारे निश्चित निष्कर्ष निकाल्न धेरै चाँडो हुने सैन्य विश्लेषकले चेतावनी दिएका छन्। युरोपियन काउन्सिल अन फरेन रिलेसनका रक्षा विशेषज्ञ र नेटोका पूर्वसहायक महासचिव क्यामिल ग्रान्डको पनि यस्तै विचार छ। तथापि पश्चिम लडाकु विमानले प्रदान गर्न सक्ने वायु श्रेष्ठता र वायु प्रतिरक्षाको अभावले अन्य परम्परागत द्वन्द्वका तुलनामा युक्रेनमा हताहत दर बढी हुने सम्भावना रहेको ग्रान्डले बताए।

> प्रत्याक्रमणका क्रममा नष्ट भएका हतियार र सशस्त्र सवारीसाधनको सटिक संख्या र मर्मत गर्न सकिने वाहनको संख्या गोप्य राखिएको छ



प्रत्याक्रमणका क्रममा नष्ट भएका हतियार र सशस्त्र सवारीसाधनको सटिक संख्या र मर्मत गर्न सकिने वाहनको संख्या गोप्य राखिएको छ। तथापि उपलब्ध खुला स्रोतका तथ्यांक र आधिकारिक अनुमानको संयोजनले केही चित्र प्रस्तुत गर्छ। प्रत्याक्रमण अभियानको सुरुमा तैनाथ गरिएका तीनवटा पश्चिम हतियार सुसज्जित र प्रशिक्षित एकाइमध्ये एक युक्रेनको ४७औँ ब्रिगेडले फेब्रुअरीदेखि सुरु हुने अभियानका लागि ९९ ब्राडली वाहन प्राप्त गर्ने योजना रहेको लिक भएको अमेरिकी सैन्य योजनामा उल्लेख थियो।

भिडियो र तस्बिरमार्फत सैन्य क्षतिको गणना गर्ने सैन्य विश्लेषण साइट ओरिक्सको तथ्यांकअनुसार जुलाईको मध्यसम्म २८ ब्राडली परित्याग गरिएको, क्षतिग्रस्त भएको वा पूर्ण नष्ट भएका छन्। जुन ८ र ९ को दिन जापोरिझिया प्रान्तको एउटा गाउँमा ४७औँ ब्रिगेड बारुदी सुरुङमा फसेका बेला हेलिकोप्टरबाट भएको आक्रमणमा मात्रै १५ वाहन नष्ट भएको साइटले उल्लेख गरेको छ। थप ६ वटा ब्राडली जुन २६ मा माला तोक्माच्कामा परित्याग वा नष्ट भएको थियो। ओरिक्स अनुसन्धानकर्ताले माला तोक्माच्काको क्षति पहिले नै भएको हुन सक्ने तथापि यकिन मिति स्पष्ट नभएको बताए।

४७औँ ब्रिगेड मात्र सुरुमा ब्राडलीहरू प्राप्त गर्न छनोट गरिएका आधारमा यसलाई दिइएका बख्तरबन्द सवारीसाधनको लगभग एकतिहाइ प्रयोगहीन भएको देखिन्छ। तिनमा सातबाहेक सबै एउटै युद्धभूमिमा क्षतिग्रस्त भएका थिए। बेलायती सुरक्षा गुप्तचर फर्म जेन्सका विश्लेषक डिलन ली लेहर्कका अनुसार यति ठूलो क्षतिले रुस युक्रेनी पक्षमा ठूलो क्षति पुऱ्याउने र थकाउने रणनीतिमा लागेको संकेत भएको बताए। ओरिक्सको तथ्यांकले जुन महिनामा मात्रै २४ वटा तोप हराएको देखाउँछ, जसमा युक्रेनको आफ्नै तोप र पश्चिमले सहायोगमा दिएका दुवै पर्छन्। तीमध्ये १० वटा जर्मन-निर्मित लिओपार्ड ट्यांक र बारुदी सुरुङ हटाउने वाहन पनि रहेको तथ्यांकले देखाउँछ।

सम्भवतः ती वाहन युक्रेनको ३३औँ ब्रिगेड संलग्न युद्धमा नष्ट भएका थिए, जुन ब्रिगेड प्रत्याक्रमणको सुरुमै तैनाथ गरिएका तीन एकाइमध्ये एक थियो। फेब्रुअरी २८ को अमेरिकी युद्ध योजना कागजातमा युक्रेनको ३३औँ ब्रिगेडले ३२ वटा लियोपार्ड प्राप्त गर्ने भनिएको थियो। यसको मतलब यस ब्रिगेडले पाएका ३० प्रतिशत जर्मन तोप गुमायो। ओरिक्सको तथ्यांकले दुईबाहेक सबै तोप लडाइँको पहिलो हप्तामै क्षतिग्रस्त भएको देखाउँछ।

युक्रेनी अधिकारीले तिनको सेनाले डोनेत्स्क क्षेत्रको दक्षिणी क्षेत्रमा अहिलेसम्म सबैभन्दा बढी प्रगति गरेको बताएका छन्। तर, त्यहाँ पनि भेल्याका नोभोसिल्काको पहिलेको अग्रमोर्चाबाट जम्मा पाँच माइलभित्र मात्र सेना पुग्न सकेको छ। प्रत्याक्रणमको प्राथमिक लक्ष्यअनुसार एजोभ सागरमा पुग्न अर्को ५५ माइल पार गर्नुपर्ने हुन्छ। त्यसो गर्न सकिए रुस र क्रिमियाबीचको भूसेतु कट्ने लक्ष्य थियो। जुन लक्ष्य हासिल भएको भए रुसको पहिले नै अस्थिर रसद आपूर्तिमा धक्का लाग्ने थियो। युक्रेनका सेनाहरू जापोरिझियाका दुई क्षेत्रमा मात्र अगाडि बढिरहेका छन्। दुईमध्ये ओरिखिब क्षेत्रमा प्रगति थप सुस्त छ। यस भेगमा विनाकभर ब्राडले र लियोपार्डको ठूलो संख्यालाई खुला मैदानमा पठाइएको भए पनि युक्रेनी सेना करिब एक माइल मात्र अगाडि बढ्न सकेको छ।

- न्युयोर्क टाइम्सबाट

इतिहासमा आज

अगस्ट ८



सन् १९४५ : अमेरिका, सोभियत युनियन, बेलायत र फ्रान्सले लन्डन सम्झौतामा हस्ताक्षर गरे। सम्झौताअन्तर्गत पूर्वनाजी नेतालाई अन्तर्राष्ट्रिय सैन्य अदालतद्वारा युद्ध अपराधीको रूपमा अभियोग लगाइयो र मुद्दा चलाइएको थियो।

- **सन् १९४५** : सोभियत युनियनद्वारा जापानमाथि युद्धको घोषणा।
- **सन् १९७४**: अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनको राजीनामा। वाटरगेट काण्डमा आफूमाथि महाभियोगको सम्भावनाबीच रिचार्ड निक्सनले पदबाट राजीनामा दिए। उनले राजीनामा दिएको भोलिपल्ट गेराल्ड फोर्ड राष्ट्रपति बनेका थिए।
- **सन् १९७९** : इराकका तत्कालीन राष्ट्रपति तथा तानाशाह सद्दाम हुसेनद्वारा २२ जना विपक्षी राजनीतिज्ञलाई मृत्युदण्डको घोषणा।
- **सन् १९८१** : टेनिस जगत्का विश्वविख्यात खेलाडी रोजर फेडररको जन्म दिन।
- **सन् १९८८** : अंगोला, क्युबा र दक्षिण अफ्रिकाले युद्धविराम सन्धिमा हस्ताक्षर गरे। तीन देशबीच सन् १९६६ देखि सीमायुद्ध सुरु भएको थियो।

दक्षिण एसियाका ४६ करोड बालबालिका गर्मीको चपेटामा

नयाँदिल्ली / संयुक्त राष्ट्रसंघले जलवायु परिवर्तनको प्रभाव बढ्दै जाँदा दक्षिण एसियाका तीनचौथाइ बालबालिकाले खतरनाक उच्च तापक्रम सामना गरिरहेको जनाएको छ। संयुक्त राष्ट्रसंघीय बालबालिकासम्बन्धी निकाय (युनिसेफ)ले यस क्षेत्रका करिब ४६ करोड बालबालिका अत्यधिक गर्मीको चपेटामा परेका जनाएको हो।

युनिसेफका दक्षिण एसिया क्षेत्रीय निर्देशक सञ्जय विजसेकेराले भने, 'विश्व नै जलवायु परिवर्तनको नकारात्मक असरबाट प्रभावित भइरहेको अवस्थामा तथ्यांकले दक्षिण एसियाका लाखौँ बालबालिकाको जीवन र कल्याणलाई गर्मी र उच्च तापक्रमका कारण खतरामा पारेको स्पष्ट देखाउँछ।' संयुक्त राष्ट्रसंघले अफगानिस्तान, बंगलादेश, भारत, माल्दिभ्स र पाकिस्तानका बालबालिका जलवायु परिवर्तनको प्रभावको 'उच्च जोखिममा' रहेको चेतावनी दिएको छ र एक वर्षमा ८३ वा सोभन्दा बढी दिन अत्यधिक उच्च तापक्रमलाई ३५ डिग्री सेल्सियस (९५ डिग्री फरेनहाइट) भन्दा बढी हुने अवस्थाको रूपमा परिभाषित गरेको छ। बच्चाहरू तापमान परिवर्तनका लागि छिटो अनुकूलन गर्न सक्दैनन्, उनीहरू शरीरबाट अतिरिक्त गर्मी हटाउन सक्षम हुँदैनन्।

'साना बालबालिकाले गर्मी सहन सक्दैनन्,' विजसेकेराले भने, 'हामीले अहिले नै कदम नचालेमा यी बालबालिकाले आगामी वर्षमा अझ बढी बारम्बार र अझ तीव्र गर्मीको सामना गर्नुपर्नेछ।'

सन् १८०० को दशकको उत्तरार्धदेखि लगभग १.२ डिग्री सेल्सियसको विश्वव्यापी तापक्रम वृद्धि, जीवाश्म इन्धनको जलनद्वारा सञ्चालित हुने उद्योग तथा कलकारखाना र मोटर तथा मेसिनसम्बन्धी प्रयोगले बारम्बार गर्मीको तरंगलाई तातो, लामो र अधिक बनाएको छ। साथै, तापक्रम वृद्धिले आँधीबेहरी र चरम मौसमी गतिविधिलाई तीव्र बनाएको छ।

युरोप, एसिया र उत्तरी अमेरिकाका केही भागका दसौँ लाख मानिसलाई प्रभावित गर्ने विश्वव्यापी तापक्रमका कारण तीव्र गर्मी बढेको जुलाई महिना विश्वव्यापी रूपमा रेकर्ड गरिएको अहिलेसम्मकै सबैभन्दा तातो महिना थियो। वैज्ञानिकका अनुसार विश्वले पहिले नै उत्सर्जनका कारण उत्पन्न गर्मी र अन्य प्रभावको अनुकूलन गर्न आवश्यक छ।

विश्व संक्षेप

संसद्मा राहुलको पुनर्बहाली

नयाँदिल्ली / भारतीय काग्रेसका नेता राहुल गान्धी मानहानि मुद्दामा दोषी ठहर भएपछि पहिलोपटक संसद्मा फर्किएका छन्। नेता गान्धीले दुई वर्षको जेल सजाय पाएपछि मार्चमा आफ्नो सांसदको हैसियत गुमाएका थिए। सर्वोच्च अदालतले उनको सजाय स्थगित गरेको दुई दिनपछि सोमबार उनी पुनः सांसद बनेका हुन्। काग्रेस नेताहरूले संसद्बाहिर नाराबाजी र मिठाई बाँडेर उनको फिर्तीको उत्सव मनाएका थिए। संसद्मा अन्य विपक्षी पार्टीका नेताले पनि गान्धीको फिर्तीको खुसियाली मनाएका थिए। गान्धी केरला राज्यको वायनाड क्षेत्रबाट संसद्मा प्रतिनिधित्व गर्छन्। गान्धीको पुनरावेदनमाथि फैसला गर्दै अदालतले उनीविरुद्धको सजाय र वायनाडबाट निर्वाचित सांसद सदस्य निलम्बनको निर्णय रोक्न आदेश सुनाएको थियो। गान्धीले सन् २०१९ मा मोदी थरविरुद्ध विवादास्पद अभिव्यक्ति दिएका थिए।

हुन सेनले गरे छोरालाई सत्ता हस्तान्तरण

नोमपेह / करिब चार दशक शासन गरेका कम्बोडियाली नेता हुन सेनबाट सत्ता हस्तान्तरणको घोषणासँगै उनका छोरा हुन मानेटलाई सोमबार राजा नोरोदोम सिहामोनीले कम्बोडियाको नयाँ प्रधानमन्त्री नियुक्त गरेका छन्। गत जुलाईमा भएको चुनावमा 'सानदार जित' हासिल गरेको केही दिनपछि विश्वमा सबैभन्दा लामो समयसम्म सत्तामा रहेका नेता हुन सेनले प्रधानमन्त्री पदबाट राजीनामा दिई आफ्ना जेठा छोरालाई सत्ता हस्तान्तरण गर्ने घोषणा गरेका थिए। सत्तारुढ कम्बोडियाली पिपुल्स पार्टी (सिपिपी) ले १२५ सदस्यीय तल्लो सदनमा पाँच सिटबाहेक सबै सिट जितेको थियो। मुख्य विपक्षी प्रतिद्वन्द्वी क्यान्डल लाइट पार्टीलाई प्राविधिक रूपमा प्रतिस्पर्धा गर्नबाट रोकेपछि यो निर्वाचनको आलोचना गरिएको थियो।

अन्तरिक्षमा कसैको मृत्यु भयो भने के हुन्छ ?

अन्तरिक्ष यात्रा सामान्य बन्दै जाँदा बाटोमै यात्रीको मृत्यु हुने सम्भावना पनि बढ्दै छ

मानव जातिलाई अन्तरिक्षमा पठाउनु पक्कै पनि एउटा असाधारणरूपले कठिन र खतरनाक काम हो। मानिसले अन्तरिक्षको अन्वेषण सुरुगरेको ६० वर्षयता केवल २० जनाको मात्रै मृत्यु भएको छ, जसमध्ये सन् १९८६ र सन् २००३ मा भएको नासाको अन्तरिक्षयानको दुर्घटनामा १४ जना, सन् १९७१ को सोयुज ११ अभियानमा तीन अन्तरिक्षयात्री र सन् १९६७ मा एपोलो-१ को प्रक्षेपण प्याडमा आगलागी भएर तीनजना अन्तरिक्षयात्रीको मृत्यु भयो।

मानवयुक्त अन्तरिक्ष उडान कत्तिको जटिल छ भन्ने बुझ्न अहिलेसम्म किन यति थोरै मानिसले मात्र जीवन गुमाएका छन् भन्ने बुझ्नु वास्तवमै महत्त्वपूर्ण हुन आउँछ। यद्यपि, नासा सन् २०२५ मा चालकदलसहितका यान चन्द्रमामा र अर्को दशकमा मंगलग्रहमा पठाउने योजनामा छ। व्यावसायिक अन्तरिक्ष उडान नियमित भइसकेको छ। अन्तरिक्ष यात्रा सामान्य बन्दै जाँदा अन्तरिक्षमा बाटामै कुनै यात्रीको मृत्यु हुने सम्भावना पनि बढ्दै छ। यसले मनमा एउटा नमीठो, तर अत्यावश्यक प्रश्न उब्जाउँछ : यदि अन्तरिक्षमा कसैको मृत्यु भयो भने त्यो शव के हुन्छ ?



● इम्यानुअल अरक्वेटा
अरक्वेटा स्पेस मेडिसिन एन्ड इमर्जेन्सी मेडिसिन, बेलर कलेज अफ मेडिसिनका प्राध्यापक हुन्।)

चन्द्रमा र मंगलग्रहमा मृत्यु हुँदा के हुन्छ ?

अन्तरिक्षयात्रीहरूलाई स्वस्थ राख्ने नयाँनयाँ तरिकाहरूको खोज गर्ने एक अन्तरिक्ष चिकित्सकका रूपमा म र ट्रान्सलेसन रिसर्च इन्स्टिच्युट फर स्पेस हेल्थको मेरो टोली अन्तरिक्ष अन्वेषक अन्तरिक्ष अभियानका लागि आवश्यकरूपले स्वस्थ रहन सक्ने कुराको सुनिश्चित गर्न चाहन्छौं। अन्तरिक्षमा हुने मृत्युलाई आजकाल कसरी व्यवस्थापन गरिन्छ भन्नेबारेमा यहाँ उल्लेख गरिएको छ।

यदि अन्तरिक्ष अभियानका क्रममा कसैको पृथ्वीको तल्लो कक्षमा मृत्यु भयो भने (जस्तै अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा) चालक दलले उक्त मृत शरीरलाई क्याप्सुलमा राखेर केही घन्टामै पृथ्वीमा फर्काउन सक्छन्। मृत्यु चन्द्रमामा भयो भने पनि चालक दल त्यो शव लिएर केही दिनभित्र पृथ्वी फर्कन सक्छ। नासासँग यस्ता घटनामा के गर्ने भनेर पहिलेबाटै विस्तृत प्रोटोकल रहेका हुन्छन्। यसर्थ, द्रुतरूपमा फर्काइने भएकाले मृतकको शवको संरक्षण नासाको प्रमुख चिन्ता नहुने देखिन्छ। यसको सट्टा पहिलो प्राथमिकता चालक दलका बाँकी सदस्य सुरक्षित रूपमा पृथ्वीमा फर्किने कुराको सुनिश्चितता गर्नु हुन्छ। तर, मंगलग्रहको ३० करोड माइलको यात्राका क्रममा कुनै अन्तरिक्ष यात्रीको मृत्यु भएमा भने अवस्था फरक हुनेछ। त्यस परिदृश्यमा चालक दल शव पृथ्वीमा फिर्ता गर्न फर्किन र पुनः अभियानलाई जारी राख्न सक्षम हुनेछैन। यसको सट्टा, उक्त मृतक अन्तरिक्षयात्रीको शव सम्भवतः मिसनको अन्त्यमा चालक दलसँगै पृथ्वीमा फर्किनेछ, जुन केही वर्षपछि हुन सक्छ।



> यदि अन्तरिक्ष अभियानका क्रममा कसैको पृथ्वीको तल्लो कक्षमा मृत्यु भयो भने (जस्तै अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा) चालक दलले शवलाई क्याप्सुलमा राखेर केही घन्टामै पृथ्वीमा फर्काउन सक्छन्

यसबीच, उक्त चालक दलले शवलाई अलग्गै च्याम्बर वा शवलाई सुरक्षित राख्ने थैलो (बडी ब्याग)भित्र सुरक्षित राख्नेछ। अन्तरिक्षयानभित्रको एकनासको तापक्रम र आर्द्रताले शवलाई जोगाउन सहयोग गर्नेछ। तर, यी सबै परिदृष्य मृत्यु वातानुकूलित वातावरणमा अर्थात् यान वा अन्तरिक्ष केन्द्रभित्रै भएको अवस्थामा मात्रै लागू हुन्छ।

तर, यदि कोही व्यक्ति स्पेस सुटको सुरक्षा कवचविनै अन्तरिक्षमा बाहिर निस्क्यो भने के हुन्छ ? त्यस्तो अवस्थामा उक्त अन्तरिक्षयात्रीको तत्कालै मृत्यु हुन्छ। शरीरमा आवश्यक बाह्य चापको अभाव र अन्तरिक्षको खाली स्थानसँगको साक्षात्कारले उक्त अन्तरिक्षयात्रीलाई सास फेर्न असम्भव बनाउँछ। उसको रगत र शरीरका अन्य तरल पदार्थहरू उम्लिनेछन्।

स्पेस सुट, अर्थात् अन्तरिक्षमा लगाउने पोसाकविना नै कुनै अन्तरिक्षयात्री चन्द्रमा वा मंगलग्रहमा बाहिर निस्किको भने के हुन्छ ?

चन्द्रमामा वायुमण्डल छैन भन्दा पनि हुन्छ (भए पनि निकै थोरै हुन्छ)। मंगलग्रहमा पनि वायुमण्डल एकदमै पातलो हुन्छ र त्यहाँ लगभग अक्सिजन हुँदैन। तसर्थ, नतिजा अन्तरिक्षमा एक्सपोज हुँदाजस्तै हुनेछ। अर्थात्, उक्त व्यक्ति निस्सासिने छ र उसको रगत तातोपानीजसरी उम्लिनेछ।

दाह संस्कारको विषयमा के हुन्छ ?

मार्नौं, मंगलग्रहको सतहमा अवतरण गरेपछि कुनै अन्तरिक्षयात्रीको मृत्यु भयो भने त्यस अवस्थामा दाहसंस्कारको अपेक्षा गर्न सकिँदैन। किनभने, त्यहाँ दाहसंस्कारका लागि धेरै ऊर्जा खपत हुनेछ जुन जीवित रहेका चालक दलका अन्य सदस्यहरूलाई अन्य उद्देश्यका लागि आवश्यक हुनेछ। उक्त शवलाई मंगलग्रहकै जमिनमा गाड्ने विचार पनि राम्रो होइन। शवबाट निस्कने ब्याक्टेरिया र अन्य जीवाणुले मंगलग्रहलाई दूषित गर्न सक्छ। यसको सट्टा चालक दलले पृथ्वीमा फर्किने वेलासम्म शव राख्ने विशेष थैलामा उक्त मृत शरीरलाई सुरक्षित राख्नेछ र लिएर फर्किनेछ।

अन्तरिक्ष अभियानका क्रममा अन्वेषकहरूले मृत शरीरलाई कसरी व्यवस्थापन गर्छन् भन्नेबारे अझै धेरै कुरा अज्ञात नै छ। यो शवलाई के गर्ने भन्ने मात्रै सवाल होइन। चालक दललाई सहयात्रीको मृत्युको सामना गर्न मद्दत गर्नु, पृथ्वीमा रहेका शोकमा परेका परिवारजनलाई सहयोग गर्नु पनि मृतकको शव व्यवस्थापन गर्नुजत्तिकै महत्त्वपूर्ण हुन्छ। चाहे चन्द्रमा होस् या मंगलग्रह वा हाम्रो सौर्य प्रणालीबाहिरका कुनै ग्रह नै किन नहुन् अन्य जगत्मा उपनिवेश बनाउन यस गम्भीर परिदृश्यबारे योजना र नियमको आवश्यकता हुनेछ।

- द कन्भर्सेसनबाट

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारे कृषि विकास बैंक लि, शाखा सामाखुशीको ३५ दिने सूचना

(सूचना प्रकाशन मितिः २०८०।०४।२३ गते)

कृषि विकास बैंक लि., शाखा सामाखुशीबाट तपसीलबमोजिमका व्यक्तिहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी कर्जाको साँवा, ब्याजलगायतका बुझाउनु पर्ने रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण रकम बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि २०७७ तथा प्रचलित ऐन नियमबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सो को प्रोप्राईटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने तथा अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपशिल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवा रकम रु.	मिति..२०८०/०४/०७ सम्मको ब्याज (रु.)	जम्मा तिर्नुपर्ने रकम
१.	लाल कुमार लामा	नागार्जुन न.पा.१, काठमाडौं	६६५७/६११६/३५३०३ काठमाडौं २०३७/११/२१	जित बहादुर लामा	मान बहादुर लामा	मोर्टगेज कर्जा	१,००,६२,५००	९,७९,१०३	१,१०,४१,६०३

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नामः

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
रोशनी लामा	नागार्जुन न.पा.१, काठमाडौं	१०५४५	काठमाडौं २०४९/०३/२१	लाल कुमार लामा	जित बहादुर लामा

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	ससुराको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०८०/०४/०७ सम्मको ब्याज (रु.)	जम्मा तिर्नु पर्ने रकम (रु.)
२.	देवकी सुयाल	कपिलाकोट ४, सिन्धुली	२०३०३०/६८० सिन्धुली,२०६३/१२/५	शिव कुमार मगर	हित बहादुर मगर	धरायसी कर्जा	१८,९०,०००	३,२२,७१९	२२,१२,७१९

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
शिव कुमार मगर	कुमरवोद ७, झापा	०४३०३८/७	झापा २०६३/१२/१९	हित बहादुर मगर	धन बहादुर मगर

कृषि बिकास बैंक लि.
बागमती प्रदेश कार्यालय
गौशाला, काठमाडौं।

धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल साउन महिना २३ गते मंगलबार)

यस विकास बैंक लि.को विभिन्न शाखा कार्यालयबाट तपशिलमा उल्लेखित ऋणीहरुले तपशिल बमोजिम कर्जा शिर्षकमा लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक रुपमा मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको निम्न बमोजिमको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

१. शाखा कार्यालय : गैंडाकोट — **कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

ऋणीको विवरण

नाम : **गणेश एयर कन्डिसन एण्ड रेफ्रिजेरेटर**
प्रोप्राइटर : गणेश ढकाल
प्रा.फ.र.नं. : ६९२/०७५/०७६
दर्ता मिति : २०७५/०८/१७
स्थायी लेखा नं. : ६०८८०७१५५
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय प्रदेश नं. ३, भरतपुर चितवन
ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१

व्यक्तिगत धनजमानीहरुको विवरण

१. नाम : **गणेश ढकाल** बाबुको नाम : इन्द्र प्रसाद ढकाल बाजेको नाम : मुक्ति प्रसाद ढकाल स्थायी ठेगाना : चितवन जिल्ला माडी वडा नं. ०१ हालको ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१ ना.प्र.नं : ३५२००८/१३३७ जारी मिति र जिल्ला : २०७४/०२/१९, चितवन	२. नाम : **इन्द्र प्रसाद ढकाल** बाबुको नाम : मुक्ति प्रसाद ढकाल बाजेको नाम : टेक नारायण ढकाल स्थायी ठेगाना : चितवन जिल्ला गर्दी वडा नं. ०८ हालको ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१ ना.प्र.नं : ३४३९ जारी मिति र जिल्ला : २०४५/०२/१९, चितवन
३. नाम : **दुर्गा देवी ढकाल** बाबुको नाम : चन्द्र कान्त अधिकारी पतिको नाम : इन्द्र प्रसाद ढकाल ससुराको नाम : मुक्ति प्रसाद ढकाल स्थायी ठेगाना : चितवन जिल्ला गर्दी वडा नं. ०८ हालको ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१ ना.प्र.नं : ४३० जारी मिति र जिल्ला : २०४६/०२/२९, चितवन	४. नाम : **उषा पाण्डे** बाबुको नाम : सूर्य प्रसाद पाण्डे पतिको नाम : गणेश ढकाल ससुराको नाम : इन्द्र प्रसाद ढकाल स्थायी ठेगाना : नवलपरासी जिल्ला हुप्सेकोट वडा नं. ०३ हालको ठेगाना : चितवन जिल्ला माडी न.पा. वडा नं. ०१ ना.प्र.नं : ३६-११-७४/११८४ जारी मिति र जिल्ला : २०७४/०४/३०, नवलपरासी

धितो सुरक्षण सम्बन्धि विवरण : निम्न उल्लेखित जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितोधनीको नाम	धितोको ठेगाना	कि.नं.	क्षेत्रफल (व.मि)	पूर्व	पश्चिम	उत्तर	दक्षिण
इन्द्र प्रसाद ढकाल	चितवन जिल्ला गर्दी गा.वि.स. वडा नं. ०८	८८६	३७२४.९३	बाटो	कित्ता नं. ८८७ र ९११	कित्ता नं. ७२०	बाटो

यस अधि प्रकाशित गरिएको सूचनाको विवरण :
मिति २०८०/०१/३१ को कारोबार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

२. शाखा कार्यालय : गोरखा — **कर्जा शिर्षक : साना व्यक्तिगत आवधिक कर्जा**

ऋणीको विवरण

नाम : **बिष्णु दुतराज**
बाबुको नाम : कृष्णे कामी
बाजेको नाम : बहादुरे कामी
स्थायी ठेगाना : गोरखा जिल्ला ताप्ले गा.वि.स. वडा नं. ०३
हालको ठेगाना : गोरखा जिल्ला गोरखा न.पा. वडा नं. ०२
ना.प्र.नं. : १४२६०१
जारी मिति र जिल्ला : २०६३/०९/२५, गोरखा

व्यक्तिगत धनजमानीहरुको विवरण

१. नाम : **जुनकिरी सुनारनी** बाबुको नाम : लक्ष्मण कामी पतिको नाम : कृष्णे कामी ससुराको नाम : बहादुरे कामी स्थायी ठेगाना : गोरखा जिल्ला ताप्ले गा.वि.स. वडा नं. ०३ हालको ठेगाना : गोरखा जिल्ला गोरखा न.पा. वडा नं. ०२ ना.प्र.नं. : ४४३००४/१८९ जारी मिति र जिल्ला : २०६३/१०/२७, गोरखा	२. नाम : **रिना दुतराज** बाबुको नाम : राम बहादुर सुनार पतिको नाम : बिष्णु दुतराज ससुराको नाम : कृष्णे कामी ठेगाना : गोरखा जिल्ला गोरखा न.पा. वडा नं. ०२ ना.प्र.नं. : ४४-०१-७३-०५५६५ जारी मिति र जिल्ला : २०७३/०६/१०, गोरखा
३. नाम : **पुर्ण बि.क** बाबुको नाम : कृष्णे कामी बाजेको नाम : बहादुरे कामी स्थायी ठेगाना : गोरखा जिल्ला ताप्ले गा.वि.स. वडा नं. ०३ हालको ठेगाना : गोरखा जिल्ला गोरखा न.पा. वडा नं. ०२ ना.प्र.नं. : ९४६१७ जारी मिति र जिल्ला : २०५९/०८/०१, गोरखा	४. नाम : **ईश्वर गदेल** बाबुको नाम : गापे कामी बाजेको नाम : नक्कले कामी स्थायी ठेगाना : गोरखा जिल्ला ताप्ले गा.वि.स. वडा नं. ०३ हालको ठेगाना : गोरखा जिल्ला गोरखा न.पा. वडा नं. ०२ ना.प्र.नं. : ४४१००४/१२३ जारी मिति र जिल्ला : २०६४/०८/०७, गोरखा

धितो सुरक्षण सम्बन्धि विवरण : निम्न उल्लेखित जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितोधनीको नाम	धितोको ठेगाना	कि.नं.	क्षेत्रफल (रोपनी)	पूर्व	पश्चिम	उत्तर	दक्षिण
जुनकिरी सुनारनी	गोरखा जिल्ला ताप्ले गा.वि.स. वडा नं. ०३	६९५	०-८-३-१	६९४	कच्ची मोटर बाटो	६९४	कच्ची मोटर बाटो

यस अधि प्रकाशित गरिएको सूचनाको विवरण :
मिति २०८०/०१/१५ को राजधानी दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

३. शाखा कार्यालय : हेटौडा — **कर्जा शिर्षक : व्यक्तिगत अधिविकर्ष तथा साधारण कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीहरुको विवरण
नाम : **कृष्ण राम न्यौपाने** बाबुको नाम : गोपाल निधि न्यौपाने बाजेको नाम : भगिरथ न्यौपाने स्थायी ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ११ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ०४ ना.प्र नं. : २५२१६ जारी मिति र जिल्ला : २०५०/०३/११, मकवानपुर	१. नाम : **मेनुका पाठक** बाबुको नाम : रुद्र प्रसाद पाठक पतिको नाम : कृष्ण राम न्यौपाने ससुराको नाम : गोपाल निधि न्यौपाने स्थायी ठेगाना : मकवानपुर जिल्ला हेटौडा वडा नं. ०४ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उप म.न.पा. वडा नं. ०४ ना.प्र नं. : ११/०६८ जारी मिति र जिल्ला : २०५२/११/१०, मकवानपुर
व्यक्तिगत धनजमानीहरुको विवरण	
२. नाम : **श्रृणा न्यौपाने** बाबुको नाम : कृष्ण राम न्यौपाने बाजेको नाम : गोपाल निधि न्यौपाने स्थायी ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ११ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उप म.न.पा. वडा नं. ०४ ना.प्र नं. : ३१-०१-७५-०७६४४ जारी मिति र जिल्ला : २०७५/०८/०५, मकवानपुर	३. नाम : **श्रीजिता न्यौपाने** बाबुको नाम : कृष्ण राम न्यौपाने बाजेको नाम : गोपाल निधि न्यौपाने स्थायी ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ११ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उप म.न.पा. वडा नं. ०४ ना.प्र नं. : ३१-०१-७८-०११३१ जारी मिति र जिल्ला : २०७८/०४/०८, मकवानपुर

यस अधि प्रकाशित गरिएको सूचनाको विवरण : मिति २०८०/०१/२५ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

४. शाखा कार्यालय : हेटौडा — **कर्जा शिर्षक : व्यक्तिगत आवधिक तथा साधारण कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीहरुको विवरण
नाम : **मेनुका पाठक** बाबुको नाम : रुद्र प्रसाद पाठक पतिको नाम : कृष्ण राम न्यौपाने ससुराको नाम : गोपाल निधि न्यौपाने स्थायी ठेगाना : मकवानपुर जिल्ला हेटौडा वडा नं. ०४ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उप म.न.पा. वडा नं. ०४ ना.प्र नं. : ११/०६८ जारी मिति र जिल्ला : २०५२/११/१०, मकवानपुर	१. नाम : **कृष्ण राम न्यौपाने** बाबुको नाम : गोपाल निधि न्यौपाने बाजेको नाम : भगिरथ न्यौपाने स्थायी ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ११ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ०४ ना.प्र नं. : २५२१६ जारी मिति र जिल्ला : २०५०/०३/११, मकवानपुर
व्यक्तिगत धनजमानीहरुको विवरण	
२. नाम : **श्रृणा न्यौपाने** बाबुको नाम : कृष्ण राम न्यौपाने बाजेको नाम : गोपाल निधि न्यौपाने स्थायी ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ११ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उप म.न.पा. वडा नं. ०४ ना.प्र नं. : ३१-०१-७५-०७६४४ जारी मिति र जिल्ला : २०७५/०८/०५, मकवानपुर	३. नाम : **श्रीजिता न्यौपाने** बाबुको नाम : कृष्ण राम न्यौपाने बाजेको नाम : गोपाल निधि न्यौपाने स्थायी ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ११ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उप म.न.पा. वडा नं. ०४ ना.प्र नं. : ३१-०१-७८-०११३१ जारी मिति र जिल्ला : २०७८/०४/०८, मकवानपुर

धितो सुरक्षण सम्बन्धि विवरण : एकै समूह अन्तर्गतका ऋणीहरु कृष्ण राम न्यौपाने तथा मेनुका पाठकको सम्पूर्ण कर्जा सुरक्षणार्थ दृ.व गरिएको निम्न उल्लेखित घरजग्गा र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितोधनीको नाम	धितोको ठेगाना	कि.नं.	क्षेत्रफल (व.मि.)	पूर्व	पश्चिम	उत्तर	दक्षिण
कृष्ण राम न्यौपाने	हेटौडा न.पा वडा नं. ४, मकवानपुर	३९०१	०-०-७.७५	भैरव रोड	कि.नं. ३८५० र ३८४९	कान्ति लोकपथ	कि.नं. ५६२४
		५६२३	०-०-३.२५				

यस अधि प्रकाशित गरिएको सूचनाको विवरण : मिति २०८०/०१/२५ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८०/०५/११ गते सोमबार भित्र ऋणी कृष्ण राम न्यौपाने र मेनुका पाठकको लागी यस बैंकको शाखा कार्यालय हेटौडा, ऋणी बिष्णु दुतराजको लागी शाखा कार्यालय गोरखा र ऋणी गणेश एयर कन्डिसन एण्ड रेफ्रिजेरेटरको लागी शाखा कार्यालय गैंडाकोटमा आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८०/०५/१२ गते मंगलबार अर्थात २२ औं दिन दिउसो १:०० बजे ऋणी कृष्ण राम न्यौपाने र मेनुका पाठकको लागी यस बैंकको शाखा कार्यालय हेटौडा, ऋणी बिष्णु दुतराजको लागी शाखा कार्यालय गोरखा र ऋणी गणेश एयर कन्डिसन एण्ड रेफ्रिजेरेटरको लागी शाखा कार्यालय गैंडाकोटमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

इयूको कालोसूचीबाट हटाउने पहल गर्न परिसंघको आग्रह



काठमाडौं/ नेपाली वायुसेवालाई युरोपियन युनियनको कालोसूचीबाट हटाउन पहल गर्न नेपाल उद्योग परिसंघले आग्रह गरेको छ। परिसंघको प्रतिनिधिमण्डलले सोमबार पर्यटनमन्त्री सुदन किराँतीलाई भेटेर यस्तो आग्रह गरेका हुन्। पर्यटन प्रवर्द्धनका लागि चाल्नुपर्ने कदम, युरोपियन युनियन (इयू)को कालोसूचीबाट हटाउन गरिनुपर्ने पहलसहित तत्कालीन एवं दीर्घकालीन रूपमा गरिनुपर्ने नीतिगत सुधारका विषयमा परिसंघका प्रतिनिधि र पर्यटनमन्त्रीबीच छलफल भएको हो।

इयूले एक दशकदेखि नेपाली वायुसेवालाई युरोपेली आकाशमा उड्न नपाउने गरी कालोसूचीमा राखेको छ। परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले वैदेशिक मुद्रा आर्जन गर्ने महत्त्वपूर्ण स्रोत भएकाले देशको पर्यटन उद्योगको विकासका लागि सरकार एवं निजी क्षेत्रबीच समन्वय र सहकार्य हुनुपर्नेमा जोड दिए। उनले युरोपसँगको सीधा हवाई सम्पर्क पुनः स्थापित गर्न प्रभावकारी रूपमा अगाडि बढ्नुपर्ने बताए। युरोपका पर्यटक धेरै खर्च गर्नेमध्येमा पर्ने भएकाले इयूको सुरक्षासूचीबाट जतिसक्दो छिटो हटाउनुपर्नेमा उनले जोड दिए।

परिसंघले पर्यटन उद्योगलाई उच्च प्राथमिकतामा राखेर पर्यटन समिति गठन गरेको जानकारी गराउँदै अध्यक्ष अग्रवालले निजी क्षेत्रतर्फ परिसंघ सरकारसँग नजिक रहेर काम गर्न प्रतिबद्ध रहेको बताए। परिसंघले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सफल रूपमा सञ्चालनका लागि हवाई रुटको अभावमा चुनौती देखा परेको भन्दै मन्त्री किराँतीको ध्यानाकर्षण गराएको छ।

नेपाललाई फिल्मिङ गन्तव्यका रूपमा विकास एवं प्रवर्द्धन गर्न, पर्यटकीय क्षेत्रमा पुग्ने सडक यातायातमार्गको स्तरोन्नतिको काम तोकिएको समयमा पूरा गर्नुपर्ने, हवाई टिकटमा मूल्य अभिवृद्धि कर लगाइएकोलगायत विषयमा परिसंघले ध्यानाकर्षण गराएको छ।

मन्त्री किराँतीले नेपाल युरोपियन युनियनको कालोसूचीबाट हटाउन पहल भइरहेको र छिट्टै सकारात्मक समाचार आउन सक्ने बताए। युरोपियन युनियनसँग पुनः सीधा हवाई सम्पर्क स्थापित गर्न सरकार कठोर रूपमा अगाडि बढ्ने विश्वास उनले दिलाए। उनले नेपाल गन्तव्य महँगो भइरहेको अवस्थामा हवाई टिकटमा मूल्य अभिवृद्धि कर लगाउने कुरामा आफ्नो असहमति राखेको बताए।

नेपालका दुर्गम स्थानमा सेवा प्रवाह गर्न ट्रंक रुटका लागि केही जहाज र नेपाल वायुसेवा निगमलाई प्रतिस्पर्धी बनाउन अन्तर्राष्ट्रिय उडानका लागि न्यारोबडी जहाज खरिद गर्ने तयारी गरिरहेको मन्त्री किराँतीले जानकारी गराए। उनले पर्यटन उद्योगको विकासका लागि परिसंघसँग मिलेर काम गर्ने बताए।

■ नेप्सेको नीति तथा कार्यक्रम

आइपिओ र ओटिसी बजारमा जोड

काठमाडौं/ नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले आगामी दिनमा आउन सक्ने नयाँ स्टक एक्सचेन्जलाई रोक्ने गरी नेप्सेबाटै नयाँ आइपिओ (प्राथमिक सेयर) निष्कासन गर्ने भएको छ। नेप्सेले जारी गरेको नीति तथा कार्यक्रममा अर्थ मन्त्रालयबाट स्वीकृति लिएर आइपिओ जारी गर्ने भएको हो। नीति तथा कार्यक्रममा 'अर्थ मन्त्रालयबाट स्वीकृति लिई, नेप्सेको कार्यसमितिमा पेस गर्ने' भनिएको छ। नेप्सेले दुई वर्षअघिदेखि नै आइपिओ जारी गर्ने बताउँदै आए पनि पर्याप्त अध्ययन नहुँदा हालसम्म पनि पक्रिया अघि बढ्न सकेको छैन। यसअघि नेप्सेले लगानीकर्तालाई आकर्षित गर्न पब्लिक कम्पनीमा गएर लगानीकर्तालाई ३० प्रतिशत सेयर जारी गर्ने तयारीमा जुटेको थियो। नेपाल स्टक एक्सचेन्जका कार्यकारी अधिकृत कृष्णबहादुर कार्कीले यस वर्ष अध्ययन गरेर अर्थ मन्त्रालयमा बुझाउने तयारी रहेको बताए। उनले भने, 'केही प्राविधिक कुरा मिलाउन बाँकी छ, यो आर्थिक वर्षभित्र हामी जारी गर्ने तयारीमा छौं।'



यसका साथै नीति तथा कार्यक्रममा इन्ट्रा डे ट्रेडिङ तथा ओटिसी बजार विस्तारसम्बन्धी अध्ययन कार्यसमेत गरिने नेप्सेले जनाएको छ। त्यस्तै, पावर सिस्टम अपग्रेड गर्नेलगायतका योजना पनि समेटिएको छ। साथै, अन्तर्राष्ट्रियस्तरको टेस्टेड अनलाइन ट्रेडिङ सफ्टवेयर खरिद गर्ने पनि नीति तथा कार्यक्रममा रहेको छ। आइपिओ जारी गर्ने विषय पहिला पनि छलफल भएको हो। तर, विभिन्न कारणले गर्दा यो प्रक्रिया बीचमै रोकिने गरेको थियो।

सिटी फुकेर निर्माण व्यवसायीको आन्दोलन

काठमाडौं/ नेपाल निर्माण व्यवसायी महासंघको दोस्रो चरणको अन्दोलन सोमबारबाट सुरु भएको छ। जसअनुसार निर्माण व्यवसायीहरूले सेफ्टी हेल्मेट र ज्याकेट लगाई हातमा कालो पट्टी बाँधेर महासंघ सचिवालयदेखि संसद् भवनअगाडिसम्म सिटी जुलुस गरेका थिए। महासंघका अध्यक्ष रवि सिंह नेतृत्वमा रहेको सोही जुलुस बबरमहल हुँदै माइतीघर मण्डलामा पुगेर कोणसभामा बदलिएको थियो। कोणसभालाई सम्बोधन गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका महामन्त्रीसमेत रहेका प्रतिनिधिसभा सदस्य ज्ञानेन्द्रबहादुर शाहीले व्यवसायीको रकम तत्काल भुक्तान गर्न सरकारसँग माग गरे।

निर्माण व्यवसायीको रकम भुक्तान हुनुपर्ने विषयमा आफूले संसद्मै कुरा उठाइसकेको स्मरण गराउँदै शाहीले अब अर्थ समितिमा पनि यो विषय प्राथमिकतासहित उठान गर्ने प्रतिबद्धता जनाए। 'सरकारले काम लगाएपछि रकम भुक्तानी गर्नैपर्छ, आफ्नो अधिकार पाउनका लागि निर्माण व्यवसायी सडकमै ओर्लनु राज्यकै कमजोरी हो,' उनले भने।

निर्माण उद्योगमा धेरै समस्या रहेको स्वीकार गर्दै शाहीले त्यस्ता समस्या समाधानका लागि सार्वजनिक खरिद ऐनमै संशोधन आवश्यक रहेको बताए। मुलुकको कर्मचारीतन्त्रका कारण पनि निर्माण व्यवसायीहरू मारमा परेको उनको भनाइ थियो। नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले सरकारले व्यवसायीहरूका जायज माग पूरा नगरेका कारण बाध्य भएर दोस्रो चरणको आन्दोलन सुरु गर्नुपरेको बताए।

म्याद थप मात्र समस्याको समाधान नभएको भन्दै अध्यक्ष सिंहले म्याद थपसँगै भुक्तानीको व्यवस्था नहुँदा निर्माण उद्योगको समस्या जटिल हुँदै गएको धारणा राखे।

महासंघका महासचिव रोशन दाहालले सामान्य तरिकाले राज्यले व्यवसायीहरूको समस्या नसुनेका कारण सिटी फुकेर ध्यानाकर्षण गराइएको बताए। महासंघका प्रवक्तासमेत रहेका नीतिगत उपमहासचिव शिवहरि घिमिरेले सोमबारको विरोध कार्यक्रमलाई आगामी शुक्रबारसम्म निरन्तरता दिइने जानकारी दिए।

घिमिरेले शुक्रबारसम्म पनि माग पूरा नभए साउन २८ बाट तेस्रो चरणको आन्दोलनको कार्यक्रम सुरु गरिने बताए। २८ साउनदेखि अत्यावश्यकबाहेकका सबै निर्माणकार्य अनिश्चितकालका लागि बन्द गर्ने महासंघले जनाएको छ। त्यस्तै, विकासे विभागहरूमा पालैपालो बिहान १० बजेदेखि ११ बजेसम्म धर्ना तथा तालाबन्दी गर्ने कार्यक्रम महासंघले सार्वजनिक गरेको छ।

तेस्रो चरणकै कार्यक्रमअन्तर्गत महासंघले निर्माण विज्ञहरूबीच प्रत्यक्ष सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गर्नेछ। आफ्ना माग पूरा नभए थानकोट तथा भक्तपुरको साँगा नाकामा आलोपालो गरी दैनिक एक घन्टा सडकमा चक्काजाम गरी नाका बन्द गर्ने कार्यक्रम महासंघले सार्वजनिक गरेको छ। महासंघको जारी आन्दोलनमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघलगायतका निजी क्षेत्रका विभिन्न संघसंस्थाले ऐक्यबद्धता जनाइसकेका छन्।

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २३ साउन ०८०

नागढुंगा सुरुङमार्ग : आपत्कालीन उद्धार सुरुङको ब्रेक थ्रु, डिसेम्बरभित्र मुख्य टनेल पनि छेडिने

२०२५ को जनवरीमा आयोजना सञ्चालनमा ल्याउने लक्ष्य, २६ सय ८८ मिटर लामो सुरुङ अब ५०२ मिटर मात्रै खन्न बाँकी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालकै पहिलो आधुनिक सुरुङमार्ग अर्थात् सिस्नेखोला-नागढुंगा सुरुङमार्गको रेस्क्यु टनेल 'ब्रेक थ्रु' (छेडिएको) छ। दुई हजार पाँच सय ५७ मिटर लामो आपत्कालीन उद्धार सुरुङ सोमबार छेडिएको हो।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, राज्यमन्त्री नन्दा चापागाईं, नेपालका लागि जापानिज राजदूत किकुता युताकालगायतको उपस्थितिमा रेस्क्यु टनेलको ब्रेक थ्रु गरिएको हो। सोमबार नेपाली र जापानिज संस्कृतिअनुसार सुरुङमार्गमा पूजासमेत गरिएको छ। मन्त्री ज्वाला, राज्यमन्त्री चापागाईंलगायतले नरिवल फुटाएर पूजा गरेका थिए भने जापानिज राजदूत युताकाले जापानिज रक्सी छर्केर पूजा गरेका थिए। जापानिज पक्षका अन्य अधिकारीहरूले भने फूल, नुनलगायतका वस्तु छेरेर पूजा गरेका थिए।

ब्रेक थ्रु समारोहलाई सम्बोधन गर्दै मन्त्री ज्वालाले नेपाल अब सुरुङमार्गको युगमा प्रवेश गरेको बताए। 'हाम्रै पालामा नेपाल सुरुङमार्गको युगमा प्रवेश गरेको छ, यो गौरवको विषय हो। अब छिट्टै मेन टनेल पनि ब्रेक थ्रु गर्नेछौं,' उनले भने, 'साथै, आयोजनाको समग्र निर्माण कार्य छिटोभन्दा छिटो सक्न सरकार सहयोग गर्न तयार छ। आयोजना निर्माण कार्यमा हाम्रो अनुगमन जारी रहने पनि छ। समग्रमा छिटोभन्दा छिटो यो सुरुङमार्गमा सवारीसाधन गुडाउने गरी हामी अघि बढ्नेछौं।'

कार्यक्रममा जापानिज राजदूत किकुता युताकाले सुरुङमार्ग गुणस्तरीय बनेको बताए। साथै, उक्त क्षण आफ्नो जीवनमा निकै अविस्मरणीय रहेको उनले बताए। 'जापानमा हिजो (आइतबार) परमाणु बम दिवस थियो। दुई दिनपछि (बुधबार) जापानमा नागासिकी परमाणु बम दिवस छ,' उनले भने, 'त्यसको बीचमा आज (सोमबार) नेपालमा सुरुङमार्ग विस्फोट गरिएको छ। यो निकै अविस्मरणीय छ।'

ठेक्का प्राप्त जापानिज निर्माण कम्पनी हाजमा एन्डो कर्पोरेसनले डिसेम्बर २०२० (पुस, २०७७) देखि टनेल खन्न सुरु गरेको थियो। त्यसको साढे दुई वर्षपछि रेस्क्यु टनेल ब्रेक थ्रु भएको हो। यस आयोजनाअन्तर्गत दुई हजार पाँच सय ५७ मिटरको रेस्क्यु र दुई हजार ६ सय ८८ मिटरको मुख्य सुरुङमार्ग निर्माण भइरहेका छन्। मुख्य टनेलको ब्रेक थ्रु भने ढिलोमा पनि डिसेम्बरभित्र गर्ने लक्ष्य लिइएको छ। अब मुख्य टनेल पाँच सय दुई मिटर मात्रै खन्न बाँकी छ। अहिले मासिक औसत एक सय २० मिटर सुरुङ खनिएको छ, त्योअनुसार नोभेम्भर-डिसेम्बरमा मुख्य टनेल पनि ब्रेक थ्रु हुने आयोजनाका परामर्शदाता रमेश कोइरालाले बताए।

मुख्य टनेलको व्यास ९.५ मिटर रहेको छ, जहाँ दुई लेन सडक हुनेछन्। मुख्य टनेलको उचाइ भने ८.३ मिटरको हुनेछ। तर, सहायक टनेलको व्यास भने ४.५ मिटर र सिंगल लेन सडक हुनेछ। मुख्य टनेलमा हुने कुनै पनि प्रकारको दुर्घटनामा उद्धार गर्ने प्रयोजनका लागि रेस्क्यु टनेल बनाइएको हो।

जसमा एम्बुलेन्स, दमकल, उद्धारटोलीका सवारीसाधन मात्रै गुड्न पाउनेछन्। मुख्य टनेलमा दुर्घटना भएको अवस्थामा मात्रै रेस्क्यु टनेल खोलिनेछ, अन्य समयमा भने बन्द नै हुनेछ। मुख्य टनेल र रेस्क्यु टेनेलबीच आवतजावत गर्न बीचमा सातवटा क्रस प्यासेज बनाइनेछ, जुन निर्माणाधीन अवस्थामा छन्। रेक्स्यु प्रयोजनका लागि मुख्य टनेलको केही भागमा १३.५ मिटर चौडाइको सडकसमेत बनाइनेछ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ कहिले सकिन्छ सम्पूर्ण काम ?

आयोजनाको सम्पूर्ण निर्माण कार्य भने अबको डेढ वर्षपछि अर्थात् जनवरी २०२५ (पुस ०८१) भित्र सम्पन्न हुने अनुमान छ। सम्झौताअनुसार अप्रिल ०२३ सम्म रहेको ठेक्काको म्याद दुईपटक थप गरेर २५ अप्रिल ०२४ सम्म पुऱ्याइएको छ। तर, आयोजनाको पछिल्लो प्रगतिअनुसार त्यो म्याद पनि निर्माण सम्पन्न नहुने देखिएको हो।

नियमित रूपमा काम गर्दा पनि जनवरी ०२५ यता सुरुङमार्ग तयार गर्न नसकिने आयोजना निर्माणमा खटिएका अधिकारीहरू बताउँछन्। ठेक्का सम्झौतासार कम्पनीले आयोजना सञ्चालन गर्ने अवस्थामा पुऱ्याएर नेपाललाई हस्तान्तरण गर्नुपर्छ। त्यसका लागि आवश्यक प्रक्रिया पुऱ्याउँदा अझै डेढ वर्ष समय लाग्ने उनीहरू बताउँछन्।


यस आयोजनामा सुरुङ ब्रेक थ्रु भएर मात्रै हुँदैन। त्यहाँभित्रको सडक ढलान गर्नुपर्नेछ। त्यसका अलावा सुरुङमार्गभित्र अक्सिजनको मात्रा मिलाउने, कन्ट्रोल सिस्टम बनाउने, टेलिफोन जडान गर्ने, रेस्क्यु सेन्टर बनाउने, लाइट जडान गर्ने, तापक्रम मिलाउनेलगायतका काम गर्न बाँकी नै छ। त्यसका लागि थप ६ महिनाभन्दा बढी समय लाग्ने अनुमान गरिएको छ। सम्पूर्ण निर्माण कार्य सम्पन्न भएपछि सुरुङलाई सञ्चालन योग्य (स्टेबल) बनाउन थप न्यूनतम ६ महिना समय लाग्छ। यसका अलावा आयोजनाअन्तर्गतको फ्लाई ओभर बनाउने काम पनि बाँकी छ, त्यो सुरुङमार्ग अगाडि नै बनाउन सकिन्छ। तर, मुआब्जाका कारण स्थानीयले अवरोध गर्दा त्यसमा अन्योलता छ। त्योअनुसार जनवरी ०२५ (पुस ०८१) मा मात्रै सुरुङमार्ग तयार हुनेछ, जुन ठेक्का सम्झौताको पहिलो म्यादभन्दा एक वर्ष १० महिना बढी हो।

सुरुङमार्ग बनाउन सडक विभाग र जापनिज कम्पनी हाजमा एन्डो कर्पोरेसनबीच सेप्टेम्बर ०१९ मा ठेक्का सम्झौता भएको थियो। २०१९ अक्टोबर २१ मा यस आयोजनाको शिलान्यास गरिएको थियो। त्यसपछि नोभेम्बर ०२० देखि आयोजनाको निर्माण कार्य सुरु भएको थियो। आयोजनामा स्वदेशी तथा जापनिज गरेर झन्डै ६ सय कामदार छन्। टनेल बनेपछि नौबिसे हुँदै काठमाडौं प्रवेश गर्ने सवारीसाधनको यात्रा केही छोटिनेछ। पश्चिम धादिङको सिस्नेरीबाट सुरु भएको सुरुङमार्ग काठमाडौं नागढुंगामा निस्कनेछ। यो आयोजना बनाउन कुल २२ अर्ब १४ करोड लाग्ने अनुमान छ। त्यसमा जाइकाले १६ अर्ब ६३ करोड सहुलियत ऋण उपलब्ध गराएको छ। बाँकी पाँच अर्ब ८५ करोड रुपैयाँ भने नेपाल सरकारले लगानी गर्नेछ। नेपाल सरकारले उपलब्ध गराउने रकम जग्गाको मुआब्जा, संरचना र अन्य प्रशासनिक कार्यमा खर्च हुनेछ। जाइकाले दिएको रकम भने ठेक्कामार्फत आयोजना निर्माणमा खर्च भइरहेको छ।



नागढुंगा सुरुङमार्गको आपत्कालीन सुरुङ ब्रेक थ्रु भएपछि उत्सव मनाउँदै। तस्बिर : दीपेन्द्र ढुंगाना/नयाँ पत्रिका

सुरुङमार्गको युगमा प्रवेश गर्‍यौं



● **प्रकाश ज्वाला**, मन्त्री, भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालय

नेपाल सुरुङमार्गको युगमा प्रवेश गरेको छ, यो गौरवको विषय हो। अब छिट्टै मेन टनेल पनि ब्रेक थ्रु गर्नेछौं। आयोजनाको समग्र निर्माण कार्य छिटोभन्दा छिटो सक्न सरकार सहयोग गर्न तयार छ। आयोजना निर्माण कार्यमा हाम्रो अनुगमन जारी रहने पनि छ। समग्रमा छिटोभन्दा छिटो यो सुरुङमार्गमा सवारीसाधन गुडाउने गरी हामी अघि बढ्नेछौं।

■ ११ संरचना तयार

नागढुंगा टनेलअन्तर्गत बन्ने ११ वटा संरचना निर्माण सम्पन्न भएका छन्। यस आयोजनामा १२ वटा संरचना बन्नेछन्, त्यसमा हालसम्म ११ वटा तयार भएका हुन्। तीन अन्डरपास र चार बक्स कल्भर्ट (माथि गाडी गुड्ने, तल पानी बग्ने संरचना)को निर्माण सकिएको छ। यसैगरी एउटा ओभरपास, तीनवटा पुलको निर्माण सम्पन्न भइसकेको छ।

आयोजनाअन्तर्गत बन्ने १२ संरचनामध्ये फ्लाई ओभर भने निर्माणको चरणमा रहेको छ। हाल फ्लाई ओभरलाई चाहिने ९५ प्रतिशत जग्गाको मुआब्जा वितरण भइसकेको छ। फ्लाई ओभरअन्तर्गत बन्ने तीनवटा फाउन्डेसन र दुईवटा सहायक संरचना तयार भइसकेका छन्। हालसम्म आयोजनाको समग्र भौतिक प्रगति ५६.८९ प्रतिशत र वित्तीय प्रगति ५९.३९ प्रतिशत पुगेको छ।

खुकुलो भयो आयात र विदेशी मुद्रा सटहीको व्यवस्था

अब तयारी पोसाकमा मात्रै होइन, अन्य १६ प्रकारका निर्यातयोग्य वस्तुको कच्चा पदार्थ आयातमा समेत ब्याक टु ब्याक एलसी सुविधा

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकले आयात र विदेशी मुद्रा सटहीसम्बन्धी व्यवस्थालाई खुकुलो बनाएको छ। चालू आर्थिक वर्षको मौद्रिक नीति कार्यान्वयन गर्ने सन्दर्भमा केन्द्रीय बैंक विदेशी मुद्रामा भुक्तानी दिँदा आवश्यक पर्ने सटही सुविधामा लचिलो भएको हो।

■ निर्यात उद्योगलाई ब्याक टु ब्याक एलसी सुविधा

निर्यातयोग्य तयारी वस्तु उत्पादन गर्ने उद्योगलाई कच्चा पदार्थ आयातमा सुविधा दिइएको छ। खासगरी नेपाल एकीकृत व्यापार रणनीति, २०८० मा उल्लिखित वर्तमान वस्तुहरू उत्पादन गर्ने उद्योगहरूलाई कच्चा पदार्थ आयातमा सुविधा दिइएको हो। यो रणनीतिअनुसार वर्तमान वस्तुहरूमा अलैंची, अदुवा, दलहन, जुट, चिया, जडीबुटी तथा सुगन्धित वनस्पति, हाते कागज, रोजिन एन्ड टर्पेन्टाइल, फलाम तथा स्टिल, धागो र कपडा, जुत्ता, तयारी पोसाक, गलैंचा, गहना, पश्मिना, पास्ता र ऊनबाट बनेका सामान रहेका छन्। नयाँ व्यवस्थाअनुसार यस्ता वस्तु उत्पादन गर्ने उद्योगलाई ब्याक टु ब्याक प्रतीतपत्रमार्फत आयात गर्न दिने उल्लेख छ। हालसम्म यस्तो सुविधा तयारी वस्तु निर्यातमा मात्रै दिइएको थियो।

■ के हो ब्याक टु ब्याक एलसी ?

यस्तो सुविधाअन्तर्गत एउटै कारोबारका लागि दुईवटा प्रतीतपत्र जारी गर्न सकिने हुन्छ। जसमा एउटा प्रतीतपत्रले अर्को प्रतीतपत्रका लागि कोलेटरलको काम गर्छ। खासगरी खरिदकर्ता र बिक्रीकर्ताका बीचमा एजेन्टको प्रयोग हुने अवस्थामा ब्याक टु ब्याक एलसीको प्रयोग हुने गरेको छ। यसमा खरिदकर्ताका तर्फबाट मध्यस्थकर्ताका लागि एउटा एलसी खोलिन्छ भने मध्यस्थकर्ताका तर्फबाट बिक्रीकर्ताका लागि अर्को एलसी खोलिन्छ। जसबाट बिक्रीकर्ताले ढुक्क भएर आफ्नो उत्पादन निर्यात गर्न सक्छ। कतिपय अवस्थामा यस्तो किसिमको एलसी खोल्दा खरिदकर्ता र बिक्रीकर्ताबीच चिनजानसमेत नहुने स्थिति हुन सक्छ।

केन्द्रीय बैंकले प्रतीतत्रबाहेक डकुमेन्ट अगेन्स्ट पेमेन्ट (डिएपी र डकुमेन्ट अगेन्स्ट एसेप्टेन्स- डिएए)मार्फत वस्तु आयात गर्दा लाग्ने सीमा बढाएको छ। भारतबाहेकका मुलुकबाट आयात गर्दा एकपटकमा ५० हजार अमेरिकी डलरसम्म मात्रै वस्तु आयात गर्न पाइन्थ्यो। अब यस्तो आयात ६० हजार डलरसम्मको गर्न पाइने भएको छ। अहिलेको नयाँ सुविधा उपयोग गर्दा अघिल्लो व्यवस्थाअनुसार प्रक्रियाबाट सामान सिपमेन्ट गरेको सात दिन कटेको हुनुपर्ने उल्लेख छ। डकुमेन्ट अगेन्स्ट एसेप्टेन्सको (डिएए)मार्फत भारतबाट वस्तु आयात गर्दा यो सीमा तीन करोड भारतीय रुपैयाँ तोकिएको छ।

त्यस्तै, आवश्यक सेवा सञ्चालन गर्ने सञ्चालकले प्रतीतपत्रविनै टिटी तथा ड्राफ्टमार्फत पटक-पटक गरी वस्तु आयात गर्दा सिपमेन्ट भएको सात दिन कुर्नुनपर्ने भएको छ।

उद्योग र व्यापारिक संस्थाले विद्युतीय भुक्तानी प्रणालीमार्फत राजस्व तिरेर आयात गरेमा धरौटीको सीमा कम हुने भएको छ। यसरी गरिने आयात हकमा धरौटी राख्नुपर्ने व्यवस्था खुकुलो भएको हो।

विद्युतीय भुक्तानी प्रणाली लागू भएका भन्सार कार्यालयहरूमार्फत वस्तु आयात गर्दा उद्योगको हकमा १ प्रतिशत र व्यापारिक संस्थाको हकमा ३ प्रतिशत धरौटी राख्नुपर्ने व्यवस्था गरेको छ। अन्य भन्सार कार्यालयहरूमा उद्योगले २ प्रतिशत र व्यापारिक संस्थाले १० प्रतिशत राख्नुपर्ने व्यवस्था कायमै छ।

■ स्वदेशी वायुसेवा सञ्चालकलाई सुविधा

वायुसेवा सञ्चालकलाई सेवा आयातबापत एक लाख अमेरिकी डलरसम्मको सटही सुविधा दिने उल्लेख छ। हालसम्म यस्तो सुविधा ५० हजार डलरमा मात्रै सीमित थियो। यसअघि वायुसेवा सञ्चालक संस्थाका प्राविधिक कर्मचारीको तालिम लिन जाने प्रयोजनका लागि यो सीमा लागू नहुने व्यवस्था थियो। तर, अब स्वदेशी वायुसेवा सञ्चालक कम्पनीहरूको हकमा मात्रै सीमा नलाग्ने भएको छ। त्यस्तै, स्वदेशी वायुयानले विदेशी सरकार वा विमानस्थललाई तिर्नुपर्ने रकमका लागि समेत यो सीमा नलाग्ने उल्लेख छ।

■ सफ्टवेयर निर्यात गर्ने उद्योगलाई सुविधा

राष्ट्र बैंकले सूचनाप्रविधिसम्बन्धी सेवा निर्यात गर्ने उद्योग वा व्यवसायलाई समेत विदेशी मुद्रामा सुविधा दिएको छ। खासगरी विदेशमा सम्पर्क कार्यालय स्थापना गर्नका लागि विदेशस्थित आफ्नै बैंक खातामा पैसा पठाउनुपरेमा अघिल्लो आर्थिक वर्षमा आर्जन गरेको विदेशी मुद्राको १० प्रतिशतसम्म विदेशी मुद्रा सुविधा पाउने उल्लेख छ। त्यस्तै, सफ्टवेयर, प्रोगाम वा उपकरण खरिद गरी विदेशमै जडान गर्नसमेत उद्योग-व्यवसायले यो सुविधा प्राप्त गर्न पाउने उल्लेख छ।

कुमारी, हिमालयन र प्राइम बैंक कारबाहीमा

नेपाल राष्ट्र बैंकले तीन वाणिज्य बैंकलाई कारबाही गरेको छ। आर्थिक वर्ष ०७९/८० को चौथो त्रैमास सुपरिवेक्षण विभागको प्रतिवेदनअनुसार कुमारी बैंक, हिमालयन बैंक र प्राइम कमर्सियल बैंक कारबाहीमा परेका हुन्। नियामकीय व्यवस्था उल्लंघन गर्ने वाणिज्य बैंकलाई कारबाही गरिएको राष्ट्र बैंकले जनाएको छ। राष्ट्र बैंकले तोकेको ९० प्रतिशत कर्जा निक्षेप अनुपात (सिडी रेसियो) कायम नगर्दा कुमारी बैंक र हिमालयन बैंकलाई नगद जरिवानासहित कारबाही गरिएको केन्द्रीय बैंकले जनाएको छ।

कुमारी बैंकले गत आर्थिक वर्षको माघमा सिडी रेसियो नपुऱ्याउँदा राष्ट्र बैंकले ५९ लाख ६३ हजार ६ सय ९४ रुपैयाँ नगद जरिवाना गराएको छ। त्यस्तै, हिमालयन बैंकले पनि आर्थिक वर्षको कात्तिकमा सिडी रेसियो नपुऱ्याउँदा एक करोड ३९ लाख ४७ हजार २८ रुपैयाँ जरिवाना गराएको छ।

प्राइम कमर्सियल बैंकलाई भने राष्ट्र बैंकले सचेत गराएर छाडेको छ। बैंकले संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं २ बमोजिम कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्था कायम नगरेको राष्ट्र बैंकले जनाएको छ। प्राइम बैंकले 'क्यापिटल एडुकेसी फ्रेमवर्क २०१५' अनुसार जोखिमभारित सम्पत्ति गणना गर्दा वास्तविकभन्दा कम गरेको उल्लेख छ।

इन्धन चुहावट नियन्त्रण गर्न ट्यांकरमा 'बटम लोडिङ' सुरु

काठमाडौं/ पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्यांकरमा 'बटम लोडिङ' सुरु गरिएको छ। ट्यांकरको तल्लो भागमा पाइपको सहायताले इन्धन भर्ने प्रणालीले चुहावट नियन्त्रण र लोड-अनलोड कार्य छरितो हुने आयल निगमले जनाएको छ।

इन्डियन आयल कर्पोरेसनले बिहारको मोतीहारी (वीरगन्जबाट करिब ४० किलोमिटर टाढा) डिपोबाट बटम लोडिङ प्रणाली सुरु गरेपछि निगमले पनि करारमा राखेका ट्यांकरबाट सोही प्रणाली सुरु गरेको हो। मोतीहारीबाट पेट्रोल लिएर सोमबार बिहान निगमको बागमती प्रादेशिक कार्यालय, थानकोट आएका दुईवटा ट्यांकरबाट यो प्रणालीको सुरुवात कार्यकारी निर्देशक उमेशप्रसाद थानीले सुरुवात गरेका छन्।

तर, अहिले थोरै ट्यांकरबाट मात्र बटम लोडिङ थालिएको कार्यकारी निर्देशक उमेशप्रसाद थानीले जानकारी दिए। 'सुरक्षित इन्धन ढुवानीका लागि बटम लोडिङ सुरु गरेका हौं।

सुरुवातमा थोरै संख्याका ट्यांकरमा यो प्रणाली जडान हुनेछ,' उनले भने, 'बिस्तारै सबै ट्यांकरमा यो प्रणाली विस्तार गरिनेछ।' बटम लोडिङका लागि थप एउटा ट्यांकर आइओसीको मोतीहारी डिपोमा रहेको र चाँडै तेल भरेर आउने निगमको थानकोट डिपो प्रमुख शैलेन्द्र भुसालले जानकारी दिए।

यो नयाँ प्रणालीबाट तेल ढुवानी कार्यको संयोजन गर्न निगमका तर्फबाट मधेस प्रादेशिक कार्यालय, अमलेखगन्जका प्रमुख विनीतमणि उपाध्याय खटिएका थिए। उनका अनुसार जयश्री आयल डिस्ट्रिब्युटर्ससँग करारमा लिएका ट्यांकरलाई 'रेट्रोफिट' गरी बटम लोडिङका लागि योग्य बनाइएको हो।

बटम लोडिङका कारण ट्यांकरमा इन्धन लोड-अनलोड गर्दा हुने चुहावट शून्यमा झर्ने उपाध्यायले बताए। 'ट्यांकरमा तेल हाल्दा वा खन्याउँदा उडेर हुने नोक्सानी शून्यमा झर्नेछ,' निगम निर्देशकसमेत रहेका उपाध्यायले भने, 'तेल लोड गर्दा माथिल्लो भागमा जम्मा हुने बाफलाई समेत उड्न नदिई ट्यांकरभित्रै राख्ने प्रविधि बटम लोडिङमा उपलब्ध छ।'

निगमका अनुसार बटम लोडिङका कारण ट्यांकरमा इन्धन वा ट्यांकरबाट डिपोमा तेल खन्याउन पनि छिटो हुन्छ। टप लोडिङ प्रणालीमा प्रतिमिनेट २५ सय लिटर तेल लोड हुने गरेको छ, तर बटम लोडिङ गर्दा भने प्रतिमिनेट १२ सय लिटर तेल लोड गर्न सकिन्छ। प्रत्येक चेम्बरमा तेल पठाउन वा त्यहाँको तेल खन्याउन 'एडप्टर' जडान गरिएको छ।

निगमको थानकोट डिपो प्रमुख भुसालका अनुसार अटोमेटिक प्रविधि भए पनि ट्यांकरको क्षमताभन्दा बढी तेल लोड हुँदैन। 'यसमा रहेको प्रविधिका कारण चेम्बरको माथिल्लो भागको निश्चित तहमा तेल पुगेपछि सेन्सरले काम गर्छ र लोडिङ आफैं बन्द हुन्छ,' उनले भने, 'जसकारण लोडिङका बेला तेल चुहिने वा पोखिने समस्या हुन पाउँदैन।'

त्यस्तै, तेलमा कुनै धातुको घर्षण भई आगलागीजन्य घटना हुने सम्भावना पनि न्यून हुने निगमको भनाइ छ। कुनै आपत्कालीन अवस्था देखापरे आफैं लोडिङ-अनलोडिङ कार्य बन्द भई सुरक्षा प्रदान गर्ने पनि निगमले जनाएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०४/२३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० भदौ ०६ गते बुधबार**का दिन शाखा कार्यालय मलंगवा, सर्लाहीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

प्रदेश सरकार, प्रदेश नं २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिजय तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा मिति २०६५/०५/०१ मा प्रा.फ.नं. ३०५/२२/०६५/०६६ भई दर्ता कायम रहेको महोत्तरी जिल्ला, बर्दीवास न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **दिलसा इन्टरप्राइजेज** (प्रोप्राईटर उजरमान श्रेष्ठको नाती, दिल बहादुर श्रेष्ठको छोरा, उमा कुमारी श्रेष्ठको पति सिन्धुली जिल्ला, रानीचुरी गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दीवास न.पा., वडा नं. ०३ बस्ने **शंकर कुमार श्रेष्ठ**, ना.प्र.प.नं. ९८८/१०६०२, जारी मिति २०५५/०८/०३, जिल्ला प्रशासन कार्यालय सिन्धुली ।।

व्यक्तिगत जमानीकर्ताको विवरण :

१. उजरमान श्रेष्ठको नाती, दिल बहादुर श्रेष्ठको छोरा, उमा कुमारी श्रेष्ठको पति सिन्धुली जिल्ला, रानीचुरी गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दीवास न.पा., वडा नं. ०३ बस्ने **शंकर कुमार श्रेष्ठ** (ना.प्र.प.नं. ९८८/१०६०२, जारी मिति २०५५/०८/०३, जिल्ला प्रशासन कार्यालय सिन्धुली ।।
२. दिल बहादुर श्रेष्ठको बुहारी, देव कुमार श्रेष्ठको छोरी, शंकर कुमार श्रेष्ठको पत्नी महोत्तरी जिल्ला, गौरीवास गा.वि.स., वडा नं. ०८ स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दीवास न.पा., वडा नं. ०३ बस्ने **उमा कुमारी श्रेष्ठ** (ना.प्र.प.नं. १८३०७४/५९०, जारी मिति २०६३-११-०४ जिल्ला प्रशासन कार्यालय महोत्तरी ।।

लिलाम हुने सम्पत्तिको विवरण :

१. **शंकर कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ न वहादुरगञ्ज न.पा., वडा नं. ३/ख स्थित कित्ता नं. ३६३७, ३३८१, २२५५ र २२६१ को क्षेत्रफल क्रमश ०-०-५-०, ०-०-१३१/२-०, ०-०-५१/४-० र ०-०-७१/४-० (बिगाहा)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **उमा कुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ न वहादुरगञ्ज न.पा., वडा नं. १/ग स्थित कि.नं. १९६१ को क्षेत्रफल ०-०-७ (बिगाहा)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० भदौ ०५ गते** भित्र बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मलंगवा, सर्लाहीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० भदौ ०६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैक बिदा परेमा सोको लगत्तै पछि बैक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० भदौ ०६ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय मलंगवा, सर्लाही फोन नं. ०४६-५२१२०६/२०७

माउन्टेन इनर्जी नेपाल लि.
Mountain Energy Nepal Ltd.

पोष्ट बक्स नं. २१७२९, वडा नं. ३०, डिल्लीबजार, काठमाण्डौ, नेपाल । फोन नं : ०१-४५३७७०५
फ्याक्स नं. ०१-४५३०५६२ । E-mail: info@mountainenergy.com.np | URL: www.mountainenergy.com.np

Statement of Financial Position as on 31st Ashadh, 2080

Particulars	"As at 31st Ashadh, 2080 (Unaudited)"	"As at 30th Chaitra 2079 (Unaudited)"	"As at 32nd Ashadh, 2079 (Audited)"
ASSETS			
Non-current assets			
Property, plant and equipment	28,983,607	29,467,108	30,512,126
Intangible assets	5,987,155,271	5,996,211,541	6,172,929,506
Intangible assets under development	75,092,704	72,748,942	69,342,387
- Research on Mistri Khola Cascade Project	75,092,704	72,748,942	69,342,387
Goodwill (arising on acquisition of Aadhishakti)	14,682,604	14,839,917	15,311,858
Deferred tax assets	527,338	121,211	121,211
Total non-current assets	**6,106,441,524**	**6,113,388,719**	**6,288,217,088**
Current assets			
Trade and other receivables	594,222,296	381,846,086	479,488,462
Prepayments	237,666,691	206,328,067	122,975,491
Loan and advances	60,611,279	70,935,913	61,520,805
Cash and cash equivalents	87,209,365	217,116,228	276,279,157
Total current assets	**979,709,631**	**876,226,294**	**940,263,915**
Total assets	**7,086,151,155**	**6,989,615,013**	**7,228,481,003**
EQUITY AND LIABILITIES			
Equity			
Share capital	1,968,027,000	1,968,027,000	1,968,027,000
Retained earnings	1,205,928,461	1,064,816,045	1,011,134,723
Total equity	**3,173,955,461**	**3,032,843,045**	**2,979,161,723**
Liabilites			
Non-current liabilities			
Loans and borrowings	3,471,026,396	3,509,438,968	3,853,472,403
Trade and other payables	-	-	-
Total non-current liabilities	**3,471,026,396**	**3,509,438,968**	**3,853,472,403**
Current liabilities			
Trade and other payables	71,431,298	57,566,000	77,560,877
Loans and borrowings	369,738,000	389,767,000	318,286,000
Total current liabilities	**441,169,298**	**447,333,000**	**395,846,877**
Total liabilities	**3,912,195,694**	**3,956,771,968**	**4,249,319,280**
Total equity and liabilities	**7,086,151,155**	**6,989,615,013**	**7,228,481,003**

MOUNTAIN ENERGY NEPAL LTD.
Statement of Profit or Loss and other Comprehensive Income
For the period ended 31st Ashadh, 2080

Particulars	1st Shrawan 2079 to 31st Ashadh, 2080 (Current Period)	1st Shrawan 2079 to 31st Chaitra, 2079 (Previous Quarter)	" 1st Shrawan 2078 to 32nd Ashadh, 2079 (Previous Year) "
Revenue	1,217,900,592	862,521,500	1,234,416,354
Cost of sales			
-Amortization on Project Assets	(254,292,535)	(190,516,583)	(252,201,339)
-Other Direct Costs	(226,752,708)	(161,954,748)	(98,552,796)
Gross profit	**736,855,349**	**510,050,169**	**883,662,219**
Net Construction Revenue (As per IFRIC 12)	-	-	6,605,987
Administrative expenses	(32,311,871)	(26,770,958)	(21,582,031)
Depreciation and amortisation	(1,942,768)	(1,456,724)	(2,182,181)
Operating profit	**702,600,710**	**481,822,487**	**866,503,994**
Finance income	10,906,907	8,170,827	5,026,165
Finance costs	(296,314,343)	(219,109,955)	(247,700,161)
Staff Bonus	(8,343,865)	(5,417,667)	(12,344,480)
Other Income	-	-	709,246
Other Expenses	-	-	-
Profit before tax	**408,849,409**	**265,465,692**	**612,194,764**
Income tax expenses			
Current tax	(3,294,168)	(2,029,997)	(1,256,541)
Previous Year Tax	-	-	-
Deferred tax income/(expense)	**406,127**	**-**	**-**
Profit for the period	**405,961,368**	**263,435,695**	**610,938,223**
Other comprehensive income	-	-	-
Total comprehensive income	405,961,368	263,435,695	610,938,223

1. Notes to quarterly unaudited financials.

1.1 The unaudited financial statements for the Fourth Quarter ended Ashadh 2080 of the FY 2079/80 are reviewed by Audit Committee and authorized to publish by Board of Director of the Company.

1.1.1 Commercial Operation Date and Life of Hydropower Project:

Life (License Period):
- Tadi Khola (Thaprek), license period is valid till 2103 Mangsir 05.
- Mistri Khola license period is valid till 2103 Kartik 19.

Commercial Operation Date (COD):
- Tadi Khola (Thaprek) started commercial operation from 2069 Chaitra 14.
- Mistri Khola started its commercial operation from 2078 Ashadh 03.

1.2 Revenue:

1.2.1 Sale of Electricity: Revenue from sale of electricity is generated by Tadi Khola Project (5 MW) and Mistri Khola Project (42 MW). Tadi Khola Project invoiced Rs. 118,071,305/- and Mistri Khola Project invoiced Rs. 1,099,829,287/- for the period Shrawan to Ashadh end 2080, to Nepal Electricity Authority as per the terms of PPA.

1.2.2 Applicable Rate of PPA:

As per PPA dated 2067.10.20 (amended on 2073.01.15), the official date for Commercial date of Operation (COD) was 2076.05.14, but due to technical issues, commercial date of operation was revised to 2078.03.03. Accordingly, date of COD was delayed by 3 years and the effective license period is also reduced to 32 years from approved license period of 35 years.

At present, the company is booking the revenue using the PPA rate of Third Year as per clause 12 of PPA after considering effect of delayed COD by 3 years, whereas NEA is making payment considering the revised COD (i.e., 2078.03.23) but applying the PPA rate of the first year and making payment accordingly. Different interpretation of applicable year rate of PPA has resulted in dispute over total booked Revenue of Rs. 305,544,738/-of which Rs. 150,729,616/- is in the current year and balance of Rs. 154,815,122/- in previous years (2078/79 and 2077/78) before interest and both the parties to PPA agreed for arbitration proceeding for dispute settlement.

1.2.3 Deduction of Energy associated with Tatopani SHP of NEA:

As per clause 38.18 of the PPA, there shall be no deduction of energy associated with Tatopani Small Hydropower System during the month of Ashad, Shrawan, Bhadra and Ashwin, due to sufficiency of water in the river system. Further, there is dispute in deduction of energy during contingency evacuation period. The Company had disputed with NEA and filed claim for Rs. 201,388,032 before interest till Ashadh End 2080 and both the parties to PPA agreed for arbitration proceedings for dispute settlement.

1.2.4 Power Evacuation

The entire electricity generated could not be evacuated resulting in revenue loss due to constraint on Electricity Transmission Grid owned and operated by NEA, but the MOU for contingency plan entered on 2073.09.26 between NEA and the company provides that the company renounce the right to claim the compensation for the above revenue loss.

1.3 Amortization:

Both the Projects, Tadi Khola and Mistri Khola Project has recognised an Intangible Asset for the right to sell electricity to NEA as specified in PPA through construction of projects assets under the service concession agreement.

1.3.1 Tadi Khola Project Assets, accounted as Intangible assets, are amortized over remaining useful life (Operation License period) of 338 months. The useful life of project asset is the tenure calculated from commercial date of operation. The amortization expense is included in the Cost of Sales.

1.3.2 Mistri Khola Project Assets, accounted as Intangible assets, are amortized over remaining useful life (Operation License period) of 304.5 months. The useful life of project asset is the tenure calculated from commercial date of operation. The amortization expense is included in the Cost of Sales.

Final project construction completion certificate is dated Ashwin 12, 2078. Hence, all the expenses relating to the project up to Ashwin 12, 2078 has been capitalized.

1.4 Taxation:

Mistry Khola project is in tax holiday up to Ashad 02, 2088, then after for next five years, tax concession is 50% of applicable tax rate.

Tadi Khola project tax holiday ended on Chaitra 13, 2079 then after the next five years, tax concession is 50% of the applicable tax rate. Accordingly, tax liability on taxable income of Tadi Khola project is calculated applying the concession rate of 10%.

Interest income is not tax exempted as per Section 11 of Income Tax Act, 2058, consequently tax liability on Interest Income has been calculated at the rate of 25% on proportionate basis after deducting the staff bonus.

1.5 Related Party Transitions:

There is no related party transaction during the reporting period.

1.6 Key Financial Ratio:

In NRs.

Period	Earnings Per Share (Quarterly)	Net Worth Per Share	Current Ratio	P/E Ratio
This Quarter End	20.63	161.28	2.22	48.23
Previous Quarter End (Restated)	13.39	154.11	1.96	62.58
Corresponding Previous Quarter End (Audited)	31.05	151.39	2.38	25.25

1.7 Challenges

Internal
- Retention of skilled human Resources
- Managing Operational Efficiency

External
- Impact of Climate Change on amount of Rain/Snow Fall in Catchment area
- Suppler Risk as vendors of major project assets is of foreign origin.
- Foreign exchange rate

2. Management Analysis

Operation of Tadi Khola (Thaprek) projects is satisfactory. The debt service of the project is satisfactory. Commercial operation of Mistri Khola Project started on Ashadh 03,2078. Operation of Mistri Khola Project is running smoothly. The debt servicing of the project is regular.

3. Analysis of Share Transactions:

The Major Highlights of Share Transactions During the Quarter are as follows:

Maximum Price NPR	Minimum Price NPR	Closing Price NPR	Total Turnover	Traded Volume	Transaction Days
1040.00	707.40	995.00	314,759,118.80	348,975	62

4. Corporate Governance

The Company has regular Board of Directors and Audit Committee meetings. The management team meet regularly for the smooth running of the Company.

5. Declaration from Managing Director

I take the responsibility for the accuracy of financial and other information detailed in this report for the 12 months period up to Ashadh end 2080 of FY 2079/80 and hereby declare that financial and other information detailed in this report are true, based on records and facts, and are complete to the best of my knowledge and that information necessary for taking informed decision by the investors are not concealed.

नेपाल लाइफको 'बिजनेस एक्सेलेन्स कन्फरेन्स'

नयाँ पत्रिका

जीवन बिमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको तीन दिवसीय बिजनेस एक्सेलेन्स कन्फरेन्स सम्पन्न भएको छ। कन्फरेन्स 'पराक्रमी गति, आक्रामक नीति' भन्ने नाराका साथ चितवनको सौराहामा भएको हो।

उक्त सम्मेलनमा देशभरिबाट सेल्स तथा मार्केटिङमा कार्यरत दुई सय ३० भन्दा बढी कर्मचारीको सहभागिता रहेको जनाइएको छ। सम्मेलनमा कम्पनीका वरिष्ठ सञ्चालक कमलेशकुमार अग्रवालले कम्पनीले आर्थिक मन्दीका बाबजुद पनि उत्साहजनक व्यवसाय गर्न सफल भएको बताए। यसका लागि सम्पूर्ण कर्मचारीलाई उनले धन्यवाद दिएका थिए। आगामी दिन थप चुनौतीपूर्ण हुने सम्भावना देखिएको भन्दै उनले थप जोस र जाँगरका साथ कार्यसम्पादन गर्न आग्रह गरे। अग्रवालले सेल्स टेक्निकका साथै चाहिने कम्युनिकेसन स्किल टेक्निकबारे प्रकाश पारेका थिए।

अर्का सञ्चालक कृष्णराज लामिछानेले हरेक मान्छेले आफ्नो भ्यालु क्रिएसनमा जोड दिनुपर्ने बताए। मान्छेले राप र तापमा आफूलाई अभ्यस्त बनाउँदा व्यावसायिक सीप पनि निखारिनुका साथै परिपक्व बनाउने उनको भनाइ थियो। सञ्चालक शक्तिकुमार गोल्यानले कर्मचारीको मनोबललाई उच्च राख्न सञ्चालक समितिले सदैव साथ दिने बताए। आउने समय त्यति सहज नहुने हुँदा त्यसका लागि पूर्वतयारी गरी कार्यसम्पादन गर्न उनले आग्रह गरे। प्रविधिको उच्चतम प्रयोग गर्दै कम्पनीको काम-कारबाहीलाई थप सहज, सरल, चुस्त र दुरुस्त बनाउन कम्पनीले कार्य आरम्भ गरिसकेको उनको भनाइ थियो।



कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले कर्मचारीलाई गत आवको कार्यसम्पादनका लागि धन्यवाद दिँदै चालू आवको व्यापार लक्ष्य पूरा गर्न सुरुबाट नै दत्तचित्त भई कार्य गर्न आह्वान गरेका थिए। उनले गएको आर्थिक वर्षको व्यापार समीक्षा गर्दै चालू आर्थिक वर्ष ०८०/८१ मा सेल्स रणनीतिबारे सम्मेलनमा जानकारी गराएका थिए। हाल कार्यरत प्रादेशिक प्रमुखलगायत प्रधान कार्यालयका विभागीय प्रमुखले सम्मेलनमा आ-आफ्ना प्रतिवेदन प्रस्तुत गरेका थिए। सम्मेलनको समाप्तिमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत पराजुली, नायब प्रमुख कार्यकारी अधिकृत अमितकुमार कयाल र नेसनल सेल्स हेड उमापति पोखरेललगायतले सहभागीलाई प्रमाणपत्र साथै आव ०७९/८० मा उत्कृष्ट व्यवसाय गर्ने कर्मचारी र शाखा एवं उपशाखालाई विभिन्न ३७ विधामा सम्मान तथा अवार्ड प्रदान गरेका थिए।

नेसनल लाइफको बिमा सचेतना साइकल च्याली



काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले पोखरामा बिमा सचेतना प्रवर्द्धन प्रयोजनका लागि साइकल च्याली आयोजना गरेको छ। सर्वसाधारणमा बिमा सचेतना प्रवर्द्धन हुने विश्वासका साथ कम्पनीले साइकल च्याली गरेको हो।

च्यालीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीसहित नेपाल बिमा प्राधिकरण, गण्डकी प्रदेशका प्रमुख केशवप्रसाद दाहाल, प्राधिकरणका अन्य कर्मचारीलगायत कम्पनीका विभागीय प्रमुख, प्रदेश प्रमुख, शाखा प्रमुख तथा मार्केटिङ कर्मचारीहरू गरी करिब एक सयजनाले सहभागिता जनाएको उल्लेख छ।

पोखराको बाराहीघाटबाट सुरु भएको च्यालीले हल्लनचोक, जिरो किलोमिटर, सभागृह चोक, चिप्लेढुंगा, बिरौटा, राष्ट्र बैंक चोक हुँदै करिब १० किलोमिटर यात्रा पूरा गरेको जनाइएको छ।

सिटिजन लाइफले वैदेशिक रोजगारमा रहेकालाई छुट्याएको सेयर बाँडफाँट



काठमाडौं/ एनआइएमबी एस क्यापिटल लिमिटेडको निष्कासन तथा बिक्री प्रबन्धकत्वमा सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले वैदेशिक रोजगारमा रहेकालाई छुट्याएको सेयर बाँडफाँट भएको छ। सर्वसाधारणका लागि छुट्याएको कुल जारी पुँजीको ३० प्रतिशतमध्ये १० प्रतिशत अर्थात् ११ लाख २५ हजार कित्ता सेयर बाँडफाँट गरिएको हो।

कम्पनीले प्रतिसेयर अंकित मूल्य एक सय रुपैयाँमा एक सय ४४ रुपैयाँ प्रिमियम थप गरी प्रतिकित्ता दुई सय ४४ रुपैयाँमा सेयर निष्कासन गरेको थियो। सेयर माग गर्दै २७ हजार ६ सय ३२ जनाले १९ लाख ३० हजार नौ सय कित्ताका लागि आवेदन परेको क्यापिटलले जनाएको छ। जसमध्ये चारजना आवेदकको आवेदन रित नपुगेको र बाँकीलाई सेयर बाँडफाँट गरिएको उल्लेख छ।

न्यूनतम १० देखि ४० कित्तासम्म माग गर्ने सात हजार आठ सय ८५ जना आवेदकले मागबमोजिम सेयर प्राप्त गरेको जनाइएको छ। त्यस्तै, ५० देखि दुई हजार कित्तासम्म माग गर्ने आवेदकलाई ४० कित्ताका दरले बाँडफाँट गरिएको क्यापिटलले जनाएको छ। त्यस्तै, ५० देखि दुई हजार कित्तासम्म माग गर्ने सम्पूर्ण आवेदकलाई एउटै समूहमा राखी गोलाप्रथा विधिद्वारा थप १० कित्ताका दरले १८ हजार २ ९ जनालाई बाँडफाँट गरिएको जनाइएको छ।

एनआइसी एसिया क्यापिटलको प्रतिसेयर आम्दानी ५२ रुपैयाँ

नयाँ पत्रिका

आव ०७९/८० मा एनआइसी एसिया क्यापिटलले प्रतिसेयर ५२ रुपैयाँ १० पैसा आम्दानी गरेको छ। २० करोड रुपैयाँ चुक्ता पुँजी रहेको क्यापिटलले गत आवमा १० करोड ४२ लाख रुपैयाँभन्दा बढी नाफा कमाएको हो।

मर्चेन्ट बैंकिङ व्यवसायमा बढ्दै गइरहेको तीव्र प्रतिस्पर्धा, धितोपत्रको दोस्रो बजारको कारोबारमा समीक्षा अवधिभर नै मन्दी हुनु तथा अधिकांश आर्थिक सूचकहरू नकारात्मक भई समग्र व्यवसायमा मन्दीको अवस्था सिर्जना भइरहेको समयमा समेत उल्लेख्य नाफा कमाउन सकेको क्यापिटलले जनाएको छ।

आव ०७९/८० अन्त्यसम्म क्यापिटलले एनआइसी एसिया बैंक म्युचुअल फन्डअन्तर्गत चारवटा बन्दमुखी र एउटा खुलामुखी योजना गरी जम्मा पाँचवटा योजना सञ्चालन गरिरहेको जनाइएको छ।

सञ्चालनमा आएको पहिलो वर्षदेखि नै नगद प्रतिफल वितरण गर्न सफल 'एनआइसी एसिया ग्रोथ फन्ड'ले पहिलो वर्ष १० प्रतिशत, दोस्रो वर्ष १२ प्रतिशत, तेस्रो वर्ष ३० प्रतिशत र चौथो वर्ष १३ प्रतिशत गरी हालसम्म ६५ प्रतिशत लाभांश वितरण गरिसकेको उल्लेख छ। त्यस्तै, 'एनआइसी एसिया ब्यालेन्स्ड फन्ड'ले सञ्चालनमा आएको पहिलो वर्ष ८ प्रतिशत, दोस्रो वर्ष ३० प्रतिशत र तेस्रो वर्ष १३ प्रतिशत गरी हालसम्म ५१ प्रतिशत नगद लाभांश वितरण गर्न सफल भएको क्यापिटलले जनाएको छ।

पहिलो खुलामुखी योजना 'एनआइसी एसिया डाइनामिक डेप्ट फन्ड' सञ्चालनमा आएको पहिलो वर्षमा १० प्रतिशत र दोस्रो वर्ष ६ प्रतिशत गरी हालसम्म १६ प्रतिशत नगद प्रतिफल वितरण गर्न सफल भएको जनाइएको छ।

उक्त लाभांश वितरणपश्चात् तथा धितोपत्रको दोस्रो बजार तल्लो बिन्दुमा हुँदासमेत सबै योजना नाफामा रहेको क्यापिटलको भनाइ छ। असार मसान्त २०८० मा क्यापिटलबाट सञ्चालित योजनाहरू 'एनआइसी एसिया ग्रोथ फन्ड'को खुद सम्पत्ति मूल्य ११ रुपैयाँ ९८ पैसा, 'एनआइसी एसिया ब्यालेन्स्ड फन्ड'को खुद सम्पत्ति मूल्य ११ रुपैयाँ २८, पैसा, पहिलो खुलामुखी योजना 'एनआइसी एसिया डाइनामिक डेप्ट फन्ड'को खुद सम्पत्ति मूल्य ११ रुपैयाँ १० पैसा, तेस्रो बन्दमुखी योजना 'एनआइसी एसिया सेलेक्ट ३० इन्डेक्स फन्ड'को खुद सम्पत्ति मूल्य १० रुपैयाँ ७४ पैसा तथा चौथो बन्दमुखी योजना 'एनआइसी एसिया फ्लेक्सी क्याप फन्ड'को १० रुपैयाँ ६७ पैसा कायम गर्न सफल भएको क्यापिटलले जनाएको छ। क्यापिटलले संस्थागत परामर्श सेवाअन्तर्गत 'आइडिया टु आइपिओ' सेवा सञ्चालन गरिरहेको छ। जसअन्तर्गत ०८० असार मसान्तसम्म १८ वटा कम्पनीसँग दुई पक्षीय सम्झौता सम्पन्न भई काम गरिरहेको क्यापिटलले उल्लेख गरेको छ।

रावा बैंकका ग्राहकले विदेशबाट निःशुल्क पैसा पठाउन सक्ने

काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंकका ग्राहकले विदेशबाट निःशुल्क नेपालमा रकम पठाउन सक्ने भएका छन्। बैंकले आफ्नो वेबसाइट, मोबाइल बैंकिङ (डिजिटल संसार) तथा इन्टरनेट बैंकिङको पोर्टलबाट सजिलै अमेरिका, अस्ट्रेलिया, युरोप, गल्फलगायत विश्वका जुनसुकै देशमा बस्ने व्यक्तिले एक क्लिकमा नेपालमा रेमिट् यान्स पठाउन सकिने सुविधा सञ्चालनमा ल्याएको हो।

यो सुविधाअन्तर्गत विश्वको जुनसुकै देशमा रहेका व्यक्तिले आफ्नो क्रेडिट कार्ड, डेबिट कार्ड, बैंक डिपोजिट, अनलाइन बैंकिङ र ट्रान्सफर प्रयोग गरी बैंकको आरबिबी रिक्वेस्ट रेमिट पोर्टलको सेन्ड रेमिटमार्फत रकम पठाउन सक्ने जनाइएको छ।

साथै, नेपालमा बस्ने व्यक्तिले पनि विदेशमा बस्ने आफन्तलाई रकमका लागि यो पोर्टलमार्फत अनुरोध गर्न सक्ने उल्लेख छ। यसरी रकम पठाउँदा ग्राहकलाई कुनै पनि शुल्क नलाग्ने तथा रेमिट्यान्स पठाएको केही मिनेटमै नेपालमा रहेको कुनै पनि बैंक खातामा (ग्राहकले भरेको) रकम डिपोजिट हुने जनाइएको छ। ग्राहकले विनिमय सटही दर पनि हेर्न सक्ने बैंकले जनाएको छ।

यसका लागि बैंकले ललित मनी ट्रान्सफरसँग सहकार्य गरेको जनाएको छ। ललित मनी ट्रान्सफरको विदेशी साझेदारी अर्नलिमिटेड रेमिटसँग रहेको उल्लेख छ। बैंकले हाल देशका ७७ वटै जिल्ला सदरमुकामसहित दुई सय ८२ शाखा, ६५ एक्सटेन्सन काउन्टर, दुई सय ६९ एटिएम र ९९ वटा शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

कामना सेवाका ग्राहकलाई डच एन्ड डोरिस रेस्टुरेन्टमा छुट

काठमाडौं/ कामना सेवा विकास बैंक र डच एन्ड डोरिस रेस्टुरेन्टबीच मर्चेन्ट सम्झौता भएको छ। कामना सेवाका ग्राहकले रेस्टुरेन्टमा आफ्ना ग्राहकलाई विशेष छुट प्रदान गर्ने समझौता गरेको हो।

सम्झौताअनुसार कामना सेवा विकास बैंकसँग आबद्ध सम्पूर्ण व्यक्तिले काठमाडौंको पुतलीसडकमा रहेको डच एन्ड डोरिस रेस्टुरेन्टमा विभिन्न सेवामा १५ प्रतिशतसम्मको छुट पाउने जनाइएको छ। बैंकसँग आबद्धताको प्रमाणका आधारमा यो सुविधा सहजै प्राप्त गर्न सकिने बैंकले जनाएको छ। सम्झौताबाट बैंकसँग आबद्ध सम्पूर्ण व्यक्तिले विशेष लाभ लिने बैंकले विश्वास व्यक्त गरेको छ।



नेपाल जनस्वास्थ्य सहकारी संस्था लि.
माइतीघर, काठमाडौंको
३५ दिने सूचना

यस संस्थाबाट विगतमा लिनुभएको औषधी (कर्जा) हिसाब बाँकी रहेको हुँदा सूचना प्रकाशित मितिले ३५ दिनभित्र आफुसँग कुनै प्रमाण भए विवरणसहित कार्यालयमा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा हामीसँग भएको विवरण अनुसार कानूनी प्रक्रिया अवलम्बन गरी कर्जा असुली प्रक्रिया अगाडि बढाइनेछ। **तपसिल बमोजिमका फर्महरू**

क्र.सं.	फर्महरूको विवरण	ठेगाना/सम्पर्क नम्बर
१.	पुष्पा फार्मा	थापाथली, 01-4260876
२.	पोलार फार्मेसि	नागपोखरी, नक्साल
३.	विमिन फार्मा	बुद्धनगर, 9841618763
४.	गौरव फार्मेसि	थापाथली, 9741110601, 9841631149
५.	जे फार्मोसि	बालाजु, 9751002552, 9849069600
६.	प्रमोद फार्मा	इमाडोल, 9841309119
७.	इष्ट एण्ड वेष्ट कन्सर्न	जमल, 01-4416647
८.	गावाहाल मेडिकल हल	पाटन, गावाहाल, 01-5533329
९.	लालिगुँरास फार्मेसि	सातदोबाटो, 01-5152245, 5538245
१०.	एमटस फार्मा	पुतलीसडक, 9851051161
११.	चिकामुगल फार्मा	चिकामुगल, 01-4216822
१२.	हिम श्रृखला फार्मेसि	ठमेल, 01-4250664
१३.	कन्केश्वरी मेडिकल हल	कन्केश्वरी, 9843405050
१४.	इभ फार्मेसि	लोकन्थली, भक्तपुर, 9840055636
१५.	सुनगाभा फार्मेसि	नेपालगञ्ज, 081527559
१६.	गोर्खा मेडिकल हल	बालाजु, 9843244266
१७.	इटाचे फार्मेसि	305191647 (Pan no) 9849931494
१८.	लोकेश जोशी	भक्तपुर, 9840055636
१९.	मनिषा फार्मेसि	गौशाला, 99851053108
२०.	चन्द्र केश फार्मेसि (हनुमान)	महाबौद्ध, 9851111777
२१.	साई नाङ्लो फार्मेसि	महाराजगञ्ज, 9851099091
२२.	सिद्धि विनायक फर्मा	सामाखुशी, 9841887992
२३.	डेन्टल केयर हस्पिटल	बानेश्वर, 9841099679
२४.	दक्षा मेडि क्लिनिक	कुपण्डोल, 9851026591

नेपाल जनस्वास्थ्य सहकारी संस्था लि.
माइतीघर, काठमाडौं, फोन: 01-5911536, 5911537, 9761753785,
Email: janaswasthe.sahakari@gmail.com, facebook ID: Nepal Janaswasthya

कर्जा चुक्ता गर्न आउने सम्बन्धित ७ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८०/०४/२३ (नयाँ पत्रिका)

तपसिल बमोजिमका ऋणी सदस्यहरूलाई कर्जाको सावाँ, व्याज र हर्जाना आदि बुझाउन पटक पटक मौखिक तथा लिखित तर-ताकेता र मिति २०७८/११/१८ र २०७९/०७/२३ मा यसै नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सुचना प्रकाशन गर्दा पनि कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाउनु भएको हुँदा यो कर्जा चुक्ता गर्न आउने सम्बन्धि ७ दिने सूचना प्रकाशित गरिएको छ। यस अवधि भित्र संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम बुझाउनु होला अन्यथा सहकारी ऐन २०७४, नियमावली २०७५, तथा संस्थाको विनियम र ऋण व्यवस्थापन कार्यविधि अनुसार ऋणी सदस्यले संस्थासंग गरेको लिखित शर्त बमोजिम धितोमा रहेको चलअचल सम्पतिबाट लिलाम बिक्री गरी कानुन बमोजिम संस्थाको लेना रकम असुल उपर गरिनुको साथै कुनै कारणवस सो धितोबाट लेना रकम असुल उपर नभएमा प्रचलित कानुन अनुसार ऋणी सदस्य तथा जमानीकर्ताको अन्य चलअचल सम्पति जायजेथाबाट असुल उपर गरिने व्यहोरा सम्बन्धितलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

ऋणीको विवरण	ऋणीको फोटो	धन जामानीको विवरण
नाम : विजय कुमार श्रेष्ठ बुवा : बद्रि नारायण श्रेष्ठ बाजे : बुद्धि नारायण श्रेष्ठ ठेगाना : महोत्तरी, लक्ष्मीनिया-२ ना.प्र.प.नं. : ०४९८३६९१		**नाम : मिलन के.सी.** बुवा : नवराज के.सी. बाजे : दिल बहादुर के.सी. ठेगाना : नुवाकोट, विदुर-९ ना.प्र.प.नं. : ३५५१६

धितो विवरण

ऋणीको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर, ताथली गा.वि.स. वडा नं. १ (हाल चांगुनारायण न.पा. वडा नं. ९) को कि.नं. ६७८ को ०-५-०-० जग्गा

उत्कृष्ट साथीभाई बचत तथा ऋण सहकारी संस्था लि.
गल्फुटार, बुढानिलकण्ठ, काठमाडौं
सम्पर्क नं. : ०१-४३७४२४७

ललितानिवास...

पृष्ठ १ बाट क्रमशः

आधारमा सिआइबीले अनुसन्धान गरिरहेको छ । तर, अनुसन्धान प्रतिवेदनमा नीतिगत निर्णयमा संलग्नमाथि अनुसन्धान नगरेको भन्दै अदालतले प्रश्न उठाएपछि सिआइबी समस्यामा परेको हो ।

यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराईसँग बयान लिएको थियो । तर, मन्त्रिपरिषद्को नीतिगत निर्णयमाथि भ्रष्टाचार मुद्दा चलाउन नमिल्ने प्रावधानका कारण मन्त्रीहरूविरुद्धसम्म मुद्दा चलेको थियो । पूर्वप्रधानमन्त्री नेपाल पूर्वनिर्धारित कार्यक्रमअनुसार सोमबारदेखि युरोप भ्रमणमा निस्किएका छन् ।

सिआइबीले पूर्वमुख्यसचिव लीलामणि पौडेलसँग यसअघि नै बयान लिइसकेको छ । तत्कालीन मन्त्रीहरू विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ, चन्द्रदेव जोशीलगायतविरुद्ध पक्राउ पुर्जी नै जारी भइसकेको छ ।

सिआइबीको अनुसन्धानमा लिखत किर्तेमा प्रत्यक्ष रूपमा मन्त्रिपरिषद्को संलग्नता देखिएको छैन । तर, संगठित अपराध मुद्दा पनि जोडिएको र जग्गा फिर्ता ल्याउनुपर्ने भएकाले उच्चपदस्थ पनि तानिन सक्ने स्रोतको भनाइ छ ।

सिआइबीसँग यो मुद्दाको अनुसन्धानका लागि अब करिब दुई साताको समय छ । संगठित अपराधको मुद्दामा आरोपी पक्राउ परेको ६० दिनभित्र अभियोग दर्ता गरिसक्नुपर्ने प्रावधान छ । सोमबार ४२ दिन पुगिसकेको छ । अनुसन्धान प्रतिवेदन अध्ययन र अभियोग तयार गर्न सरकारी वकिलले कम्तीमा एक साताको समय मागेको छ । जसअनुसार आगामी साता सिआइबीले अनुसन्धान सक्नुपर्ने हुन्छ ।

सिआइबीकी निर्देशक एआइजी किरण बज्राचार्यले ललितानिवास प्रकरणको अनुसन्धान तीव्र रूपमा भइरहेको बताइन् । सर्वोच्च अदालतको आदेशपछि त्यस विषयमा थप छलफल गरी अनुसन्धान अघि बढाउने उनको भनाइ छ । 'सर्वोच्चको आदेशबारे छलफल गरिरहेका छौं, निष्कर्ष अनुसन्धान अघि बढ्छ,' उनले भनिन् ।

अनुसन्धानमा सघाउने पूर्वप्रधानमन्त्रीद्वय भट्टराई र नेपाल तथा पूर्वमन्त्री जोशीको सार्वजनिक प्रतिबद्धता

सर्वोच्च अदालतले ललितानिवासको जग्गा हिनामिनामा सहयोग पुग्ने गरी मन्त्रिपरिषद्बाट भएका निर्णयमा संलग्न पदाधिकारीमाथि पनि छानबिन गर्न आदेश दिएपछि पूर्वप्रधानमन्त्रीद्वय डा. बाबुराम भट्टराई र माधव नेपालले अनुसन्धानमा सघाउन तयार रहेको प्रतिक्रिया दिएका छन् । भट्टराईले सामाजिक सञ्जालबाट र नेपालले सचिवालयमार्फत धारणा सार्वजनिक गर्दै सिआइबीको अनुसन्धानमा सघाउने प्रतिबद्धता जनाएका हुन् ।

'ललितानिवासलगायत जुनसुकै प्रकरणमा राज्यका मन्त्रिपरिषद्लगायत सबै तहबाट भएका निर्णयउपर निष्पक्ष छानबिन गरेर कानुनविपरीत, राज्यलाई नोक्सान हुने, निजी लाभ लिने ढंगले कार्य भएगरेको भए जतिसुकै उच्च तहको व्यक्ति भए पनि कानुनअनुसार कारबाही गरिनुपर्छ र देशमा विधिको शासन कायम गरिनुपर्छ भन्ने मेरो आजीवन मान्यता र प्रतिबद्धता रहेको छ । अतः मेरो प्रम कालमा भएका सबै निर्णयको निष्पक्ष छानबिन गर्न र आवश्यक कारबाही गर्न सरकार र सम्बन्धित निकायलाई मेरो विनम्र आग्रह छ,' भट्टराईले फेसबुकमा लेखेका छन्, 'ललितानिवास प्रकरणमा सम्मानित सर्वोच्च अदालतले दिएको निर्देशनअनुरूप छानबिन भएमा त्यसमा पूर्णरूपले सहयोग गर्ने मेरो प्रतिबद्धता रहेको छ । केही समय पहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको छानबिनमा पनि मैले सहर्ष सहयोग गरेको सर्वविदितै छ ।'

त्यस्तै, नेपालले निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही हुनुपर्ने धारणा सचिवालयमार्फत सार्वजनिक गरेका छन् । 'आइतबार सर्वोच्च अदालतबाट भएको फैसलाका सन्दर्भमा उहाँ जानकार हुनुहुन्छ । सबै प्रकारका भ्रष्टाचार एवं अनियमितताको निष्पक्ष छानबिन गरी दोषीउपर कडा कारबाही हुनुपर्छ र मुलुकमा सुशासन कायम गर्नुपर्छ भन्ने कुरामा उहाँको दृढ मान्यता रहेको छ,' नेपालको सचिवालयले भनेको छ ।

पूर्वमन्त्री चन्द्रदेव जोशीले पनि सोमबार नै सामाजिक सञ्जाल फेसबुकमा लामो स्टेटस लेख्दै अनुसन्धान गर्ने निकायलाई पूरा सहयोग गर्ने बताएका छन् । 'वर्तमान सरकारले चालेको भ्रष्टाचारविरोधी अभियानमा मेरो पूरै समर्थन छ । देशमा नासुरको रूपमा रहेको भ्रष्टाचार मेटियोस् भन्ने मेरो चाहना र अपेक्षा हो । लगातार त्यसैतर्फ मेरो राजनीतिसमेत लक्षित हुँदै आएको छ । अनुसन्धान निकायलाई मेरो पूरा सहयोग रहनेछ,' उनले लेखेका छन् ।

तर, १८ असोज ०६९ मा ललितानिवासबारे मन्त्रिपरिषद्मा निर्णय हुँदा आफू मन्त्री पदमा नरहेको उनको भनाइ छ । '०६९ असोज १८ गते ललितानिवासबारे मन्त्रिपरिषद्मा निर्णय हुँदा म मन्त्री पदमा थिइनँ । मन्त्री पदबाट मैले त्यसअघि नै असोज ४ गतेको मितिमा राजीनामा गरिसकेको थिएँ । म ०६९ जेठ ३ देखि असोज ४ गते सम्म मात्र तत्कालीन बाबुराम भट्टराई मन्त्रिपरिषद्मा रहेको हुँ । पछि तत्कालीन मन्त्रिपरिषद्का अर्का सदस्य टोपबहादुर रायमाझीले मैले सम्हाल्दै आएको मन्त्रालय सम्हालेको जानकारी त्यसबखत पाएको हुँ । त्यसपछि मन्त्रिपरिषद्को सामाजिक समितिमा प्रस्ताव जाँदासमेत म मन्त्री पदमा थिइनँ । मैले मन्त्री पद छाडेपश्चात् भएको कुनै पनि निर्णयबारे मलाई जानकारी छैन । पछिल्लो समय समाचार माध्यम नै मेरो जानकारीका स्रोत भएका छन् ।'

जेजसो भए पनि अनुसन्धान निकायले गर्ने छानबिनमा पूरा सहयोग गर्ने उनको प्रतिबद्धता छ । 'यसअघि पनि पटक-पटक जानकारी दिएअनुसार नै अदालतको दोस्रो ताकेतापछि अदालतको आदेश नमान्दा मानहानी गरिएको हुने अवस्था आएपछि लियाजो एजेन्सीको मन्त्रीका रूपमा मेरोमार्फत निर्णयका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लैजान मैले सहमति मात्र दिएको हो । सोसम्बन्धी निर्णय प्रक्रियामा मेरो कुनै सहभागिता छैन,' उनले लेखेका छन्, 'जेजसो भए पनि अनुसन्धान निकायले गर्ने छानबिनलाई मेरो पूरा सहयोग रहनेछ ।'

अनुदानको मल...

पृष्ठ १ बाट क्रमशः

रकम लिएर मल बिक्री गरेको फेला परेको थियो । बढी मूल्यमा मल बिक्री गरेको भेटिएपछि ती दुई सहकारीका प्रतिनिधिहरूलाई सोमबार जिल्ला प्रशासन कार्यालय कास्कीमा हाजिर हुने गरी छाडिएको थियो ।

कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेको अध्यक्षतामा सोमबार सरोकारवालासहित बसेको बैठकले बढी मूल्यमा मल बिक्री-वितरण गरेका दुई सहकारीलाई २०-२० हजार जरिवानासँगै अनुदानको मल बिक्रीका लागि लिएको अनुमतिपत्र खारेज गरेको छ । साथै, पसलमा रहेका मल जफत गर्ने निर्णय गरेको छ । अमरसिंह कृषि सहकारीमा रहेको २५ बोरा युरिया, ६ बोरा डिएपी र पाँच बोरा पोटास जफत गरी साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमा पठाएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी ढकालले जानकारी दिए ।

अमरसिंह कृषि सहकारीले २१ रुपैयाँ प्रतिकेजीको युरिया ३५ र ५० रुपैयाँको डिएपी ६५ रुपैयाँमा बिक्री गरेको फेला परेको थियो । उपभोक्ता सहकारीले अनुदानमा लगेको मल अनुमति नपाएका सहकारी र पसललाई बढी मूल्यमा बिक्री गरेको पाइएको महानगर उपप्रमुख गुरुङले जानकारी दिइन् । संघले कार्यक्षेत्रभन्दा बाहिर मल पठाउने, बिलबिजक जारी नगरेको, मूल्यसूची नराखेको, कृषि सामग्रीबाट ५० बोरा र साल्ट ट्रेडिङबाट ३५ बोरा युरिया ल्याएको फेला परेको उनको भनाइ छ । मल बिक्री गर्ने अनुमतिसमेत नपाएको पोखरा- १० को अमरसिंह सहकारीले उपभोक्ता सहकारीबाट मल लगेर बढी मूल्यमा बिक्री गरेको भेटिएको गुरुङले बताइन् ।

पोखरा महानगरको मल वितरण व्यवस्थापन समितिको १२ साउनमा बसेको बैठकले सरकारी अनुदानमा प्राप्त हुने मल डिपोदेखि बिक्री केन्द्रको दूरीका आधारमा युरिया प्रतिकिलो १९ रुपैयाँ ४५ पैसादेखि २१ रुपैयाँ ५ पैसासम्म, डिएपी ४८ रुपैयाँ ४५ पैसादेखि ५० रुपैयाँ पाँच पैसा र पोटास ३६ रुपैयाँ ४५ पैसादेखि ३८ रुपैयाँ पाँच पैसासम्म लिने गरी मूल्य निर्धारण गरेको थियो । मल बिक्रीका लागि अनुमति नपाएको र बढी मूल्यमा बिक्री गरेको अमरसिंहको पसल दर्ता भए पनि मल, विषादी र बिउबिजन बिक्री अनुमति नलिएको पाएपछि बिक्रीका लागि राखिएको २५ बोरा युरिया, ६ बोरा डिएपी र पाँच बोरा पोटास बिक्री-वितरणमा रोक लगाएर सोमबार जिल्ला प्रशासन कार्यालयमा हाजिर हुन भनिएको थियो ।

अनुसन्धानका लागि...

पृष्ठ १ बाट क्रमशः

गर्नेछ र अनुसन्धान प्रतिवेदन तयार गर्नेछ । एसपी थापा नेतृत्वको विशेष टोलीले मंगलबारबाट अनुसन्धान थाल्ने तयारी छ । टोलीमा सिआइबीका उत्कृष्टमध्येका डिएसपी, इन्स्पेक्टर र जुनियर अधिकृत सहभागी छन् । टोलीलाई प्रत्यक्ष सुपरिवेक्षण तथा निर्देशन दिने काम भने सिआइबीका डिआइजी यज्ञविनोद पोखरेलले गर्नेछन् । अनुसन्धानको सम्पूर्ण नेतृत्व भने सिआइबी प्रमुख एआइजी किरण बज्राचार्यले नै गर्नेछिन् ।

'अभियुक्तविरुद्ध अनुसन्धानका लागि जिल्ला अदालत काठमाडौंले सोमबार नै सात दिनको म्याद थपिदिएको छ । अनुसन्धानको फाइल मंगलबारबाट खोलिन्छ ।

अन्यमा भन्छ प्रहरीले यस घटनामा पनि व्यावसायिक ढंगले अनुसन्धान गर्नेछ । घटनाको 'कोर एरिया'सम्म पुगेर तथ्य बाहिर ल्याउन प्रहरीको कोसिस रहनेछ,' एआइजी बज्राचार्यले भनिन् ।

सिआइबीका अनुसार थप गरिएको नयाँ म्याद पुरानो म्यादसँगै मिलान हुनेछ । अवैध सुन चोरी-पैठारी तथा संगठित कसुरमा सिआइबीले पक्राउ अभियुक्तविरुद्ध अब ४० दिनसम्म हिरासतमा राखेर अनुसन्धान गर्न पाउनेछ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी कुबेर कडायतले भने, 'सय किलो सुन तस्करी अनुसन्धान गर्न एसपीको नेतृत्वमा विशेष टोली गठन भएको छ । टोलीमा अन्य प्रहरी अधिकृत पनि सहभागी छन् । टोलीलाई निर्देशन दिने र सुपरिवेक्षण गर्ने काम भने डिआइजीले गर्नेछन् ।'

सय किलो सुन तस्करी अनुसन्धानलाई इतिहासकै सबैभन्दा ठूलो र जटिल घटनाको रूपमा हेरिएको छ । यसमा राष्ट्रियदेखि अन्तर्राष्ट्रिय तस्कर जोडिएका छन् । जसमध्ये तिब्बती मूलका भारतीय नागरिक थाप्तेन छिरिङ, चिनियाँ नागरिक जिक्वान लिन, तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङ, भारतीय नागरिक राकेश अकुडियालगायतका छन् । छिरिङ, लिन र दावालगायत पक्राउ परे पनि अकुडियासहित घटनामा संलग्न अन्य अभियुक्त अहिले फरार छन् ।

पक्राउ परेका अभियुक्तको बयान र फरार रहेका अभियुक्तको 'ट्राभल हिस्ट्री' तथा 'कल डिटेल' हेर्दा घटना संगठित तवरले अन्तरदेशी भूमि प्रयोग गरी भएको देखिएपछि अनुसन्धानको जिम्मा सिआइबीलाई दिन राजस्व अनुसन्धान विभाग तयार भएको हो । अनुसन्धानको १९ दिनमा विभागले सुन स्टोर गर्न खोलिएको दुई स्टोर नै फेला पारेको थियो । स्टोरमा सुन ल्याउन प्रयोग गरिएका स्कुटर/मोटरसाइकलका ब्रेकसु, सुन गाल्न प्रयोग गरिएका मेसिन, जोख्ने तराजुलगायत सामग्री भेटिएका थिए ।

राजस्व अनुसन्धान विभागले गत २ साउनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाहिरबाट तस्करी भएर आएको सय केजी सुन बरामद गरेको थियो । विभागले ट्याक्सीचालक अशोक लामा र रेडी ट्रेडका सञ्चालक दिलीप भुजेललाई घटनास्थलबाटै पक्राउ गरेको थियो । उनीहरूकै बयानका आधारमा विभागले थप १६ अभियुक्तलाई पक्राउ गरेको थियो । अनुसन्धानको १९ दिनपछि आइतबार विभागले पक्राउ अभियुक्तसहित घटनासँग सम्बन्धित सम्पूर्ण कागजात तथा दसी प्रमाण सिआइबीलाई बुझाएको थियो ।

दैनिक चार हजार...

पृष्ठ १ बाट क्रमशः

समस्या फैलिरहेको छ ।

त्यस्तै, काठमाडौं उपत्यकामा आँखा पाक्ने समस्याले व्यापकता लिन थालेको छ । दैनिक तथ्यांक बुझ्दा यो समस्या भएका बिरामी त्रिपुरेश्वरस्थित नेपाल आँखा अस्पतालमा ९०, तिलगंगा आँखा अस्पतालमा ८० र कीर्तिपुर आँखा अस्पतालमा ६० जनाभन्दा बढी पुग्ने गरेका सम्बन्धित अस्पतालले जानकारी दिए ।

त्यस्तै, नेपाल नेत्रज्योति संघअन्तर्गत रहेका देशभरका २७ आँखा अस्पताल र एक सय ५० आँखा उपचार केन्द्रमा दैनिक चार हजार तीन सयभन्दा धेरै बिरामी आँखा पाकेको समस्या लिएर पुग्ने गरेका छन् । त्रिपुरेश्वरको नेपाल आँखा अस्पताल, तिलगंगा आँखा अस्पताल र निजी अस्पतालहरू संघअन्तर्गत छैनन् ।

'आँखा पाक्ने रोगका बिरामी रेशैभर बढेका छन्, यसबारे हामीले सचेत हुन र आँखाको हेरचाहमा ध्यान दिन जरुरी छ,' नेत्रज्योति संघका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रले भने, 'तराईका जिल्ला र उपत्यकामा यो भयावह बन्दै छ ।' उनका अनुसार संघअन्तर्गत रहेका अस्पताल र केन्द्रले आँखासम्बन्धी ८० प्रतिशत बिरामीको उपचार गर्दै आइरहेका छन् । बाँकी २० प्रतिशतको नेपाल आँखा अस्पताल, तिलगंगा आँखा प्रतिष्ठान र अन्य निजी अस्पतालले गर्छन् ।

आँखा पाक्ने रोग फैलिएपछि धमाधम बन्द गरिँदै विद्यालय

आँखा पाक्ने रोग फैलिन थालेपछि विद्यालयको पठनपाठन धमाधम बन्द गरिन थालिएको छ । बाँके, रुपन्देही, पोखरा, चितवन, तनहुँ र धनकुटा क्षेत्रमा कैयौं पालिकाले पठनपाठन बन्द गरेका छन् ।

आँखा पाक्ने रोगको समस्या बढेपछि नेपालगन्जका निजी तथा संस्थागत विद्यालय बन्द भएका छन् । आँखा पाक्ने रोगका कारण विद्यार्थी अनुपस्थित हुन थालेपछि शुक्रबारसम्मका लागि विद्यालय बन्द गरिएको वेस्टजोन माध्यमिक विद्यालयका प्रिन्सिपल आरके गौतमले बताए । प्याब्सन नेपालगन्जका अध्यक्ष विकास बज्राचार्यले आँखा पाक्ने समस्या देखिएका विद्यालयलाई पठनपाठन बन्द गर्न सुझाव दिएको बताए । नेपालगन्जका विद्यालयमा अध्ययनरत २५-३५ प्रतिशत विद्यार्थीमा आँखा पाक्ने समस्या देखिएको उनको भनाइ छ । 'उपमहानगरसँग समन्वय र छलफल गरि धेरै समस्या देखिएका विद्यालयलाई मंगलबारदेखि बन्द गर्न भनेका छौं । बुधबारदेखि सम्पूर्ण विद्यालय बन्द गर्न प्याब्सनले मंगलबार आधिकारिक सूचना निकाल्ने योजना छ,' उनले भने ।

नेपालगन्ज उपमहानगरपालिका शिक्षा महाशाखा प्रमुख गोर्खबहादुर थापाले नगरका सम्पूर्ण विद्यालय बुधबारदेखि बन्द गर्ने तयारी भएको बताए । उनले विद्यालय बन्दका लागि प्याब्सन, एनप्याब्सनलगायतसँग छलफल भइरहेको बताए । एउटै विद्यालयमा सय-दुई सय विद्यार्थीको आँखा पाक्ने समस्या देखिएको उनले जनाए । आँखा पाक्ने रोगको प्रकोप बढ्दै गएपछि चितवनको भरतपुर महानगरपालिकाले पाँच दिन (२२ साउनदेखि २६) सम्म विद्यालय बन्द गर्ने निर्णय गरेको छ । महानगरका नगर शिक्षा अधिकारी महेन्द्रप्रसाद पौड्यालका अनुसार भरतपुर महानगरका सामुदायिक तथा संस्थागत विद्यालय, बालविकास केन्द्र तथा मन्टेस्वरी, किन्डर गार्डेन बन्द गर्न भनिएको छ । पछिल्लो केही दिन यता भरतपुर आँखा अस्पतालमा बिरामीको भिड पनि बढेको छ ।

त्यस्तै, आँखा पाक्ने रोग फैलिएपछि तनहुँको शुक्लागण्डकी नगरपालिकामा रहेका पञ्चमुनीदेव मावि, खैरेनी मावि, सरस्वती नमुना मावि, जनकल्याण मावि, हंसवाहिनी मावि र गाउँफर्कोदय माध्यमिक विद्यालयको पठनपाठन बन्द गरिएको छ । यी विद्यालय दुईदेखि पाँच दिनका लागि बन्द गरिएको छ । अहिले गरिएको बिदा भने हिउँदे बिदाबाट कट्टी गरिने जनाइएको छ । सरस्वती नमुना माविमा अध्ययनरत दुई सय ७० विद्यार्थीमध्ये एक सय ५० मा आँखाको संक्रमण भएको प्रधानाध्यापक नारायण पौडेलले बताए । 'सोमबार मात्रै एक सयभन्दा बढी विद्यार्थी अनुपस्थित भए । संक्रमण फैलिनबाट रोक्न विद्यालय बन्द गर्यौं,' उनले भने । तर, शुक्लागण्डकी नगरपालिकाबाहेकका स्थानीय तहले भने विद्यालय बन्द गराएका छैनन् । यसैगरी, आँखा पाक्ने रोगको संक्रमण बढेपछि धनकुटा बजारमा सञ्चालित संस्थागत विद्यालय पाँच दिनका लागि बन्द गरिएको छ । विद्यालयमा अध्ययनरत करिब ५० प्रतिशतभन्दा बढी विद्यार्थीमा आँखा पाक्ने रोगको समस्या देखिएपछि पाँच दिनका लागि विद्यालयको पठन पाठन पूर्ण रूपमा बन्द गरिएको धनकुटा नगरपालिका-७ श्रीवानीस्थित तमोरभ्याली बोर्डिङ स्कुलका प्रिन्सिपल दुर्गा लुइँटेलले बताए ।

कैलाली-कञ्चनपुरमा व्यापक फैलियो आँखा पाक्ने रोग

चर्को गर्मीका बीच कैलाली-कञ्चनपुरमा आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस फैलिएको छ । यस क्षेत्रमा साउन पहिलो सातादेखि संक्रमण सुरु भएकामा अत्तरियास्थित गेटा आँखा अस्पताल र महेन्द्रनगरमा रहेको महेन्द्रनगर आँखा अस्पतालमा बिरामीको भिड बढेको छ । त्यसबाहेकका अन्य अस्पतालमा पनि आँखा पाक्ने समस्या लिएर बिरामी पुग्ने गरेका छन् । हाल सुदूरपश्चिमका पहाडी जिल्लामा पनि संक्रमण सुरु भएको छ ।

महेन्द्रनगर आँखा अस्पतालका प्रमुख डा. खगेन्द्र उप्रेतीले चार सातादेखि आँखाका बिरामीको संख्या बढिरहेको बताए । उनका अनुसार आँखा पाक्ने समस्या अघि दैनिक एक सयदेखि दुई सय बिरामी आउने गरेकामा हाल दुई सयदेखि तीन सय बिरामी अस्पतालमा आउने गरेका छन् । पहिलो चरणमा इन्टिबायोटिक र दोस्रो चरणमा अवस्था हेरेर उपचार भइरहेको उनले बताए । आँखामा समस्या देखिएपछि ग्रामीण क्षेत्रका बासिन्दा सुरुमा मेडिकल पुग्ने गरेका छन् । निको नभएपछि मात्र आँखा अस्पताल आउने गरेका छन् । डा. उप्रेतीका अनुसार आँखा पाक्ने रोग आँखाको सेतो भागलाई छोपेको पातलो झिल्ली वा परेलीभित्री भाग हो, जसलाई कंगजक्टिभा भन्छिन् । त्यसमा हुने एक प्रकारको संक्रमण वा भाइरल हो ।

गेटा आँखा अस्पतालका बाह्य व्यवस्थापक रमेशचन्द्र भट्टले पनि कैलालीमा तीन सातादेखि आँखा पाक्ने रोगका बिरामी बढिरहेको बताए । उनका अनुसार गेटा आँखा अस्पतालमा दैनिक ६ देखि ७ सय आँखासम्बन्धीका बिरामीमध्ये ७० प्रतिशत बिरामी आँखा पाक्ने समस्या भएर आउने गरेका छन् ।

रण आँखा अस्पतालमा छुट्टै क्लिनिक

लुम्बिनीका रुपन्देही, कपिलवस्तु, नवलपरासीमा आँखा पाक्ने रोग फैलिएको छ । त्यसबाहेकमा जिल्लामा पनि संक्रमण सुरु भएको छ । लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान, रण अम्बिका आँखा अस्पताल भैरहवाका सूचना अधिकारी प्रतीक पाण्डेका अनुसार पछिल्लो एक सातादेखि आँखा पाक्ने रोगका बिरामी ह्वात्तै बढेका हुन् । त्यसअघि तीन-चार जना आउने गरेकामा अहिले दुई सय ५० देखि तीन सय बिरामी दैनिक आउने गरेका छन् । अस्पतालले आँखा पाक्ने समस्याका बिरामीका लागि छुट्टै क्लिनिक सञ्चालन गरेको छ भने मर्चवारी, तिलोत्तमा, सिनपालगायतका पालिकामा टोली खटाएर आँखा जाँच गरिरहेको छ ।

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. २०१२ पुस ९ गते

स्वर्गारोहण: वि.सं. २०८० साउन ११ गते

स्व. प्रकाश रत्न हाडा

हाम्रा सहकर्मी प्रिजा हाडाका पूजनीय पिता **श्री प्रकाश रत्न हाडा**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

सानिमा बैंक www.sanimabank.com

पो.ब.नं: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोन: +९७७-१-५९७००३३ फ्याक्स: +९७७-१-४४२८९६९ ईमेल: sanima@sanimabank.com

मणिपुर बचत तथा ऋण सहकारी संस्था लि. को पन्ध्रौं (१५औं) वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८० श्रावण १९ गते शुक्रबार सम्पन्न सञ्चालक समिति बैठकको निर्णयानुसार संस्थाको पन्ध्रौं (१५औं) वार्षिक साधारण सभा देहायका विषयहरु उपर छलफल गर्नका लागी निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितीका लागी हार्दिक अनुरोध गर्दछु ।

छलफलका बिषयहरु :

१ आ.व. २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२ आ.व. २०७९/०८० को लेखा समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३ आ.व. २०७९/०८० को लेखा परिक्षकको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
४ आ.व. २०८०/०८१ को लागी लेखापरिक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
५ संस्था एकिकरण (मर्जर) गर्ने सम्बन्धमा ।
६ रिक्त रहेको सञ्चालक समिति, लेखा समिती र कर्जा उप-समितीका पदमा बाँकी अवधीको लागि पदाधिकारी तथा सदस्यहरु चयन गर्ने सम्बन्धमा ।
७ मुनाफा वितरण गर्ने सम्बन्धमा ।
८ संस्थाको सञ्चालक समिति तथा अन्य उप-समितिबाट भए गरेका निर्णयहरुको अनुमोदन गर्ने सम्बन्धमा ।
९ साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न सदस्यहरुको मनोनयन गर्ने सम्बन्धमा ।
१० विविध ।

सभा हुने मिति, स्थान र समय :

मिति : २०८० साल भाद्र ०९ गते शनिवार
स्थान : मानसरोवर पार्टी प्यालेस, पुरानोबानेश्वर काठमाण्डौ
समय : दिनको ठिक १:०० बजे

सञ्चालक समितिको तर्फबाट
सचिव
काठमाडौ-०९, बत्तिसपुतली फोन ०१-४५७४५२३, ५९०१५२४

इन्द्रधनुष बचत तथा ऋण सहकारी संस्था लिमिटेड
कपन-३, काठमाडौं, फोन नं. : ०१-४८१०६५०

भाखा नाघेका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने बारेको अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०८०/०४/२३

यस इन्द्रधनुष बचत तथा ऋण सहकारी संस्था लि.बाट तपाई ऋणीहरुले कर्जा तोकिएको म्याद भित्र भुक्तानी नगरेको र पटक-पटक मौखिक तथा लिखित रुपमा भुक्तानी गर्न अनुरोध गर्दा पनि कर्जा भुक्तानी नगरी, कर्जा प्रवाह गर्दा यस संस्थासँग गरेको शर्त कबुलियतको उलंघन गरेकोले कर्जाको भाखा नाघेको साँवा, व्याज रकम अविलम्ब भुक्तानी गर्नु हुन यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण सावाँ तथा व्याज रकम बुझाउनु अनुरोध गरिन्छ । उक्त अवधिभित्र पनि लिएको सावाँ, व्याज भुक्तानी नगरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ संस्थाको आन्तरिक विनियम तथा ऋण नीति र प्रचलित कानुन बमोजिम कर्जा सुरक्षण बापत धितोको रुपमा राखिएको चल अचल सम्पत्ति लिलाम बिक्री गर्ने तथा सो बाट असुल नभएमा जमानी दिनेको शेयर तथा बचत रकमबाट समेत असुल उपर गरी लिनेछ । यस पश्चात असुल नभएमा ऋणी तथा जमानीकताको नामसमेत कालो सूचिमा समावेस गर्न सम्बन्धित निकायमा सिफारिस गरी पठाइने व्यहोरा सम्बन्धित सबैलाई यो सूचना मार्फत जानकारी गराईन्छ ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म बि.सं. २०५१/०९/०१

स्वर्गारोहण बि.सं. २०८०/०४/११

स्व. सिता श्रेष्ठ

यस बैंकका कर्मठ कर्मचारी स्व. सिता श्रेष्ठको असामयिक निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवङ्गतको आत्माको चिरशान्तिको कामना गर्दै सम्पूर्ण NIMB परिवारको तर्फबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरून भनी प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.



सिराहामा एक सातादेखि बढ्यो आँखाको संक्रमण

सिराहामा पछिल्लो एक सातादेखि आँखा पाक्ने रोगको संक्रमण बढेको छ । मिर्चैया अस्पतालमा आँखा उपचार केन्द्रका प्रमुख रहेका डा. ललन राय (दृष्टि विशेषज्ञ)ले अहिले हावाद्वारा एक-अर्कामा सर्ने गरी आँखा पाक्ने रोगको संक्रमण बढेको बताए । आँखा उपचार केन्द्र मिर्चैयामा दैनिक ७० जनाभन्दा बढी आँखा पाक्ने रोगको संक्रमित भएर उपचार गराउन आउने गरेको डा. रायले जनाए । सदरमुकाम सिराहामा रहेको आँखा उपचार केन्द्रमा दैनिक डेढ सय आँखा पाक्ने रोगबाट संक्रमित भएका उपचार गराउन आउने गरेका छन् । उपचार केन्द्रका प्रमुख डा. वीरेन्द्रकुमार यादवले गत सोमबारदेखि आँखा पाक्ने रोगबाट संक्रमित भएका उपचार गराउन आउने गरेको बताए ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

रैथाने बाली प्रवर्द्धन सम्बन्धमा सूचीकरण हुन आउने बारे सूचना

नेपालको भौगोलिकता अनुसार उत्पादन हुने परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने खाद्यवस्तु सिमी, कागुनो, चिनोको चामल, उँवा, फापर, जुम्ली मार्सी, कोदो, आलु, कफि जस्ता स्थानीय तहका किसानहरुले उत्पादन गरेका खाद्यवस्तुहरु खरिद र बजारीकरण गर्न स्थानीय तहसँग समझदारी/सम्झौता गरी खाद्यवस्तु खरिद तथा बिक्री भईरहेकोमा आगामी वर्षमा अझ प्रभावकारी बनाउदै नेपाल सरकारको आ.व.२०८०/०८१ को बजेटमा उल्लेखित' रैथानेमा गर्व गरौं' भन्ने नारालाई सार्थक तुल्याउन खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट नेपालको हिमाली, पहाडी र तराईमा उत्पादन हुने रैथाने खाद्यवस्तुहरु खरिद/ बिक्रीका लागि सम्बन्धित स्थानीय तहका उत्पादक किसान समूह र किसानहरुलाई यस कम्पनीको पायकका स्थानीय कार्यालयहरुमा सूचीकरण हुन आउन यो सूचना जारी गरिएको छ ।

खरिद विभाग
प्रधान कार्यालय
काठमाडौं फोन : ०१४२६०८४४

मंगलबार २३ साउन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.ले.ह.नि.इ.न. १७/०६९/०७०

चौतारा रंगशालाको निर्माणकार्य तीन वर्षमा ३५ प्रतिशत मात्रै



रंगशाला निर्माणका लागि सुनकोसी-गिरी ज्वाइन्ट भेन्चरले २० करोड ९२ लाख २६ हजार नौ सय दुई रुपैयाँको ठेक्का तीन वर्षमा सक्नुपर्ने सम्झौता, तर, ३५ प्रतिशत मात्रै निर्माण



रामकृष्ण थापा/नयाँ पत्रिका

चौतारा रंगशालाको निर्माण तीन वर्षभित्र पूरा हुनुपर्ने हो । तीन वर्षमा रंगशालाको निर्माणकार्य केवल ३५ प्रतिबत मात्र सम्पन्न भएको छ । बागमती प्रदेश सामाजिक विकास मन्त्रालयअन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाको भैंसेपाटीस्थित सार्वजनिक निर्माण कार्यान्वयन इकाइ र सुनकोसी गिरी ज्याइन्ट भेन्चर निर्माण कम्पनीबीच २३ असार ०७७ मा रंगशाला बनाउने ठेक्का सम्झौता भएको थियो ।

निर्माण कम्पनीले २० करोड ९२ लाख २६ हजार नौ सय दुई रुपैयाँमा ठेक्का लिएको चौतारा रंगशालाको निर्माण तोकिएको समय गुज्रिसक्दा ३५ प्रतिशत मात्रै सम्पन्न भएको जनाएको छ । यद्यपि, अहिले जति निर्माण भएको छ, त्यो मापदण्डअनुसार छैन । रंगशालाको डिजाइन अहिलेसम्म पाँचपटकसम्म फेरिएको छ । प्रदेश सरकारबाट रंगशाला निर्माणका लागि ३५ करोड विनियोजन भएको थियो । सार्वजनिक निर्माण कार्यान्वयन इकाइले न्यूनतम मूल्यमा ठेक्का सम्झौता गरेको हो ।

बागमती प्रदेशका भौतिक पूर्वाधारमन्त्री युवराज दुलाल सामाजिक विकासमन्त्री हुँदा रंगशाला निर्माण योजना सम्झौता भएको हो । ठेकेदारले समयमा काम पूरा गर्न नसकेपछि प्रदेश सरकारले एक वर्षभित्र निर्माण सम्पन्न गरिसक्न निर्देशन दिएको छ । तर, थप एक वर्षभित्र पनि चौतारा रंगशालाले पूर्ण आकार लिनेछैन ।

रंगशालाको उत्तर-पश्चिमतिर अहिलेसम्म जग राख्ने काम भएको छैन । 'एक वर्षभित्र निर्माण सक्न ठेकेदार कुमार गिरीलाई हामीले निर्देशन दिएका छौं,' मन्त्री दुलाललले भने । सरकारले पछिल्लोपटक दिएको समयमा काम पूरा नभए ठेकेदार कम्पनीलाई कारबाही गरिने उनले चेतावनी दिए । ठेकेदार गिरीसँग सम्पर्क गर्न खोज्दा आएनन् । वेलावेलामा नक्सा र डिजाइन परिवर्तन गर्ने, सम्पन्न भएको कामको भुक्तानी समयमा नदिने र निर्माण सामग्रीको मूल्यवृद्धि भएकोले कम्पनी समस्यामा परेको फिल्डमा रहेका प्रतिनिधि शिव घलेले बताए ।

निर्माण सामग्री अव्यवस्थित

रंगशाला निर्माणकार्यमा प्रयोग भइरहेका सामग्री अव्यवस्थित रूपमा छरिएका छन् । मैदानभित्र र बाहिर खिया लागेको फलामे रडको थुप्रो र हिलाम्मे जमिन देख्न सकिन्छ । खेलकुद र स्थानीयको जमघटका लागि प्रयोग हुँदै आएको टुँडिखेल तीन वर्षयता निर्माणजन्य ढुक्राटाक्री सामग्रीले भरिएको छ । बिहान-बेलुका फुटबल र भलिबल खेल्न आउने स्थानीय खेलाडी टुँडिखेलको अवस्था देखेर दुःखी छन् ।

निर्माण क्षेत्र वरपरका सामग्री हेर्दा रंगशाला कमजोर देखिन्छ । दुईवटा रंगशालाका छानो नभएकाले लेउ लागेर भत्कन थालेका छन् । त्यसमा लगाइएको रङ खुइलिएको छ । वाल फुटेको छ । तीन वर्षअघि ल्याएर हिलाम्मे चउरमा राखिएका फलामका रड खियाले मक्किएर रातामे भएका छन् । यस्ता निर्माण सामग्री प्रयोग गरेर बनेको रंगशाला कमजोर हुने स्थानीय बताउँछन् ।

मच्छिन्द्र भुटानको पारोसँग खेल्दै

एएफसी कपको प्रारम्भिक चरण छनोटमा 'ए' डिभिजन लिगको उपविजेता मच्छिन्द्र भुटानको लिग च्याम्पियन पारोविरुद्ध प्रतिस्पर्धा गर्दै

नयाँ पत्रिका

सहिद स्मारक 'ए' डिभिजन लिग उपविजेता मच्छिन्द्र फुटबल क्लबले मंगलबार भुटान प्रिमियर लिग च्याम्पियन पारो एफसीविरुद्ध दशरथ रंगशालामा एएफसी कपको प्रारम्भिक छनोटमा प्रतिस्पर्धा गर्दै छ । गत सिजनको 'ए' डिभिजन लिगको च्याम्पियन चर्च ब्वाइज हो । एएफसीको 'ए' लाइसेन्स चर्च ब्वाइजले छनोट चरण खेल्न अवसर नपाएको हो । उपविजेता मच्छिन्द्रसँग लाइसेन्स रहेका कारण भाग्यमानी क्लबका रूपमा दोस्रोपटक प्रारम्भिक छनोट खेल्न अवसर पायो । गत वर्ष पनि मच्छिन्द्रले प्रतियोगिता खेलेको थियो । दोस्रोपटक मौका पाएको मच्छिन्द्रले दोस्रो चरण खेल्ने योजना बनाएको छ ।

पहिलो चरण पार गर्ने क्लबले भारतको बलियो मोहन बगानसँग प्रतिस्पर्धा गर्नेछ । छनोट खेलअगाडि आयोजना भएको पत्रकार सम्मेलनमा दुवै क्लबका कप्तान र प्रशिक्षकले जितको दाबी गरेका छन् । उनीहरूले एक-आपसमा कमजोर रूपमा नलिने जनाएका छन् । मच्छिन्द्रका प्रशिक्षक किशोर केसीले आवश्यकताअनुसार खेलाडी अनुबन्ध गरेकाले क्लबको तयारी राम्रो भएको बताएका छन् ।

'हामीले आवश्यकताअनुसार छनोट खेलकै लागि आठ खेलाडी अनुबन्ध गर्‍यौं, दुई साताको प्रशिक्षणमा राम्रो भएको छ,' खेलाडीको क्षमता र प्रशिक्षणबारे उनले भने, 'हाम्रो लक्ष्य नै जित निकाल्ने हो ।' उनकै प्रशिक्षणमा मच्छिन्द्र लिगमा दोस्रो भएको थियो । मच्छिन्द्रका कप्तान तथा गोलरक्षक विशाल श्रेष्ठले पछिल्लो कमजोरी नियाल्दै प्रशिक्षण भएको बताए । 'केही खेलाडी अनुबन्ध गरेपछि हाम्रो तयारी राम्रो भएको छ, दोस्रो चरणमा पुग्ने लक्ष्य छ,' उनले भने ।

मोहन बगान, मच्छिन्द्र र पारोबीचको विजेताले प्लेअफमा स्थान बनाउनेछ । प्लेअफ विजेताले बंगलादेशको ढाका अबहानी र माल्दिभ्सको क्लब इगल्सबीचको विजेतासँग २२ अगस्टमा खेल्नेछ । त्यसको विजेता साउथ जोनबाट एएफसी कपको समूह चरणमा प्रवेश गर्नेछ ।

नयाँ खेलाडीबाट आशा

मच्छिन्द्रले 'ए' डिभिजन लिग खेलेकासँगै थप आठ खेलाडीलाई समावेश गरेको छ । लिग च्याम्पियन बनाएको चर्च ब्वाइजबाट खेलेका आशिष चौधरी र एरिक विष्टलाई मच्छिन्द्रले अनुबन्ध गरेको छ ।

यसैगरी, खुमलटार एफसीबाट खेलेका कप्तान रेजिन सुब्बा, रोहित सुब्बा र विदेशी खेलाडी मेसुके ओलोमोउ अनुबन्ध गरेको छ । संकटाका आयुष घलान, थ्री स्टारका लाकेन लिम्बू र एपिएफका सनिस श्रेष्ठले पनि प्रारम्भिक छनोट चरणमा मच्छिन्द्रबाट खेल्नेछन् । आशिष, आयुष, एरिक, लाकेन र सनिस राष्ट्रिय टोलीका सदस्य हुन् । प्रशिक्षक केसीले हामीले आवश्यकताअनुसार छनोट खेलकै लागि आठ खेलाडी अनुबन्ध गर्‍यौं, दुई साताको प्रशिक्षणमा राम्रो भएको छ, लक्ष्य नै जित निकाल्ने हो



किशोर केसी
प्रशिक्षक, मच्छिन्द्र क्लब



पुष्पलाल शर्मा
प्रशिक्षक, पारो एफसी

लिगका तीन खेल खेलेर आएका छौं, पूर्ण तयारीका साथ आएका छौं, हामीलाई थाहा छ मच्छिन्द्र राम्रो टोली रहेको र सम्मान गर्दै खेल्ने छौं

अनुबन्धित खेलाडीबाट छनोट चरणमा आशा गरेको बताए ।

'हामीले उनीहरूबाट धेरै आशा गरेका छौं,' उनले भने, 'प्रशिक्षणमा सबैले राम्रो गरेका छन् ।' लिग खेलेका खेलाडीमा कप्तान विशालसँगै अभिषेक गुरुङ, आफिज ओलावाले ओलादिपो, आन्द्रेस निया, विजय भुजेल, विमल घर्तीमगर, देभेन्द्र तामाङ, दिवाकर चौधरी, करिम नुरैन, सौरभ लिम्बू, छिरिङ गुरुङ, उत्सव राई, प्रदीप भण्डारी र सुरज विक टोलीमा छन् । यता, लिग खेलेका पुजन उपरकोटी, प्रशान्त अवस्थी, रन्जित धिमाल, सुजल श्रेष्ठ, निसेन सुब्बा, आशिष श्रेष्ठ, सागर थापा र नवीन सिलवाल तथा विदेशी खेलाडी युता सुजुकी र चेन्चो ग्लेत्सेनले टोलीमा स्थान बनाउन सकेनन् ।

पारोले कडा चुनौती दिने

पारो एफसीका प्रशिक्षक पुष्पलाल शर्माले लिगका तीन खेल खेलेको र राम्रो तयारी भएको बताएका छन् । 'हामीले लिगका तीन खेल खेलेर आएका छौं, हामी पूर्ण तयारीका साथ आएका छौं,' शर्माले भने । मच्छिन्द्र राम्रो टोली रहेको र सम्मान गर्दै खेल्ने उनको भनाइ छ । 'हामीलाई थाहा छ, मच्छिन्द्र राम्रो टोली हो । विपक्षीको सम्मान गर्दै दोस्रो चरणको लक्ष्य राखेका छौं,' उनले भने ।

पारोका कप्तान किनले वाङचुकले नेपालको वातावरणमा खेलाडीलाई याद भएको र राम्रो प्रदर्शन गर्ने बताएका छन् । 'यहाँको वातावरण र मैदानको बारेमा खेलाडीलाई राम्रो ज्ञान छ, यसको फाइदा लिन सक्छौं,' किनलेले भने, 'अहिले मच्छिन्द्रसँगको खेलमा केन्द्रित छौं, त्यसपछि मात्रै अर्को चरणको बारेमा सोच्छौं ।'

खेल संक्षेप

अरहन्त अन्तिम आठमा

काठमाडौं/ उपाधि दाबेदार अरहन्तकेशर सिम्हा सोमबार पाँचौं धनलक्ष्मी स्मृति राष्ट्रिय स्क्वास प्रतियोगिताको पुरुष एकलको क्वार्टरफाइनलमा पुगेका छन् । उनले सोमबार प्रिक्वार्टरफाइनलमा राजकुमार श्रेष्ठलाई ३-० को सेटमा हराएका हुन् । अमिर ब्लोनले विनायक श्रेष्ठलाई ३-० को सहज सेटमा पाखा लगाउँदै क्वार्टरफाइनल स्थान पक्का गरेका छन् । उमित शाक्यले रत्नकाजी शाक्यमाथि सहज सेटमा निराश पारे । दीपक थापाले प्रयाज्ञ जोशीलाई सोभ्नो सेटमा पराजित गरेका छन् ।

कर्मचारी संघको ज्ञापनपत्र

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद् कर्मचारी संघले लामो समयदेखि रोकिएको कर्मचारीको बढुवाका सम्बन्धमा युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप)लाई मंगलबार ज्ञापनपत्र बुझाएको छ । कर्मचारी संघले युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बू, खेलकुद मन्त्रालयका सचिव रविलाल पन्थ र राखेपका सदस्यसचिव टंकलाल घिसिङलाई ज्ञापनपत्र बुझाएको हो । कर्मचारी संघका महासचिव कुमार बस्नेतले लामो समयदेखि रोकिएको कर्मचारीको बढुवा प्रक्रिया यथाशीघ्र सम्पन्न गर्नुपर्ने माग राखेका छन् । मन्त्री लिम्बू, सचिव पन्थ र सदस्यसचिव घिसिङले बढुवा प्रक्रियामा रहेका बाधा अड्चन फुकुवा गरी प्रक्रिया अगाडि बढाउन सकारात्मक रहेको बताए ।

केएमसीमा बास्केटबल हुने

काठमाडौं/ केएमसी स्कुलको आयोजनामा तेस्रो केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिता १५ भदौमा हुने भएको छ । प्रतियोगितामा तीन विधामा ३२ टोलीको सहभागिता रहने केएमसीका इसिए इन्चार्ज सिद्धान्त राईले जानकारी दिएका छन् । सिनियर पुरुषमा १६ टोलीको सहभागिता रहनेछ । यसैगरी, जुनियर पुरुष र सिनियर महिलामा समान आठ टोली रहने राईले बताए । प्रतियोगिता लिगकम नकआउट आधारमा हुनेछ । खेलहरू शंखमूलस्थित आयोजक केएमसीको आफ्नै कोर्टमा खेलाइनेछ ।

दीपेन्द्र पहिलो सहभागितामै च्याम्पियन



काठमाडौं/ क्यानडामा चलेको ग्लोबल टी-२० फ्रेन्चाइज लिगमा नेपालबाट पूर्वकप्तान सन्दीप लामिछाने र दीपेन्द्रसिंह ऐरीले सहभागिता जनाए । संयोगले दुवै खेलाडी सहभागी भएको टोलीबीच नै उपाधि भिडन्त भयो । तर, दीपेन्द्र आबद्ध मोन्ट्रियल टाइगर्सले च्याम्पियनसिप हात पार्‍यो । फाइनल भिडन्तमा टाइगर्सले सन्दीप सम्मिलित सर्रे जगुअर्सलाई पाँच विकेटले हरायो । टाइगर्सले अन्तिम बलमा बाजी मारेको हो । पहिलो ब्याटिङ गरेको जगुअर्सले २० ओभरमा पाँच विकेट गुमाउँदै एक सय ३० रन जोडेको थियो । प्रत्युत्तरमा टाइगर्सले २० ओभरमा पाँचै विकेट गुमाएर रोमाञ्चक जित निकाल्यो ।

दुई नेपाली खेलाडीको प्रभाव

दीपेन्द्र आफ्नो पहिलो सहभागितामै प्रभाव छाड्न सफल भएका छन् । टाइगर्सबाट ६ खेल खेलेका उनी टोलीकै सर्वाधिक रन बनाउने सूचीको तेस्रो स्थानमा रहे । उनले एक सय ४० रन जोड्न एक सय ४३ बलको सामना गरेका थिए । लिगमा उनले स्ट्राइक रेट १०२.१४ को स्ट्राइकमा १२ चौका प्रहार गरेका थिए । उनले लिगमा दुई विकेट पनि हात पारे । लेग स्पिनर सन्दीपले पनि प्रतियोगितामा उत्कृष्ट बलिङ गरे । उनले आठ खेलमा ११ विकेट हात पारे । यसपटकको टी-२० लिगमा उनी समग्रमा चौथो सर्वाधिक विकेट लिने बलर बनेका छन् । उनले आठ खेलमा ११ विकेट हात पारे ।

अन्तिम बलमा विजयी छक्का

जगुअर्सका लागि ओमानका खेलाडी जतिन्दर सिंहले ५७ बलमा सर्वाधिक ५६ रन जोडेका थिए । टाइगर्सका लागि युएईका बलर आयन अफजल खानले दुई विकेट लिए । फाइनल खेलमा दीपेन्द्रले बलिङको अवसर नै पाएनन् । लक्ष्य पछ्याउँदा टाइगर्सका लागि दीपेन्द्रले सेफरेनसँग पाँचौं विकेटका लागि ४५ रनको महत्त्वपूर्ण साझेदारी गरेका थिए । यी दुई खेलाडीबीच गतिलो साझेदारी भइरहँदा टाइगर्सले रनरेट उकास्न दीपेन्द्रको स्थानमा वेस्ट इन्डिजका एन्ड्रे रसेललाई पठाएको थियो । दीपेन्द्र १६ रनमा रिटायर्ड आउट भएका थिए ।

उनी क्रिजबाट बाहिरिँदा टाइगर्सलाई अन्तिम दुई ओभरमा २५ रन चाहिएको थियो । टाइगर्सले दीपेन्द्रलाई फिर्ता बेलाउने निर्णय सही देखियो । खेलपछि रसेलले दीपेन्द्रसँग माफी मागेका छन् । अन्तिम ओभरमा टाइगर्सलाई १२ रन आवश्यक थियो । स्ट्राइकमा रदरफोर्डले पहिलो दुई बलमा सात रन जोडेका थिए । रसेलले अन्तिम बलमा छक्का प्रहार गर्दै जित दिलाए ।

इंग्ल्यान्ड र अस्ट्रेलिया विश्वकपको क्वार्टरफाइनलमा

सिड्नी/ इंग्ल्यान्ड र आयोजक अस्ट्रेलिया फिफा महिला विश्वकप २०२३ को क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । अस्ट्रेलियाको ब्रिसबेनमा सोमबार इंग्ल्यान्डले नाइजेरियालाई टाइब्रेकरमा ४-२ ले हराउँदै अन्तिम आठको स्थान पक्का गरेको हो । निर्धारित समय र अतिरिक्त समयमा इंग्ल्यान्ड र नाइजेरियाले गोलरहित बराबरी खेलेका थिए । त्यसपछि खेलको छिनोफानो टाइब्रेकरबाट भएको हो ।

इंग्ल्यान्डकी स्टनवेको पहिलो प्रहार आउट भएको थियो । त्यसपछि इंग्ल्यान्डका चार खेलाडी पेनाल्टीमा सफल भए । नाइजेरियाका लागि पहिलो पेनाल्टी हानेकी डिजायरको प्रहार आउट भएको थियो । दोस्रो पेनाल्टी हानेकी नाइजेरियाकी एलेजीले असफल प्रहार गर्दा इंग्ल्यान्डलाई फाइदा भयो । नाइजेरियाले पछिल्ला दुई पेनाल्टी सदुपयोग गरे पनि जितका लागि पर्याप्त हुन सकेन । खेलको ८७औं मिनेटमा इंग्ल्यान्ड १० खेलाडीम सीमित भएको थियो । नाइजेरियाकी एलेजीमाथि फल गरेपछि लाउरेन जेम्सलाई रातो कार्ड देखाइएको थियो ।



उनलाई रातो कार्ड दिनुअघि भारमार्फत निर्णय गरिएको थियो । इंग्ल्यान्डले अन्तिम आठमा कोलम्बिया वा जमैकासँग प्रतिस्पर्धा गर्नेछ । अर्को खेलमा घरेलु टोली अस्ट्रेलियाले डेनमार्कलाई २-० ले हरायो ।

घरेलु टोलीका कैटलिन फुर्ड र हेली रासोले गोल गरेका थिए । फुर्डले खेलको २९औं मिनेटमा अस्ट्रेलियालाई १-० को अग्रता दिलाइन् । खेलको ७०औं मिनेटमा रासोले २-० का लागि गोल गरिन् । अस्ट्रेलिया २४ वर्षपछि विश्वकप जित्ने पहिलो अयोजक राष्ट्र बन्ने प्रयासमा छ ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com